# स्थानीय तहमा मानव अधिकारमुखी पद्धति

स्रोत पुस्तक




**राष्ट्रिय मानव अधिकार आयोग**
हरिहर भवन, पुल्चोक, ललितपुर

# स्थानीय तहमा मानव अधिकारमुखी पद्धति

स्रोत पुस्तक

**आयोगका पदाधिकारीहरू**

**अध्यक्ष**
मा. तपबहादुर मगर

**सदस्य**
मा. मिहिर ठाकुर
मा. मनोज दुवाडी
मा. डा. लिली थापा

**सचिव**
श्री मुरारिप्रसाद खरेल

**लेखन**
डा. कुन्दन अर्याल
मधु दवाडी
तारक धिताल

**संयोजन तथा सम्पादन**
अनिशकुमार पौडेल

**पुनरावलोकन  तथा सम्पादन**
सम्झना शर्मा
कैलाशकुमार सिवाकोटी
कपिल अर्याल

**प्रकाशक**
राष्ट्रिय मानव अधिकार आयोग
पुल्चोक, ललितपुर, नेपाल।

**संस्करण**
प्रथमः १००० प्रति, माघ २०८२
प्रकाशन नंः ३१८ (केन्द्रीय कार्यालय)

**सर्वाधिकार**
@राष्ट्रिय मानव अधिकार आयोग
आयोगको पूर्व स्वीकृतिविना यस पुस्तकलाई बौद्धिक वा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन्। बौद्धिक वा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाइ आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिनेछ।

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

नेपाल संघीय गणतन्त्रात्मक मुलुक भएको पनि एक दशक भई सकेको छ । नेपालको वर्तमान संविधानको धारा ५६ बमोजिम नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तहको हुने व्यवस्था रहेको छ । संविधानतः जनताको तहसम्म पुगेर कार्य गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ । मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने दायित्व संविधानले स्थानीय तहलाई समेत प्रदान गरेको छ । स्थानीय शासन लोकतान्त्रिक अभ्यासको सबैभन्दा नजिकको संरचना हो, जहाँ नागरिकको दैनिक जीवन, अधिकार र कर्तव्य प्रत्यक्षरूपमा जोडिन्छन् । संविधानले सुनिश्चित गरेका आधारभूत हकहरूलाई व्यवहारमा उतार्ने प्रमुख जिम्मेवारी पनि स्थानीय तहकै हातमा निहित छ । नागरिकसँग प्रत्यक्ष सम्वाद गर्न सक्ने, उनीहरूको आवश्यकता बुझ्न सक्ने र तत्काल कार्यान्वयन गर्न सक्षम भएकै कारण स्थानीय तह मानव अधिकार संरक्षण र प्रवर्द्धनको मूल आधारस्तम्भ मानिन्छ ।

राष्ट्रिय मानव अधिकार आयोग आफ्नो कार्यादेश अनुसार मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने कार्यमा क्रियाशिल रहँदै आएको छ । यसै सन्दर्भमा आयोगले स्थानीय तहका लागि **"स्थानीय तहमा मानव अधिकारमुखी पद्धति स्रोत पुस्तक"** तयार गरेको छ । यस पुस्तकमा मानव अधिकारका सिद्धान्त, संवैधानिक प्रावधान, स्थानीय तहका अधिकार–कर्तव्य, समावेशी सेवा प्रदान, उत्तरदायित्व प्रणाली, साथै व्यवहारिक अभ्यासमा ध्यान दिनुपर्ने महत्वपूर्ण पक्षहरूलाई प्रस्तुत गरिएको छ जसले नीति निर्माण, विकास निर्माण देखि सेवा प्रवाहसम्मका प्रक्रियामा मानव अधिकारलाई मुख्य आधार बनाउने वातावरण सिर्जना गर्दछ । यस स्रोत सामग्रीले स्थानीय तहमा सुशासन, पारदर्शिता, जवाफदेहिता, समावेशीकरण तथा समान सेवा प्रवाहका आधारहरूलाई मजबुत बनाउँदै मानव अधिकारमैत्री प्रशासन सञ्चालन गर्न सहयोग पुऱ्याउने अपेक्षा गरेको छु । साथै कमजोर, सीमान्तकृत तथा जोखिममा रहेका समुदायहरूका हक हित संरक्षणमा स्थानीय तहको कार्यक्षमता वृद्धि गर्न यो पुस्तक महत्वपूर्ण साधनका रूपमा रहनेछ भन्ने आशा व्यक्त गर्न चाहन्छु ।

यो पुस्तक स्थानीय तहका जनप्रतिनिधि, सरकारी कर्मचारी तथा सरोकारवाला संस्थाहरूका लागि मानव अधिकारसम्बन्धी अवधारणा, कानुनी व्यवस्थाहरू, नीतिगत दायित्वहरू तथा व्यवहारिक अनुपालनका आधारहरू स्पष्ट रुपमा उपलब्ध गराउने मूल्यवान सन्दर्भ सामग्रीका रूपमा रहनेछ भन्ने विश्वास लिएको छु । यो पुस्तक सङ्घीय तथा प्रादेशिक मन्त्रालयहरु र सङ्घीय तथा प्रादेशिक कार्यालयहरुका लागि पनि उत्तिकै उपयोगि हुनेछ । प्रस्तुत पुस्तकले संविधान, विद्यमान कानुन, राष्ट्रिय नीतिहरू र अन्तर्राष्ट्रिय मानव अधिकार प्रत्याभूतिहरूलाई स्थानीय तहको जिम्मेवारीसँग व्यवस्थित रूपमा जोड्दै स्थानीय शासनमा मानव अधिकारमुखी दृष्टिकोण संस्थागत गर्न मार्गनिर्देश प्रदान गर्नेछ ।

यस सामाग्री तयार गर्ने क्रममा संलग्न आयोगका तत्कालीन सदस्य डा. सूर्य ढुङ्गेल, सम्पूर्ण विज्ञहरुः डा. कुन्दन अर्याल, तारक धिताल, मधु दुवाडी र कपिल अर्याल, अन्य सरोकारवालाहरु, प्राविधिक सहायता प्रदान गर्ने The Asia Foundation र अन्य सहयोगी संस्थाहरूप्रति कृतज्ञता व्यक्त गर्दछु । प्रस्तुत पुस्तक स्थानीय तहमा मानव अधिकार कार्यान्वयनका लागि प्रभावकारी मार्गदर्शनका रूपमा स्थापित भई व्यावहारिक उपयोगमा आउन सकोस, यही शुभकामना व्यक्त गर्दछु ।

तप बहादुर मगर
अध्यक्ष

२०८२ माघ १९

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक तथा मानव अधिकारहरूको संरक्षण, सम्मान र प्रवर्द्धन राज्यका सबै तह र संरचनाका साझा दायित्व हुन् । संघीय व्यवस्थाअनुसार स्थानीय तह नागरिकको सर्वाधिक नजिकको सरकारको रूपमा स्थापित भएकाले मानव अधिकार कार्यान्वयनको अग्रपंक्तिमा रहने जिम्मेवारी उसैको हुन्छ ।

यसै सन्दर्भमा आयोगले मानव अधिकार प्रवर्द्धनार्थ स्थानीय तहका लागि **"स्थानीय तहमा मानव अधिकारमुखी पद्धति स्रोत पुस्तक"** तयार गरेको छ । यो पुस्तक तयारीको क्रममा विभिन्न स्थानीय तह, स्थानीय तहका तालुक सरकारी निकायहरु, अन्य स्थानीय तहसँग सम्बन्धित सरकारी निकायहरु, विज्ञ समूहका साथै अन्य सरोकारवालाहरुसँगको छलफल गरी पृष्ठपोषणलाई समेत समावेश गरिएको छ । यस पुस्तकमा विशेषगरी स्थानीय तहबाट प्रवाह गरिने सेवा, विकास निर्माणका कार्यहरु र नीति योजना तथा बजेट तर्जुमामा मानव अधिकारमुखी पद्धतिको अवलन्बन के कसरी गर्न सकिन्छ भन्ने विषयहरुलाई व्यवहारिक र सरल भाषामा प्रस्तुत गरिएको छ । स्थानीय तहले गर्ने हरेक कार्यमा सहभागिता (Participation), जवाफदेहीता (Accountability), अविभेद (Non-Discrimination), पारदर्शिता (Transparency), मानव मर्यादा (Human Dignity), सशक्तिकरण (Empowerment), र कानुनको शासन (Rule of Law-Linkage with International Human Rights Standard) लाई अवलम्बन गर्ने विषयमा जोड दिइएको छ । स्थानीय तहलाई प्राप्त अधिकारहरुको प्रयोग गर्दा मानव अधिकारका सिद्धान्तको अवलम्बन गरेमा मात्र आम नागरिकहरुको मर्यादित भएर जीवन यापन गर्ने हक सुनिश्चित हुन्छ ।

अतः यस पुस्तकले स्थानीय तहलाई सेवा प्रवाह, विकास निर्माणका कार्यहरु र श्रोतको व्यवस्थापनमा मानव अधिकारमुखी पद्धतिको अभ्यासमा सहयोग पुर्‍याउने छ । स्थानीय तहका कार्यक्रम, योजना तथा निर्णय प्रक्रियामा मानव अधिकारलाई मुख्यधारमा ल्याउन, असुरक्षित र सीमान्तकृत समुदायलाई सशक्त बनाउन, र उत्तरदायी तथा पारदर्शी शासन स्थापना गर्न यो पुस्तकले महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा राखेको छु । संघीय संरचनामा मानव अधिकारसम्बन्धी दायित्वलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न यसले मार्गदर्शन र प्रेरणा प्रदान गर्नेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

अन्त्यमा, यस पुस्तकको मस्यौदा तयार पार्ने डा.कुन्दन अर्याल, मधु दुवाडी र तारक धिताललाई विशेष धन्यवाद दिन चाहन्छु । यस स्रोत सामाग्री तयार पार्न योगदान गर्ने आयोगका सहसचिवहरु, उपसचिवहरु साथै सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । साथै यस पुस्तकलाई अन्तिम रुप दिनको लागि योगदान गर्ने सहसचिव सम्झना शर्मा, उपसचिव अनिशकुमार पौडेल र मानव अधिकार अधिकृत कैलाशकुमार सिवाकोटी लाई विशेष धन्यवाद व्यक्त गर्दछु । यस स्रोत पुस्तक तयार पार्न योगदान पुर्‍याउने सम्पूर्ण विशेषज्ञ, सरोकारवाला, र नेपाल पुनर्स्थापकीय न्याय मञ्च तथा अन्य सहयोगी संस्थाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस पुस्तकलाई अन्तिम रुप दिन पुनरावलोकन गर्ने कपिल अर्याल समेत धन्यवादका पात्र हुनुहुन्छ । साथै यस पुस्तक तयारी तथा प्रकाशनमा सहयोग प्रदान गर्ने अष्ट्रेलियाली सरकार र The Asia Foundation को साझेदारीमा सञ्चालित स्थानीय सरकार सबलीकरण कार्यक्रमप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यो पुस्तक स्थानीय तहमार्फत मानव अधिकारमैत्री शासन निर्माण गर्ने यात्रामा सबैका लागि उपयोगी सन्दर्भ बनेर रहोस्, यही शुभकामना व्यक्त गर्दछु ।

मुरारिप्रसाद खरेल
सचिव

२०८२ माघ १९

फोन नं. ०१९७७-१-५०१००१५, फ्याक्स नं. ०१९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

## यस पुस्तकमा प्रयोग गरिएको मानव अधिकारसम्बन्धी केही शब्द र तिनको अर्थ

| | | |
|---|---|---|
| अन्तरसम्बन्धित | : | आपसमा सम्बन्धित |
| अन्तर्राष्ट्रिय समुदाय | : | दुई वा सो भन्दा बढी राष्ट्रहरूका समूह |
| अन्तर्राष्ट्रिय कानुन | : | अन्तर्राष्ट्रिय रूपमा देशहरूबीचको सम्बन्धलाई नियमित वा व्यवस्थित गर्ने कानुन |
| अन्तर्निहित | : | नैसर्गिक, प्राकृतिक, स्वाभाविक |
| अहरणीय | : | हरण गर्न वा खोस्न नसकिने |
| आर्थिक अधिकार | : | व्यक्तिको आयआर्जन तथा पेसा,व्यवसाय वा रोजगारीसम्बन्धी अधिकार |
| आत्मसम्मान | : | मर्यादा |
| कानुनी शासन | : | संविधान र कानुनबमोजिम मात्र देशको शासन चलाउने व्यवस्था |
| घोषणापत्र | : | संयुक्त राष्ट्रसङ्घले जारी गरेका प्रतिबद्धताहरू |
| जन्मसिद्ध अधिकार | : | मानिसले स्वतः प्राप्त गर्ने अधिकार |
| जनसाङ्ख्यिक | : | जनसङ्ख्याको आधारमा |
| जवाफदेहिता | : | जिम्मेवारी बहन गर्ने काम, उत्तरदायित्व |
| दस्तावेज | : | मानव अधिकारसँग सम्बन्धित कानुन वा अभिलेखहरू |
| नागरिक समाज | : | समाजलाई सकारात्मक रूपमा योगदान दिने तथासहयोग गर्ने समेत उद्देश्यले गठन भएको नागरिकहरूको समूह |
| नागरिक अधिकार | : | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले नागरिकहरूलाई प्रदान गरेका नागरिकता पाउने लगायतका अधिकारहरू |
| निर्दिष्ट | : | निर्देश गरिएको, बताइएको, तोकिएको |
| पारदर्शिता | : | स्वच्छता, स्पष्टता |
| भेदभाव वा विभेद | : | फरक वा छुट्याएर गरिने व्यवहार |
| मानव अधिकार कानुन | : | मानव अधिकारसम्बन्धी व्यवस्था भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू |
| मानव अधिकारमुखी | : | मानव अधिकारका सिद्धान्त, मूल्य–मान्यताहरूको अवलम्बन |
| मानव अधिकारमुखी विकास | : | मानव अधिकारका सिद्धान्त, मूल्य–मान्यताहरूलाई अवलम्बन गरी गरिने विकासको कार्य |
| मापदण्ड | : | मापन, नापजाँच, निर्धारण वा तुलना गर्ने आधार |
| यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक | : | स्त्री र पुरुष लिङ्गबाहेकका आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक तथा कानुनी रूपमा पछाडि परेका व्यक्ति |
| राजनीतिक अधिकार | : | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले नागरिकलाई प्रदान गरेका मतदान गर्ने, सरकारमा सहभागी हुने लगायतका राजनीतिसम्बन्धी अधिकारहरू |
| लोकतान्त्रिक समाज | : | प्रजातन्त्र, मानव अधिकार र कानुनी शासनलाई आत्मसात गर्ने समुदाय |
| विश्वव्यापी | : | विश्वभरि, संसारभरि |
| सन्धि/महासन्धि | : | दुई वा दुईभन्दा बढी देशहरूबीच भएको सम्झौता वा संयुक्त राष्ट्रसङ्घबाट पारित गरिएका सम्झौताहरू |
| संवर्धन | : | प्रवर्धन, प्रचारप्रसार |
| संयन्त्र | : | निकाय वा कानुन |
| स्वेच्छाचारिता | : | निरङ्कुशता, नियन्त्रणविनाको अवस्था |
| संयुक्त राष्ट्रसङ्घ | : | सन् १९४५ मा स्थापना भएको १९३ वटा देशहरूको अन्तर्राष्ट्रिय सङ्गठन |
| सांस्कृतिक अधिकार | : | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले व्यक्ति वा समूहहरूलाई प्रदान गरेका धर्म र परम्पराबमोजिम संस्कृति मान्न पाउने हकहरू |

# विषयसूची


**परिच्छेद एक**

**परिचय**

| | | |
|---|---|---|
| १.१ | स्रोत पुस्तकको परिचय | १३ |
| १.२ | स्रोत पुस्तकको उद्देश्य र प्रयोग | १४ |
| १.३ | पुस्तक तयारी पद्धति | १५ |
| १.४ | स्रोत पुस्तकको संरचना | १५ |
| १.५ | सीमा | १७ |

**परिच्छेद दुई**

**मानव अधिकारको अवधारणा**

| | | |
|---|---|---|
| २.१ | अधिकार र कर्तव्य | १९ |
| २.२ | अधिकार र कर्तव्यबीचको फरक | १९ |
| २.३ | मानव अधिकारको अवधारणा | २० |
| २.४ | मानव अधिकारका सिद्धान्त | २२ |
| २.५ | मानव अधिकारका आयामहरु | २४ |
| २.६ | मानव अधिकार उल्लङ्घन र अपराधबीचको फरक | २५ |
| २.७ | मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरू | २६ |
| २.८ | मानव अधिकारसम्बन्धी मुख्य महासन्धिका मूलभूत व्यवस्था र राज्यको दायित्व | २७ |
| २.९ | नेपालमा मानव अधिकारसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था | ३० |

**परिच्छेद तीन**

**मानव अधिकारमुखी पद्धतिको अवधारणा**

| | | |
|---|---|---|
| ३.१. | मानव अधिकारमुखी अवधारणा | ३३ |
| ३.२ | मानव अधिकारमुखी पद्धतिको विकास | ३३ |
| ३.३ | मानव अधिकारमुखी विकास पद्धति | ३४ |
| ३.४ | विकास र मानव अधिकार | ३५ |

**परिच्छेद चार**

**स्थानीय तहसम्बन्धी व्यवस्था र स्थानीय तहको काम, कर्तव्य र अधिकार**

| | | |
|---|---|---|
| ४.१ | नेपालको संविधानबमोजिम स्थानीय तहको काम, कर्तव्य र अधिकार | ३७ |
| ४.२ | स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहको काम, कर्तव्य र अधिकार | ३८ |
| ४.३ | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को मुख्य व्यवस्था | ४१ |
| ४.४ | मानव अधिकारमुखी अवधारणाको कार्यान्वयनमा स्थानीय तहको क्षेत्राधिकार | ४१ |

**परिच्छेद पाँच**

**स्थानीय तहमा मानव अधिकार र विकास**

| | | |
|---|---|---|
| ५.१ | स्थानीय तह र मानव अधिकारमैत्री विकास | ४४ |
| ५.१.१ | भेदभाव विहीनता | ४५ |
| ५.१.२ | जनसहभागिताको सुनिश्चितता | ४५ |
| ५.१.३ | जवाफदेहिता र पारदर्शिता | ४५ |
| ५.१.४ | सचेतना र सशक्तिकरण | ४६ |
| ५.१.५ | समावेशिता | ४६ |
| ५.१.६ | विकासको अधिकार सुनिश्चिततामा स्थानीय तह | ४६ |

## परिच्छेद छ

**सेवा प्रवाहमा मानव अधिकारमुखी पद्धति**


| | | |
|---|---|---|
| ६.१ | स्थानीय तहमा मानव अधिकारमुखी सेवा प्रवाह | ५० |
| ६.२ | मानव अधिकार उपभोगको सुनिश्चितता लागि स्थानीय तह | ५० |
| ६.३ | स्थानीय तहमा रहेका केही प्रमुख मानव अधिकारसम्बन्धी सवाल | ५१ |
| ६.४ | मानव अधिकारका विभिन्न सवालका सम्बन्धमा स्थानीय तहले गर्नुपर्ने कार्यहरू | ५२ |
| ६.५ | मानव अधिकार र सुशासन | ५७ |
| ६.६ | नागरिकप्रति जवाफदेहिताः विधि र प्रक्रिया | ५८ |
| ६.७ | स्थानीय सेवा प्रवाहमा मानव अधिकार | ५९ |
| ६.८ | स्थानीय तहमा नागरिक सहभागिता र जवाफदेहिताको संयन्त्र | ६० |
| ६.९ | सामाजिक न्याय र जवाफदेहिता | ६० |
| ६.१० | मानव अधिकार राष्ट्रिय कार्ययोजनालगायतका अन्य कार्ययोजना कार्यान्वयनमा स्थानीय तहको भूमिका | ६० |


## परिच्छेद सात

**सामूहिक तथा जोखिम समूहको अधिकार र स्थानीय तहको दायित्व**


| | | |
|---|---|---|
| ७.१. | लैङ्गिक समानता र महिला अधिकार | ६४ |
| ७.२. | बाल अधिकार | ६४ |
| ७.३. | अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण | ६६ |
| ७.४. | आदिवासी, दलित र अल्पसङ्ख्यक नागरिकको अधिकार | ६७ |
| ७.५ | आप्रवासी र शरणार्थीको अधिकार | ६७ |
| ७.६. | लैंङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अधिकार | ६७ |
| ७.७. | ज्येष्ठ नागरिकको अधिकार | ६८ |
| ७.८. | वातवरणीय ह्रासबाट बढ्दो जोखिमबाट सुरक्षा पाउने अधिकार | ६८ |


## परिच्छेद आठ

**स्थानीय तहमा मानव अधिकारमुखी विकासको अभ्यास**


| | | |
|---|---|---|
| ८.१ | स्थानीय तहमा मानव अधिकार संरक्षण र संवर्धनका लागि नीति तथा योजना निर्माण | ७० |
| ८.२ | मानव अधिकारमुखी बजेट निर्माण प्रक्रिया | ७१ |
| ८.३ | स्थानीय तहमा मानव अधिकार संरक्षण र संवर्धनका लागि अनुगमन, मूल्याङ्कन र प्रतिवेदन | ७२ |
| ८.४ | मानव अधिकार अनुगमनका सूचक | ७३ |
| ८.५ | मानव अधिकार संरक्षण र संवर्धनमा भएका उपलब्धि र चुनौतीको समीक्षा | ७३ |


## परिच्छेद नौ

**स्थानीय तहमा मानव अधिकार संरक्षण र संवर्धनका लागि समन्वय र सहकार्य**


| | | |
|---|---|---|
| ९.१ | सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य | ७५ |
| ९.२ | राष्ट्रिय मानव अधिकार आयोग र अन्य संवैधानिक आयोगहरूसँग समन्वय, सहकार्य | ७५ |
| ९.३ | नागरिक समाज, सङ्घसंस्था र मानव अधिकार रक्षकसँग साझेदारी र सहकार्य | ७६ |
| ९.४ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार संस्थाहरू सँग सहकार्य | ७६ |
| ९.५ | सुरक्षा निकायहरूसँग सहकार्य | ७७ |

## परिच्छेद दस

**मानव अधिकारमुखी विकास पद्धतिका केही प्रयास तथा घटना व्यवस्थापन**


१०.१ मानव अधिकारमुखी विकास पद्धतिका केही सफल उदाहरण ७९

१०.२ मानव अधिकार उल्लङ्घनका घटनाको व्यवस्थापन ८२


## परिच्छेद एघार

**स्थानीय तहमा बारम्बार सोधिने केही प्रश्न र उत्तरहरू**


११.१ नागरिकको मानव अधिकारसम्बन्धी माग धेरै हुन्छन्, स्थानीय तहमा स्रोतको कमी छ। यसलाई कसरी व्यवस्थापन गर्ने ? ८६

११.२ मानव अधिकारको जोखिम क्षेत्र र समूह कसरी पहिचान गर्ने ? ८६

११.३ स्थानीय तहमा मानव अधिकार र विकासमा नागरिकको सहभागिता सहज तरिकाले कसरी गर्ने ? ८६

११.४ मानव अधिकारका र विकासका विषयमा थोरै बजेट हुँदा पनि कसरी कार्य गर्ने ? ८६

११.५ मौलिक हक कार्यान्वयनका लागि स्थानीय तहले कार्यविधि कसरी बनाउने ? ८७

११.६ घरघरमा मानव अधिकार र मौलिक हकप्रति सम्मान र नागरिकको कर्तव्यका बारेमा कम लागतमा कसरी कार्यक्रम गर्ने गराउने ? ८७

११.७ मानव अधिकारसम्बन्धी सङ्घसंस्थाले गरेको कार्यमा दोहोरोपन कसरी घटाउने ? ८७

११.८ मानव अधिकार रक्षक र संस्थालाई स्थानीय तहको कार्यक्रममा कसरी सहभागी गराउने ? ८७

११.९ स्थानीय तहले मौलिक हकका विषयका सेवा र कार्य समयमा नै कसरी गर्ने ? ८८

११.१० विनाभेदभाव सेवा कसरी प्रदान गर्ने ? ८८

११.११ समावेशी बजेट कसरी तर्जुमा गर्ने ? ८८

११.१२ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित समुदायलगायतका लक्षित वर्गका लागि लगानी कसरी गर्ने ? ८८

११.१३ स्थानीय तहको नीति र कार्यविधि कसरी मानव अधिकारमैत्री भएको सुनिश्चित गर्ने ? ८८

११.१४ स्थानीय तहमा नागरिक सङ्घसंस्था र मानव अधिकार रक्षकसँग कसरी सहकार्य गर्ने ? ८८

११.१५ स्थानीय तहमा सुशासन कायम कसरी गर्ने ? ८९

११.१६ स्थानीय तहमा सामाजिक सुरक्षाका कार्यक्रम बनाउदा के–के कुरामा ध्यान दिने ? ८९

११.१७ प्राथमिकता क्षेत्रमा नपरेका तर नागरिकलाई तत्काल संरक्षण र सहयोग गर्नुपर्ने कार्य कसरी गर्ने ? ८९

११.१८ स्थानीय तहले गर्ने मानव अधिकारसम्बन्धी कार्यलाई “स्थानीय शासन कार्यसम्पादन प्रणाली (Local Government Performance Assessment System - LGPAS) सँग कसरी जोड्न सकिन्छ ? ८९

११.१९ मानव अधिकारको संरक्षण तथा संवर्धन गर्न सके वा नसकेको सम्बन्धमा मूल्याङ्कन कसरी गर्ने? यसका लागि कुन–कुन निकायलाई सहभागी गराउने? ८९


## अनुसूची १


मानव अधिकारमुखी अवधारणा कार्यान्वयनको स्थानीय तहको सूचक ९१


## अनुसूची २


स्थानीय तहमा मानव अधिकारमुखी अवधारणा कार्यान्वयनसम्बन्धी स्वःमूल्याङ्कन नमुना रुजु–सूची ९३

**सन्दर्भ–समाग्री** १०४

# परिच्छेद एक

## परिचय

## १.१ स्रोत पुस्तकको परिचय

नेपालको वर्तमान संविधानले मानव अधिकारका सिद्धान्तलाई अङ्गिकार गरी अधिकांश अधिकारहरूलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । संविधानको मर्म र भावना अनुकूल हुने गरी नेपाल सरकारले बनाउने र बनाएको नीति, कानुन, संस्थागत व्यवस्था, सरकारको कार्यक्रम, योजना र प्राथमिकतामा मानव अधिकारको प्रत्याभूति, संरक्षण र प्रवर्धन गर्ने उद्देश्य लिएको पाइन्छ । मानव अधिकारको संरक्षण र संवर्धनमा राज्य संरचनाको तीनै तहको सरकारको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ। तसर्थः स्थानीय तहले मानव अधिकार र मानव अधिकारमुखी पद्धतिसम्बन्धी अवधारणात्मक स्पष्टतासहित आफ्नो दायित्व निर्वाह गर्न सकेमा मात्र मानव अधिकारको प्रत्याभूति हुन सक्दछ ।

- यस पुस्तकले मानव अधिकारको सुनिश्चितताका लागि स्थानीय तहले निर्वाह गर्नुपर्ने दायित्व तथा स्थानीय तहबाट प्रवाह हुने सेवा, सुविधा र विकासका कार्यमा मानव अधिकारमुखी पद्धतिको अभ्यासका सम्बन्धमा जानकारी र दायित्वको परिपालनाको समीक्षा गर्न सघाउनेछ ।
- यसले कानूनमा व्यवस्था गरिएका अधिकारसँग जोडिएका सेवा प्रवाह र व्यवस्थापकीय कार्यहरू गरी आधारभूत तहमा मानव अधिकार बहाली गर्न स्थानीय सरकारको संरचनाभित्र मानव अधिकारमुखी अवधारणाको सैद्धान्तिक बुझाइ र यतार्थबीचको भिन्नताको अन्त्य गरी तादम्यता गर्ने जमर्को गरेको छ ।

नेपालको संविधानले स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गरेको छ । संविधानको धारा ५६ (१) मा भएको व्यवस्थाअनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । धारा ५६ (६) मा सङ्घ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगालिक अखण्डता, स्वाधिनता, राष्ट्रिय हित, सर्वाङ्गीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय शासन प्रणाली, मानव अधिकार र मौलिक हक, कानुनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्नुपर्ने व्यवस्था छ । संविधानतः सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्तमा आधारित छ ।

सबै तहका सरकारको मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ती गर्ने दायित्व रहेको हुन्छ । यसै सन्दर्भमा मानव अधिकारमुखी अवधारणालाई अवलम्बन गरी आफ्ना कार्यहरू अघि बढाएमा यी दायित्वहरू पूरा हुन्छन । नेपाल सरकारले तयार गरेको मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्ययोजना (२०७७/७८–२०८१/८२)[१] को १० वटा अपेक्षित उपलब्धिमध्ये पहिलो उपलब्धिमा "सङ्घ, प्रदेश र स्थानीय तीनै तहबाट सम्पन्न गरिने विकासका कार्य अधिकारमा आधारित अवधारणानुरूप कार्यान्वयन भएको हुने" भन्ने उल्लेख गरिएको छ । देशका ७५३ स्थानीय तहले मानव अधिकारको संरक्षण र संवर्धनका साथै स्थानीय तहबाट प्रवाह हुने सेवा, सुविधा र विकासका कार्यमा मानव अधिकारमुखी पद्धतिको अभ्यासका लागि निर्वाह गर्नुपर्ने दायित्वका सम्बन्धमा जानकारी दिने र दायित्वको परिपालनाको समीक्षासमेत गर्न सहयोग पुऱ्याउने उद्देश्यले यो स्रोत पुस्तक तयार गरिएको हो । संविधानले स्थानीय तहलाई कार्यकारिणी तथा व्यवस्थापकीय एवम् सीमित न्यायिक अख्तियारीसमेत प्रदान गरेको छ । शासन, मानव अधिकार शिक्षा र संस्थागत सुदृढीकरणजस्ता मानव अधिकारका विविध आयामलाई पाँचौँ राष्ट्रिय मानव अधिकार कार्ययोजनामा पूर्णतः वा आंशिक रूपमा स्थानीय तहको दायित्वका रूपमा सूचीबद्ध गरिएको छ । त्यसै गरी नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानुनले स्थानीय तहलाई मानव अधिकार र सामाजिक न्यायसम्बन्धी दायित्व बहन गर्ने जिम्मेवारी पनि दिएका छन् । यी दायित्व निर्वाह गर्दा समानता तथा सामाजिक समावेशीकरणलगायतका मानव अधिकारका सिद्धान्तहरु अङ्गीकार गर्नुपर्दछ । यस सन्दर्भमा नेपालको संविधानको प्रस्तावनाले नै लैङ्गिकलगायत सबै प्रकारका

[१] https://www.opmcm.gov.np/download मानव-अधिकार-सम्बन्धी-पाँ/?/?wpdmdl=6688&refresh=688087bb2 5c521753253819

विभेदको अन्त्य गर्दै आर्थिक समानता, संवृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक र सहभागितामूलक सिद्धान्तमा आधारित समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । संविधानको धारा ५० मा राज्यका निर्देशक सिद्धान्तहरूको सूचीमा लैङ्गिक समानता र समानुपातिक समावेशीकरणलगायत समानता र सामाजिक न्यायका माध्यमबाट सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने उद्देश्य राखिए पनि विभिन्न किसिमका असमानता र विभेद मानव अधिकारको संरक्षण र संवर्धनमा गम्भीर चुनौतीका रूपमा रहेका छन् ।

नेपालको संविधानको भाग ३ मा मौलिक हक र कर्तव्यअन्तर्गत समानता, स्वतन्त्रता, बालबालिकाको हक, महिलाको हक, दलितको हक, छुवाछूत तथा भेदभावविरुद्धको हक, स्वच्छ वातावरणको हक, शिक्षासम्बन्धी हक, स्वास्थ्यसम्बन्धी हक, खाद्यसम्बन्धी हक, आवासको हकसम्बन्धी व्यवस्था गरिएको छ । यसै गरी ज्येष्ठ नागरिकको हक, सुरक्षित मातृत्व तथा प्रजनन अधिकार, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, अपराध पीडितको हक, रोजगारीको हक, अपाङ्गता भएका नागरिकको हक, भाषा तथा संस्कृतिको हक र उपभोक्ताको हकलगायतका अधिकारलाई पनि समेटिएको छ । संविधानले सामाजिक न्यायको हकअन्तर्गत आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हकको प्रत्याभूति गरेको छ । यसअन्तर्गत अपाङ्गता भएका व्यक्तिलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक पनि सुनिश्चित गरिएको छ । मौलिक हकअन्तर्गत समावेश गरिएका मानव अधिकारको कार्यान्वयनका लागि विभिन्न कानुनको व्यवस्था गरिएको छ । कानुनतः व्यवस्था गरिएका ती अधिकारसँग जोडिएका सेवा प्रवाह र व्यवस्थापकीय कार्य गर्ने जिम्मेवारी स्थानीय तहले बहन गर्नुपर्दछ ।

स्थानीय तहले शिक्षा, स्वास्थ, खाद्य, आवास, श्रम र रोजगार तथा सामाजिक सुरक्षा, बाल अधिकार र बाल न्याय, सामाजिक न्याय, खानेपानी तथा सरसफाइ, अपाङ्गता भएका व्यक्ति, विभिन्न लक्षित वर्गको संरक्षण तथा सशक्तिकरण र विकास, वातावरण, दिगो विकास, सांस्कृतिक अधिकार, कानुनी सुधार र न्यायको क्षेत्रमा कार्य गर्दा मानव अधिकारमुखी पद्धति अपनाउनुपर्दछ ।

यस स्रोत पुस्तकमा मानव अधिकारका विविध आयामका बारेमा सङ्क्षिप्त जानकारी प्रस्तुत गरिएको छ । त्यसैले मानव अधिकारका बारेमा जान्न चाहने जोसुकैका लागि यो सामाग्री उपयोगी हुन सक्दछ । यो पुस्तक मूलतः स्थानीय तहले मानव अधिकार प्रत्याभूतिका लागि गर्नुपर्ने कामकारबाहीको बारेमा जानकारी दिने उद्देश्यले तयार गरिएको हो । यस पुस्तकको मद्दतले स्थानीय जनप्रतिनिधि, स्थानीय तहका पदाधिकारी र कर्मचारी मानव अधिकारसम्बन्धी आफूले सम्पादन गर्ने कार्यक्रमका बारेमा अझ प्रष्ट हुन सक्ने छन् । पुस्तक स्थानीय तहमा योजना निर्माणदेखि कार्यान्वयनमा मानव अधिकारीमुखी अवधारणा अवलम्बन गर्न सहयोगी बन्नेछ । यसै गरी कार्यान्वयनको प्रभाव मूल्याङ्कनका लागि मार्गदर्शन गर्नेछ । पुस्तकमा संलग्न कार्य तथा रुजु–सूचीका आधारमा संविधान र कानुनी रूपमा प्रत्याभूत भएका मानव अधिकारलाई मूर्तरूप दिन सहयोग पुग्नेछ । यसको साथै स्थानीय तहको विकास निर्माणमा मानव अधिकार संवेदनशीलताको अवलम्बन गर्न साथै स्थानीय तहले गर्ने सेवा प्रवाह लगायत अन्य आवश्यक कार्यमा यो पुस्तक स्थानीय मानव अधिकार तथा सामाजिक संस्था, मानव अधिकार रक्षकका साथै सर्वसाधारण सबैका लागि उपयोगी हुने अपेक्षा गरिएको छ ।

### १.२ स्रोत पुस्तकको उद्देश्य र प्रयोग

यस पुस्तकले स्थानीय सरकारलाई मानव अधिकारका मूल्यमान्यता र स्थानीय सरकारका कामकारबाहीबीच तादात्म्यता ल्याउन मार्गनिर्देश गर्नेछ । यस अलावा स्थानीय सरकारलाई सबै प्रकारका विभेदहरूको अन्त्य गरी मानव अधिकारमुखी पद्धतिलाई आत्मसात गर्न साथै सम्पादित कार्यहरूको स्वःअनुगमन गर्न सहयोगी बन्नेछ भन्ने विश्वास लिन सकिन्छ ।

स्रोत पुस्तक तयार गर्नुको मुख्य उद्देश्य निम्नानुसार रहेका छन् :

(१) स्थानीय तहलाई मानव अधिकार तथा मानव अधिकारमुखी पद्धतिको अवधारणागत स्पष्टता प्रदान गरी सबै स्थानीय तहको कार्यमा मानव अधिकारमुखी पद्धतिको अभ्यासमा एकरूपता ल्याउनु र

(२) मानव अधिकारको प्रत्याभूतिका लागि स्थानीय तहले निर्वाह गर्नुपर्ने दायित्व तथा स्थानीय तहबाट प्रवाह हुने वस्तु तथा सेवा, सुविधा र विकासका कार्यमा मानव अधिकारमुखी पद्धतिको अभ्यासका सम्बन्धमा जानकारी र दायित्वको परिपालनाको समीक्षा गर्न सहयोग पुऱ्याउन

## १.३ पुस्तक तयारी पद्धति

यो स्रोत पुस्तक संविधान र कानुनले स्थानीय तहलाई तोकेको दायित्वको विश्लेषण; सातै प्रदेशका केही स्थानीय तहका जनप्रतिनिधिहरू, मानव अधिकार तथा सामाजिक सङ्घसंस्थासँगको अन्तरक्रिया र स्थलगत अवलोकनका आधारमा तयार पारिएको हो । उल्लिखित छलफलमा अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र दिगो विकासका लक्ष्यको मर्मअनुकूल संविधान र कानुनलाई व्यवहारमा लागू गर्न तय गरिएको मानव अधिकार राष्ट्रिय कार्ययोजनाको परिपालनाको अवस्थाको विश्लेषणसमेत गरिएको थियो । यी कार्यक्रमहरूमा सरकारी पदाधिकारी, नागरिक समाजका प्रतिनिधि र वञ्चितिमा परेका व्यक्तिहरू सहभागी थिए । कार्यक्रममा स्थानीय तहका जनशक्तिको क्षमता अभिवृद्धि गर्दै उनीहरूलाई समुदायमा अझ बढी सक्रिय बनाउनुपर्ने विषयमा पनि छलफल भएको थियो । स्थानीय तहले समावेशी र दिगो विकासको प्रवर्धनका लागि ठोस कार्ययोजना बनाउनुपर्ने सवाल पनि उठेको थियो । अतः यो स्रोत पुस्तक स्थानीय सरकारको संरचनाभित्र मानव अधिकारमुखी अवधारणाको सैद्धान्तिक बुझाइ र त्यसको अभ्यासको क्रममा अवलम्बन गर्नको लागि तयार गरिएको हो ।

संविधानको भावना र मर्मबमोजिम विद्यमान कानुनको अनुसरण गर्दै मानव अधिकारसम्बन्धी दायित्व बहन गर्ने कतिपय स्थानीय तहबाट भएका असल अभ्यासलाई पनि यस पुस्तकमा समावेश गरिएको छ जसबाट असल अभ्यासको विस्तारका लागि अन्य स्थानीय तहलाई सघाउ पुग्ने अपेक्षा गरिएको छ । संविधान र कानुनअनुसार निर्वाह गर्नुपर्ने दायित्वका सम्बन्धमा स्थानीय तहलाई अझ सहज, सरल बनाउन र स्थानीय तहमा मानव अधिकारमा आधारित विकास पद्धतिको अवधारणागत बुझाइ तथा प्रचलनका बीचमा रहेको भिन्नता पहिचान गर्न जरुरी हुन्छ । त्यसबाट योजना, विकास कार्य, कार्यक्रमको कार्यान्वयन र स्थानीय तहबाट सेवा प्रवाहमा लगानीसहितको मानव अधिकारमा आधारित विकास पद्धतिसँग सम्बन्धित असल अभ्यास र प्रगतिको अध्ययनबाट प्राप्त मूलभूत पक्षलाई पनि समावेश गरिएको छ ।

## १.४ स्रोत पुस्तकको संरचना

यस स्रोत पुस्तकमा एघार परिच्छेद र दुई अनुसूची रहेका छन् जसमा स्थानीय तहले आफ्ना कार्यमा मानव अधिकारमुखी पद्धतिलाई के–कसरी कार्यान्वयन गर्नुपर्छ भन्ने जानकारी समेटिएको छ । **पहिलो परिच्छेद** परिचयात्मक खण्डको रूपमा रहेको छ । यस परिच्छेदले स्रोत पुस्तकको परिचय, उद्देश्य र स्थानीय तहले यसलाई के–कसरी प्रयोग गर्न सक्छन् भन्ने बारे उल्लेख गरेको छ । यसका साथै स्रोत पुस्तक तयारी प्रक्रिया र यसको सीमा के हो भन्ने सम्बन्धमा उल्लेख छ ।

**परिच्छेद दुईमा** मानव अधिकारको अवधारणालाई विस्तृतमा व्याख्या गरिएको छ जसअन्तर्गत अधिकार र कर्तव्यको अन्तरसम्बन्ध, मानव अधिकार उल्लङ्घन र अपराधबीचको फरकलाई देखाइएको छ । मानव अधिकारका विषयवस्तुलाई थप प्रष्ट पार्ने सिलसिलामा यस परिच्छेदमा मानव अधिकारका आयामहरु, मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजको बारेमा जानकारी, मानव अधिकारसम्बन्धी मुख्य महासन्धिका मूलभूत व्यवस्था र राज्यको दायित्वसम्बन्धी जानकारी उपलब्ध गराइएको छ । यस परिच्छेदको अन्तमा नेपालमा मानव अधिकारसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था उल्लेख गरिएको छ । मानव अधिकार सुनिश्चितताको लागि सरकारका सबै तहको के–कस्तो संवैधानिक र कानुनी दायित्व हुन्छ भन्ने प्रष्ट पार्न यो जानकारी महत्त्वपूर्ण छ ।

**परिच्छेद तीनमा** मानव अधिकारमुखी पद्धतिको अवधारणा, पद्धति र यसको विकासक्रम उल्लेख गरिएको छ।

**परिच्छेद चारमा** स्थानीय तहसम्बन्धी व्यवस्था र स्थानीय तहको काम, कर्तव्य र अधिकारलाई विस्तृतमा उल्लेख गरिएको छ, जसअन्तर्गत नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । यसै परिच्छेदमा मानव अधिकारमुखी अवधारणाको कार्यान्वयनमा स्थानीय तहको क्षेत्राधिकारलाई पुनः प्रष्ट पारिएको छ।

**परिच्छेद पाँचमा** स्थानीय तहमा मानव अधिकार र विकासलाई कसरी आपसमा जोडेर हेर्नुपर्छ साथै स्थानीय तहले विकासका कार्य गर्दा मानव अधिकारमैत्री विकास कसरी गर्ने भन्ने जानकारी दिइएको छ । यसको साथै विकासको अधिकार नागरिकको अधिकार हो र विकास सुनिश्चिततामा स्थानीय तहले कसरी भूमिका खेल्नुपर्छ भन्ने सवाल पनि समावेश गरिएको छ।

**परिच्छेद छमा** सेवा प्रवाहमा स्थानीय तहले मानव अधिकारमुखी पद्धति अपनाउनुपर्ने सम्बन्धमा जानकारी उपलब्ध गराइएको छ, जसअन्तर्गत मानव अधिकारमुखी सेवा प्रवाह भनेको के हो, त्यस्तो सेवा प्रवाह कसरी गर्ने, मानव अधिकार उपभोगको सुनिश्चितताका लागि स्थानीय तहको भूमिका, स्थानीय तहमा रहेका केही प्रमुख मानव अधिकारसम्बन्धी सवाल र ती सवालका सम्बन्धमा स्थानीय तहले गर्नुपर्ने कार्यसम्बन्धी जानकारी उपलब्ध गराइएको छ । सुशासन सुनिश्चितताको लागि मानव अधिकार एक आवश्यक सर्तको रूपमा रहेको विषयलाई प्रस्तुत गरिएको छ । यसको साथै स्थानीय तह नागरिकप्रति जवाफदेही कसरी हुन सक्छ भन्ने समेत उल्लेख गरिएको छ। स्थानीय सेवा प्रवाहमा मानव अधिकारका सिद्धान्तलाई अङ्गीकार गर्नुपर्ने उल्लेख गरिएको छ। स्थानीय तहमा नागरिक सहभागिता, जवाफदेहिता र सामाजिक न्याय र बारेमा उल्लेख गरिएको छ । अन्त्यमा नेपाल सरकारले तयार गरेको मानव अधिकार राष्ट्रिय कार्ययोजनालगायतका अन्य कार्ययोजना कार्यान्वयनमा स्थानीय तहको भूमिका बताइएको छ।

**परिच्छेद सातमा** सामूहिक तथा जोखिम समूहको अधिकार र स्थानीय तहको दायित्व शीर्षकअन्तर्गत लैङ्गिक समानता र महिला अधिकार, बाल अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण, आदिवासी, दलित र अल्पसङ्ख्यक नागरिकको अधिकार, आप्रवासी र शरणार्थीको अधिकार, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अधिकार र ज्येष्ठ नागरिकको अधिकारको अधिकार बारे चर्चा गरिएको छ । यसको साथै वातावरणीय अधिकारलाई सामूहिक अधिकारको रूपमा छलफल गरी वातवरणीय ह्रासको कारणले बढ्दो जोखिमबाट सुरक्षा पाउने अधिकारलाई मानव अधिकारको रूपमा प्रष्ट पारिएको छ।

**परिच्छेद आठमा** स्थानीय तहमा मानव अधिकारमुखी विकासको अभ्यास के–कसरी गर्न सकिन्छ र गर्नुपर्छ भन्ने जानकारी दिइएको छ । स्थानीय तहमा मानव अधिकार संरक्षण र संवर्धनका लागि नीति तथा योजना निर्माणको क्रममा ध्यान दिनुपर्ने विषय उल्लेख गरिएको छ। यसैमा बजेट निर्माण प्रक्रिया, तथा अनुगमन, मूल्याङ्कन र प्रतिवेदनलाई कसरी मानव अधिकारमुखी बनाउनुपर्छ भनी प्रष्ट पारिएको छ । मानव अधिकार अनुगमनका सूचक तथा मानव अधिकार संरक्षण र संवर्धनमा भएका उपलब्धि र चुनौतीको समीक्षा केकसरी गर्न सकिन्छ भनी उल्लेख गरिएको छ।

**परिच्छेद नौमा** स्थानीय तहले सेवा प्रवाह गर्दा वा आफ्नो दायित्व भित्रका विविध कार्य गर्दा को को सँग समन्वय र सहकार्य गर्न सक्छ भनी जानकारी दिइएको छ। यसभित्र स्थानीय तहले संघ, प्रदेश, राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य संवैधानिक आयोगहरूसँग समन्वय र सहकार्यका क्षेत्र औँल्याइएको छ भने नागरिक समाज, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था, मानव अधिकार रक्षक र सुरक्षा निकायसँग के–कसरी साझेदारी र सहकार्य गर्न सकिन्छ भनेर प्रष्ट पारिएको छ।

**परिच्छेद दशमा** मानव अधिकारमुखी विकास पद्धतिका केही प्रयास तथा घटना व्यवस्थापनका सफल उदाहरण साथै मानव अधिकारमुखी विकास पद्धति अवलम्बनबाट हुने फाइदाहरू पनि उल्लेख गरिएको छ। यसै परिच्छेदमा

मानव अधिकार उल्लङ्घनका घटनाको व्यवस्थापन कसरी गर्नुपर्छ भनी जानकारी दिइएको छ।

**परिच्छेद एघारमा** यो स्रोत पुस्तक तयारीको क्रममा गरिएको प्रादेशिक छलफलमा स्थानीय तहबाट प्रतिनिधित्व गरेका सहभागीहरूका प्रश्नहरूलाई प्रश्नउत्तर शैलीमा राखिएको छ।

**अनुसूची एकमा** मानव अधिकारमुखी अवधारणा कार्यान्वयनको स्थानीय तहको सूचक र **अनुसूची दुईमा** स्थानीय तहमा मानव अधिकारमुखी अवधारणा कार्यान्वयनसम्बन्धी स्वःमूल्याङ्कन नमुना रुजु–सूची राखिएको छ । अन्त्यमा, पुस्तक तयार गर्दा सन्दर्भ–सामग्रीको रूपमा प्रयोग गरिएको पुस्तक, लेख, रचना, वेबसाइटहरूलाई उल्लेख गरी यो स्रोत पुस्तकलाई पूर्णता दिइएको छ।

## १.५ सीमा

यो पुस्तकमा स्थानीय तहले सेवा प्रवाह गर्दा तथा विकाससम्बन्धी कार्य गर्दा मानव अधिकारमुखी पद्धतिलाई कसरी अङ्गिकार गर्नुपर्छ भन्ने विषयलाई केन्द्रमा राखिएको छ। स्रोत पुस्तक मानव अधिकार तथा मानव अधिकारमुखी पद्धतिको विषयलाई मूल रूपमा प्रस्तुत गरिएको र विशेष गरी स्थानीय तहको लागि आवश्यक र उपयोगी रहेको छ। यसमा सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य र सहअस्तित्वलाई केही हदसम्म उल्लेख भए पनि स्थानीय तहको काम, कर्तव्य र अधिकारलाई प्राथमिकतामा राखी मानव अधिकारमुखी पद्धतिको अवलम्बनमा जोड दिइएको छ।

# परिच्छेद दुई

## मानव अधिकारको अवधारणा

## २.१ अधिकार र कर्तव्य

अधिकार व्यक्ति तथा समुदायको त्यस्तो नैसर्गिक माग हो, जसले समाजमा मर्यादा, स्वायत्तता, स्वतन्त्रता र निष्पक्ष व्यवहार सुनिश्चित गर्दछ । यो समामान्यतयाः कानुन तथा नैतिकताद्वारा मान्यता प्राप्त भई सुरक्षित गरिएको हुन्छ । व्यक्तिको अधिकारको संरक्षण गर्ने दायित्व राज्यका निकायको हो । त्यसैले अधिकारको विषयलाई स्पष्ट पार्न कसको अधिकार, के अधिकार र कसको दायित्व भन्ने बारेमा कानुनमा स्पष्ट किटान गर्न जरुरी हुन्छ ।

अतः कानुनले अधिकार स्वतन्त्र ढङ्गले उपभोग गर्न पाउने, अधिकारको उपभोगमा कसैले अवरोध सिर्जना गर्न नहुने र अधिकारको उल्लङ्घन भएमा वा प्रयोगमा कसैले बाधा गरेमा उपचारको लागि सम्बन्धित निकायमा उजुरी गर्न सक्ने व्यवस्था गरिएको हुन्छ ।

बिस्तृत रूपमा मानव अधिकारले नागरिक स्वतन्त्रता, राजनीतिक अधिकार, आर्थिक स्वतन्त्रता र सामाजिक अधिकारजस्ता जीवनयापनका सबै पक्षलाई समेटेको हुन्छ । अधिकारले कुनै पनि समुदाय भित्र न्याय, समानता र कानुनको शासन स्थापना गर्न सघाउदै हरेक व्यक्तिलाई सम्मानका साथ बाँच्न सक्ने अवस्था सिर्जना गर्दछ । अधिकारलाई निरपेक्ष रूपमा लिइनुहुँदैन । अधिकारलाई निरपेक्ष रूपमा उपभोग गर्न पनि सकिँदैन । अधिकार उपभोगको पनि सीमा हुन्छ । व्यक्तिको आफ्नो अधिकार उपभोग गर्ने हकसँगसँगै कर्तव्य पूरा गर्नुपर्ने जिम्मेवारी पनि जोडिएर आउँछ । अधिकार र कर्तव्यलाई एकै सिक्काको दुईपाटाको रूपमा बुझ्नुपर्छ ।

## २.२ अधिकार र कर्तव्यबीचको फरक

| अधिकार | कर्तव्य | अधिकार र कर्तव्यबीचको सम्बन्ध |
|---|---|---|
| ▪ प्रत्येक व्यक्तिले मानवको हैसियतले जन्मसिद्ध रूपमा प्राप्त गर्ने स्वतन्त्रता, सुविधा र अवसर हो ।<br>▪ अधिकार राज्यले दिएको दया वा अनुकम्पा होइन, व्यक्तिको गरिमा र अस्तित्वसँग जोडिएको मान्यता हो ।<br>▪ अधिकारले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र सम्मानको सुनिश्चितता गर्छ ।<br>▪ अधिकार सबै मानिसका लागि समान र विभेदरहित हुन्छ ।<br>▪ अधिकारको सम्मान राज्यले मात्र होइन, समाजका अन्य व्यक्ति, समुदाय र संस्थाले पनि गर्नुपर्छ ।<br>▪ अधिकारले व्यक्तिलाई विचार, अभिव्यक्ति, सहभागिता र निर्णयमा स्वतन्त्र बनाउँछ ।<br>▪ अधिकारको प्रयोग गर्दा अरूको अधिकार र सामाजिक हितको ख्याल राख्नुपर्छ।<br>▪ अधिकार कानुनी मात्र होइन, नैतिक र सामाजिक मान्यता पनि हो ।<br>▪ अधिकारको दुरुपयोगले अरूको अधिकार हनन् र सामाजिक द्वन्द्व निम्त्याउँछ ।<br>▪ अधिकार मानव अधिकारको वर्तमान अवस्था र भविष्य (Prospects) को आधार हो । | ▪ कर्तव्य भनेको अधिकार प्रयोग गर्दा व्यक्ति, समुदाय र राज्यले पूरा गर्नुपर्ने जिम्मेवारी हो ।<br>▪ कर्तव्यले अधिकारलाई जिम्मेवार, मर्यादित र सन्तुलित बनाउँछ ।<br>▪ कर्तव्य विनाको अधिकारले स्वेच्छाचारिता र अराजकता निम्त्याउँछ ।<br>▪ कर्तव्य कानुनीमात्र होइन, नैतिक र सामाजिक दायित्व पनि हो ।<br>▪ कर्तव्यको पालना राज्यप्रति मात्र होइन, अन्य व्यक्तिप्रति पनि अनिवार्य हुन्छ ।<br>▪ अरूको अधिकार, गरिमा र स्वतन्त्रताको सम्मान गर्नु कर्तव्यको आधार हो ।<br>▪ शक्ति, पद वा प्रभावको दुरुपयोग नगर्नु कर्तव्य हो ।<br>▪ शान्ति, सहिष्णुता र सामाजिक सद्भाव कायम राख्नु कर्तव्य हो ।<br>▪ सार्वजनिक सम्पत्ति, वातावरण र प्राकृतिक स्रोतको संरक्षण गर्नु कर्तव्य हो ।<br>▪ कर्तव्य मानव अधिकारको दिगो अभ्यासको आधार हो । | ▪ अधिकार र कर्तव्य एक–अर्काका पूरक हुन् ।<br>▪ अधिकारले स्वतन्त्रता दिन्छ, कर्तव्यले सीमा निर्धारण गर्छ ।<br>▪ अधिकार व्यक्तिगत स्वतन्त्रतासँग जोडिन्छ, कर्तव्य सामाजिक उत्तरदायित्वसँग ।<br>▪ अधिकार प्रयोग गर्दा कर्तव्य स्वतः सक्रिय हुन्छ ।<br>▪ अधिकार र कर्तव्यबीच सन्तुलन विनाको लोकतन्त्र सम्भव हुँदैन ।<br>▪ सन्तुलनले कमजोर र सीमान्तकृत समुदायको अधिकार सुरक्षित गर्छ ।<br>▪ अधिकार र कर्तव्यको सन्तुलन मानव अधिकारको उज्ज्वल भविष्यको आधार हो । |

नेपालको संविधानको भाग ३ मा मौलिक हक र कर्तव्यसम्बन्धी व्यवस्था गरिएको छ । ३१ वटा मौलिक हकहरू अधिकारका रूपमा रहेका छन् भने संविधानको धारा ४८ मा कर्तव्य को व्यवस्था रहेको छ । संविधानतः नागरिकका कर्तव्यहरू निम्नबमोजिमका छन्ः

क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सावभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
ख) संविधान र कानुनको पालना गर्नु,
ग) राज्यले चाहेको बखत अनिवार्य सेवा गर्नु र
घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।

संयुक्त राष्ट्रसङ्घले "मानव अधिकार भनेको जाति, लिङ्ग, राष्ट्रियता, जातीयता, भाषा, धर्म, वा अन्य कुनै पनि हैसियतको पर्वाह नगरी सबै मानिसहरूमा निहित अधिकार हो । मानव अधिकारमा जीवन र स्वतन्त्रताको अधिकार, दासत्व र यातनाबाट मुक्ति, विचार र अभिव्यक्तिको स्वतन्त्रता, काम र शिक्षाको अधिकार र अन्य धेरै कुराहरू समावेश छन् । सबैजना भेदभावविना यी अधिकारहरूको हकदार छन्" भनी व्याख्या गरेको छ ।[२]

## २.३ मानव अधिकारको अवधारणा

मानव अधिकार मानव जीवनको रक्षा, मानव मर्यादाको सम्मान र मानव विकाससम्बन्धी एक विश्वव्यापी अवधारणा हो ।

**"मानव अधिकार सरकारले प्रदान गर्ने विशेषाधिकार होइन । यो प्रत्येक मानिसको मानवताको आधारमा प्राप्त हुने अधिकार हो ।"**

**मदर टेरेसा**

"Human rights are not a privilege conferred by government; they are every human being's entitlement by virtue of humanity"

Mother Teresa

प्राचीनकालमा देशहरूले आ–आफ्ना धार्मिक दर्शनमा[३], युद्धका नियममा[४] तथा विद्वानका प्रवचन तथा लेखमा आधारित भएर मानव जीवनलाई महत्त्व दिँदै मानवका केही प्राकृतिक अधिकार हुन्छन् भन्ने कुरा स्थापित गर्दै आएको पाइन्छ ।[५] देशहरूले क्रमश अधिकारको दायरा बढाउँदै लगेको पाइन्छ । अधिकार दिन थालेका र केही दशकको अन्तरालमा ती अधिकारको सूची थप गर्दै पाइन्छ ।[६]

सन् १९१९ मा विश्व श्रम सङ्गठनको स्थापना[७] भएपछि विश्वभरका श्रमिकका केही समान अधिकार हुन्छन् भन्ने कुरा स्थापित भयो । जस्तै— काममा लगाउन सकिने समय आठ घण्टा, सो भन्दा बढी काममा लगाए थप पारिश्रमिक दिनुपर्ने, समान कामको लागि समान ज्याला, लगातारको कामपछि विश्राम गर्न दिनुपर्ने जस्ता अधिकारहरू संसारभरका श्रमिकका अधिकारको रूपमा स्थापित भयो । त्यसै गरी १९२० मा लिग अफ नेसन्सको स्थापनाले संसारभर निशस्त्रीकरण, भाइचाराको सम्बन्ध विस्तार, कुटनीति र वार्तामार्फत विवादको समाधान गर्ने कुरामा प्राथमिकता, विश्वको भलाइको लागि सुधारात्मक कार्यको थालनीजस्ता कार्यले मानव अधिकारको प्रवर्धन गरेको मान्न सकिन्छ ।[८]

[२] https://www.un.org/en/global-issues/human-rights?gad_source=1&gad_campaignid=20126487822&gbraid=0AAAAAD9kiAfRxTNnBUD62JAIZEksh4znT&gclid=CjwKCAjw49vEBhAVEiwADnMbbPIOjdcN6tgtI9oeuWoXEfcYMkpnpIZIYmEOyxOpzDCrwF-H_MP37xoCm3gQAvD_BwE
[३] रिलिजन एण्ड ह्युमन राइट्स स्ट्यान्डर्डस, ह्युमन राइट्स सेन्टर एटोनियो पापिस्का, https://unipd-centrodirittiumani.it/en/topics/religion-and-the-international-human-rights-standards-1
[४] चन्द्रलेखा श्रीराम, ओल्गा मार्टिन(ओर्टेगा र जोहना हरमन, "वार, कन्फ्लिक्ट एण्ड ह्युमन राइट्स, अक्सफोर्ड रिसर्च इन्साइक्लोपेडिया", https://oxfordre.com/internationalstudies/display/10.1093/acrefore/9780190846626.001.0001/acrefore-9780190846626-e-494?d=%2F10.1093%2Facrefore%2F9780190846626.001.0001%2Facrefore-9780190846626-e-494&p=emailA2ixNCUFuT3yg
[५] क्रुफ्ट आर, लियो एसएम र रेन्जो एम (२०१५), "द फिलोसफिकल फाउण्डेसन अफ ह्युमन राइट्सः एन ओभरभ्यु" अक्सफोर्ड युनिभर्सिटि प्रेस, पेज १ देखि ४४ ।
ओभरभ्यु" अक्सफोर्ड युनिभर्सिटि प्रेस, पेज १ देखि ४४ ।
[६] उदाहरणको लागि सन् १२१५ को म्याग्नाकार्टा देखि १६८९ को विल अफ राइट्सलाई लिन सकिन्छ ।
[७] हिस्ट्रि अफ द आइएलओ, https://www.ilo.org/about-ilo/history-ilo
[८] https://www.ungeneva.org/en/about/league-of-nations/overview#:~:text=The%20League%20of%20Nations%20officially,70%25%20of%20the%20world's%20population.

दोस्रो विश्वयुद्ध पछि जापान र जर्मनीमा युद्ध अपराध गर्नेलाई कारबाहीको लागि गठन गरिएको न्युरेम्बर्ग न्यायाधिकरण[९] र टोकियो न्यायाधिकरणले[१०] युद्धकै समय भए पनि युद्धरत पक्षहरूले जथाभावी गर्न पाइँदैन, युद्धका नियम पालना गर्नुपर्छ, युद्धमा भाग नलिएका निहत्था नागरिकमाथि अन्याय गर्नुहुँदैन भन्ने स्थापित गऱ्यो । दोस्रो विश्वयुद्धपछि सन् १९४५ मा स्थापना भएको संयुक्त राष्ट्रसङ्घको बडापत्र र सन् १९४८ मा जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रले संसारभर मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूरण गर्न योगदान पुऱ्याएको छ । घोषणापत्रमा भएका व्यवस्थाहरूलाई महासन्धिहरूमा पनि विशिष्टिकृत अधिकारको रूपमा उल्लेख गरिएको पाइन्छ । महासन्धिहरूमा पनि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिको अधिकारजस्ता विशिष्टिकृत अधिकारहरूको पहिचान र मान्यता रहेको गएको पाइन्छ । यसरी विभिन्न कालखण्डमा मानव जातिको सभ्यता र विकास सँगसँगै मानव अधिकार अवधारणा पनि परिस्कृत हुँदै गएको छ ।

राष्ट्रहरुभित्र  विभिन्न समयमा भएका आन्दोलन एवम् सम्झौताहरूले पनि मानव अधिकारको विकासमा सहयोगी भूमिका खेलेको पाइन्छ । अधिकारको प्रारम्भिक दस्तावेजका रूपमा सन् १२१५ मा बेलायतका राजा र जनताबीच भएको लिखित सम्झौता 'म्याग्नाकार्टा' हो, जसले राजालाई कानुनको अधीनमा ल्याइ शक्तिको दुरूपयोग हुनबाट रोकेको थियो । पछि सन् १६८९ मा बेलायतको संसदले बिल अफ राइट्स जारी गरेर राजसंस्थाको अधिकारलाई सीमित गर्दै संसदको सर्वोच्चता र नागरिकको अधिकार स्थापित गऱ्यो । यसको साथै अमेरिकी स्वतन्त्रता सङ्ग्राम र त्यसको परिणामस्वरूप निर्मित सन् १७९१ को संयुक्त राज्य अमेरिकाको 'विल अफ राइट्स,[११] सन् १७९९ मा सम्पन्न फ्रान्सेली राज्य क्रान्ति, सन् १८४८ मा जारी गरिएको 'कम्युनिस्ट घोषणापत्र', सन् १९१७ को रुसी अक्टोबर क्रान्ति र सोभियत सङ्घको उदय, पहिलो र दोस्रो विश्वयुद्धको हाराहारीमा एसिया, अफ्रिका र ल्याटिन अमेरिकामा उपनिवेशवादको विरुद्धमा भएका मुक्तियुद्धले मानव गरिमा र अधिकारको वृत्तलाई फराकिलो बनाउँदै ल्याएका छन् ।

दोस्रो विश्वयुद्धको समाप्तिपछि स्थापित संयुक्त राष्ट्रसङ्घले झण्डै चार वर्षपछि विश्वमा पहिलो पटक मानव अधिकारलाई सूत्रबद्ध गरेर घोषणापत्र जारी गऱ्यो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २२ ले समाजको सदस्यको हैसियतले प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार तथा प्रत्येक व्यक्तिको सम्मान र व्यक्तित्वको स्वतन्त्र विकासको निमित्त आवश्यक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्रत्याभूति गरेको छ । घोषणापत्रको धारा २३ र २४ मा काम वा रोजगारीसम्बन्धी अधिकार, धारा २५ मा लोककल्याण, सामाजिक सुरक्षाको अधिकार, धारा २६ मा शिक्षा र धारा २७ मा सांस्कृतिक अधिकारलाई समेटिएको छ । समयक्रममा मानव अधिकारमुखी विकासको अवधारणालाई विकासको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, १९८६ मा अझ प्रष्ट रूपमा अघि सारियो । उक्त घोषणा लोककल्याणको प्रवर्धन र गरिबीको अन्त्यको विश्वव्यापी प्रयत्नको निरन्तरता थियो । त्यसले सुस्पष्ट रूपमा विकास  र मानवअधिकारबीचको अनोन्याश्रित सम्बन्ध र विकाससम्बन्धी समग्र अवधारणा अघि साऱ्यो । जस अनुसार विकास भनेको आर्थिक विकासमात्र होइन, यो बहुआयामिक प्रक्रिया हो, लाभको न्यायोचित वितरण पनि हो भन्ने मान्यता कायम भयो । सन् १९७० को दशकमा पूर्वीय दर्शन प्रेरित तथा सामाजिक न्यायका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, सन् १९८० र ९० को दशकमा मानवोचित व्यवहारलाई सम्बोधन गर्ने गरी मानवको अवस्थितिः अपाङ्गता, महिला, बालबालिका, जातीय विभेद, वातावरण अनुकूलनलगायतका मानव अधिकारका विभिन्न आयामलाई व्याख्या गर्ने दस्तावेज संयुक्त राष्ट्रसङ्घबाट जारी गरिएका छन् ।

[९]न्युरेम्बर्ग बडापत्र र न्यायाधिकरण, https://www.un.org/en/genocideprevention/documents/atrocity-crimes/Doc.2_Charter%20of%20IMT%201945.pdf
[१०]सुदर पूर्वको लागि अन्तराष्ट्रिय सैनिक न्यायाधिकरण (टोक्यो न्यायाधिकरण), https://www.un.org/en/genocideprevention/documents/atrocity-crimes/Doc.3_1946%20Tokyo%20Charter.pdf
[११]विल अफ राइट्स, नेसनल आर्काइभस् माइलस्टोन डकुमेन्ट्स, https://www.archives.gov/milestone-documents/bill-of-rights

मानव अधिकारलाई विभिन्न अभिव्यक्तिमार्फत प्रयोगमा ल्याइएको पाइन्छ। यसलाई प्राकृतिक अधिकार (Natural Rights), नैसर्गिक अधिकार (Inherent Rights), मौलिक अधिकार (Fundamental Rights), आधारभूत अधिकार (Basic Rights) र संवैधानिक अधिकार (Constitutional Rights) भनिएको पाइन्छ। त्यसै गरी नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र विकासको अधिकार (Civil, Political, Economic, Cultural and Development Rights), विश्वव्यापी अधिकार (Universal Rights) लगायतका अभिव्यक्तिलाई मानव अधिकारको पर्यायवाचीको रूपमा लिने गरिएको छ । यी अभिव्यक्तिहरू आपसमा अन्तर्सम्बन्धित भए पनि पर्यायवाची भने होइनन्, सबैको आआफ्नो अर्थ र परिभाषा छ । मानव अधिकार माथि उल्लिखित अधिकारसहित नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक, सांस्कृतिक र विकाससम्बन्धी अधिकारको आम अर्थात समुच्च अभिव्यक्ति हो । संयुक्त राष्ट्रसङ्घको बडापत्रमा मानव अधिकार (Human Rights) र मौलिक स्वतन्त्रता (Fundamental Freedoms) शब्दावली प्रयोग गरिएको छ।[१२]

नेपालको आधुनिककालको सन्दर्भमा राणाकालमै पनि अधिकारको स्वर नउठेको भने होइन तर व्यवस्थित रूपमा मानव अधिकारको माग वि.सं. २००७ सालको क्रान्तिपछि हुन थालेको हो। सैद्धान्तिक रूपमा भन्ने हो भने नेपालले वि.सं. २०१२ सालमा संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गरेपछि मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ लाई नेपालको कानुनमा क्रमिक रूपमा अङ्गीकार गर्दै लगेको देखिन्छ। नेपालमा भने २०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्रको पुनःस्थापना भएपछि वि.सं.२०४७ सालको संविधान निर्माण गरेर राज्यस्तरमा मानव अधिकारको विश्वव्यापी अवधारणालाई व्यवहारमा रूपान्तरण गर्ने प्रयास हुन थालेको देखिन्छ । त्यही राजनीतिक परिवर्तनलगत्तै संयुक्त राष्ट्रसङ्घले जारी गरेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलगायतका अन्य महत्त्वपूर्ण सन्धिहरूको पक्षराष्ट्र बनेको थियो। विश्वव्यापी सन्दर्भलाई केलाउने हो भने मानव अधिकारको अवधारणालाई कैयन युगान्तकारी घटनाक्रमले समृद्ध तुल्याउँदै आएका छन्।

मानव अधिकार आयोग ऐन, २०५३ अनुसार वि.सं. २०५७ सालमा राष्ट्रिय मानव अधिकार आयोगको स्थापनासँगै नेपालमा मानव अधिकारको संरक्षण र संवर्धन गर्ने कार्य सशक्त हुँदै गयो । नेपालको अन्तरिम सविधान २०६३ले आयोगलाई सवैधानिक हैसियत प्रदान गरेको थियो । यस व्यवस्थालाई मौजुदा सविधानमा पनि निरन्तरता दिइएको छ । यसै सन्दर्भमा २०५३को ऐनलाई खारेजी गर्दै वि.सं. २०६८मा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ जारी भयो । उक्त ऐनको दफा २च मा मानव अधिकारको परिभाषा दिइएको छ जसले मानव अधिकारका हरेक पक्षलाई समेट्ने प्रयास गरेको छ ।

‘‘मानव अधिकार’’ भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार सम्झनुपर्छ र सो शब्दले नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकारसमेतलाई जनाउछ ।

**राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ दफा २ (च)**

## २.४ मानव अधिकारका सिद्धान्त

भियना घोषणापत्र र कार्ययोजना १९९३ (Vienna Declaration and Program of Action 1993) को अनुच्छेद ५ मा ‘‘सबै मानव अधिकार विश्वव्यापी, अविभाज्य, अन्तरनिर्भर र अन्तरसम्बन्धित छन्। अन्तर्राष्ट्रिय समुदायले विश्वव्यापी रूपमा मानव अधिकारलाई निष्पक्ष र समान रूपमा, समान आधारमा र समान जोडका साथ व्यवहार गर्नुपर्छ’’ भनी उल्लेख गरेको छ।[१३] मानव अधिकारका मूलतः निम्न विशेषता रहेका छन्, जसलाई व्यवहारिक कार्यान्वयनको क्रममा सदैव मनन् गर्नुपर्दछ।

[१२]सिवाकोटी कैलाशकुमार (२०८१), मानव अधिकार र मानवीय कानुनको आयाम, भाग १, पैरवी बुक हाउस, काठमाडौँ, पृ. १४

[१३]https://www.ohchr.org/en/instruments-mechanisms/instruments/vienna-declaration-and-programme-action

**मानव अधिकारका सिद्धान्त**
जन्मसिद्ध, विश्वव्यापी, सार्वभौम र सर्वोच्च, अहरणीय, अहस्तान्तरणीय, अन्तरनिर्भर, अन्तर सम्बन्धित र अविभाज्य

- **जन्मसिद्द:** मानव अधिकार मानिसले मानव भएर जन्मेको कारणले प्राप्त गर्ने अधिकार हो ।
- **विश्वव्यापी:** मानव अधिकार संसारका हरेक स्थान र समयमा समान रूपलेलागु हुन्छ ।
- **सार्वभौम र सर्वोच्च:** मानव अधिकारलाई सार्वभौम र सर्वोच्च हुन्छ । यसभन्दा माथि कुनै पनि अधिकार हुँदैन ।
- **अहरणीय:** मानव अधिकारलाई व्यक्तिबाट हरण गर्न सकिँदैन । व्यक्तिको मानव अधिकारलाई राज्य शक्तिले ऊबाट हरण गर्न वा अलग्ग गर्न सक्दैन ।
- **अहस्तान्तरणीय:** मानव अधिकार एउटा व्यक्तिले अर्को व्यक्तिलाई हस्तान्तरण गर्न सक्दैन । व्यक्तिको आफ्नो अधिकार हुन्छ र त्यो उसैले उपभोग गर्छ । यति अधिकार म प्रयोग गर्छु र मेरो अरू अधिकार तिमी प्रयोग गर भनेर कसैलाई कुनै पनि अधिकार हस्तान्तरण गर्न मिल्दैन ।
- **अन्तरनिर्भर, अन्तरसम्बन्धित र अविभाज्य:** सबै मानव अधिकारहरू एक अर्कासँग अन्तरनिर्भर र अन्तर–सम्बन्धित छन् । एउटा अधिकार अर्को अधिकारसँग जोडिएको हुन्छ । एउटा अधिकार पूर्णरूपमा उपभोग गर्नको लागि अर्को अधिकार पनि सुनिश्चित भएको हुनुपर्छ । अधिकारहरूलाई विभाजन गरेर उपभोग गर्न सकिँदैन र देशले पनि यो अधिकारमात्र दिन्छु, त्यो अधिकार दिन्नँ भन्न मिल्दैन ।

जस्तै— जीवनको अधिकार सुनिश्चित गर्न खाद्य सुरक्षा हुनुपर्छ । खाना र जीवनको अधिकारसँग स्वस्थ्या वातावरण र स्वास्थ्यको अधिकार जोडिएर आउँछ । समग्र मानव विकासको लागि यी अधिकारहरूसँग शिक्षाको अधिकार जोडिएर आउँछ । फेरि खाना, स्वास्थ्य र शिक्षामात्र भएर पनि व्यक्तिको समग्र विकास हुन सक्दैन । त्यसको लागि रोजगारीको अधिकार पनि सुनिश्चित हुनुपर्छ । यी सबै अधिकारको उपभोगमा सबैको समान पहुँच, अबिभेद र सबैको सहभागिता स्थापित गर्नको लागि आफ्नो विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, भेला हुन पाउने तथा सङ्गठित हुन पाउने अधिकार जोडिएर आउँछ ।

**मानव अधिकारका मूल्य–मान्यताहरू**



- मानिसलाई सम्मानजनक ढङ्गले जीवन निर्वाह गर्न, उन्नति प्रगति र विकासको सुनिश्चितताको लागि आवश्यक पर्ने समानता, स्वतन्त्रता, मर्यादा तथा आत्मसम्मान, गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारलगायतसँग गाँसिएका सम्पूर्ण विषयहरू मानव अधिकारसँग सम्बन्धित विषयहरू हुन् ।
- मानव अधिकारका विभिन्न आयामका रूपमा आर्थिक अधिकार, सामाजिक अधिकार, धर्म तथा सांस्कृतिक अधिकार, नागरिक अधिकार, राजनीतिक अधिकार, विकासको अधिकारको रूपमा व्याख्या गर्न सकिन्छ ।
- समानता र गैरविभेदको अधिकार त्यस्ता आधारभूत अधिकार र सिद्धान्त हुन्, जसले अन्य सबै मानव अधिकारहरू विना भेदभाव सबैले उपभोग गर्न पाउने सुनिश्चितता गर्दछ ।

## २.५ मानव अधिकारका आयामहरु

मानव अधिकार त्यस्तो मौलिक अधिकार र स्वतन्त्रता हो, जुन मानव मर्यादा, न्याय र समतामूलक समाजको लागि अपरिहार्य हुन्छ जुन सबै व्यक्तिले राष्ट्रियता, जाति, लिङ्ग वा कुनै पनि आधारमा विनाभेदभाव उपभोग गर्न सक्दछन् । मानव अधिकारले भेदभाव, हिंसा र उत्पीडनबाट व्यक्तिको सुरक्षा गर्दछ भने राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक गतिविधिमा अनावश्यक हस्तक्षेपविना सहभागी हुने अवसर प्रदान गर्दछ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, विभिन्न महासन्धिलगायतका अन्तर्राष्ट्रिय दस्तावेजले मानव अधिकारका मानक निर्धारण गरेका हुन्छन् ।

मानव अधिकारले मानिसको जीवनका धेरै क्षेत्रलाई समेट्दछ । यसभित्र बाँच्न पाउने अधिकार अन्य नागरिक र राजनीतिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको अधिकार, निजी र पारिवारिक जीवनको अधिकार, सम्पत्तिको अधिकार आदि पर्दछन् । यसै गरी यातना, दासत्वविरुद्धका अधिकार, निष्पक्ष परीक्षणको अधिकार, सांस्कृतिक र धर्मको स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, सङ्घसंस्था खोल्ने र आबद्ध हुने स्वतन्त्रता, आफ्ना भनाइ र माग राख्न सभा वा त्यस्तै कार्य गर्ने स्वतन्त्रता आदि पनि पर्दछन् । यसका अतिरिक्त मतदान गर्ने अधिकार, सार्वजनिक सेवामा समान पहुँच, राजनीतिक दल खोल्न पाउने, न्याय पाउने र रोजगारीको स्वतन्त्र छनौट गर्ने, ट्रेड युनियन गठन गर्ने, सामाजिक सुरक्षा प्राप्त गर्ने, आत्मसम्मानपूर्ण जीवनयापन, स्वास्थ्य, शिक्षा, सांस्कृतिक जीवनमा भाग लिने र वैज्ञानिक प्रगतिका फाइदा उपभोग गर्ने अधिकार पनि पर्दछन । त्यसै गरी मानव अधिकारले जनताको आत्मनिर्णयको अधिकार, अल्पसङ्ख्यक र आदिवासी जनजातिको अधिकार, विकासको अधिकार, समानता र गैरभेदभावको अधिकारसमेतलाई समेट्दछ ।

यसरी मानिसलाई सम्मानजनक ढङ्गले जीवन निर्वाह गर्न, उन्नति प्रगति र विकासको सुनिश्चितताको लागि आवश्यक पर्ने समानता, स्वतन्त्रता, मर्यादा तथा आत्मसम्मान, गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक साथै सिमान्तकृत वर्ग समुदाय आदि हित र स्वार्थसँग गाँसिएका सम्पूर्ण विषय मानव अधिकारसँग सम्बन्धित विषय हुन् । मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता र राष्ट्रिय कानुनी व्यवस्थामा भएका मापदण्डका आधारमा मानव अधिकारका विभिन्न आयामको वर्गीकरण गर्न सकिन्छ ।

मूल्य–मान्यता, कानुन र नीतिद्वारा निर्दिष्ट गरिएको मानव अधिकारलाई कार्यक्रम तथा योजना बनाइ कार्यान्वयन गर्न सकिन्छ । मानव मर्यादा, स्वतन्त्रता, समानता र ऐक्यबद्धता मानव अधिकारका मुख्य अवधारणा हुन् । संविधान तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजमा निहित मानव अधिकारको सम्मान, प्रवर्धन, संरक्षण र परिपालना गर्नु राज्यको दायित्व हो । दायित्व भन्नाले कुनै कामकुरामा जवाफदेही हुनाको अवस्था वा जिम्मेदारी भन्ने बुझिन्छ ।

समग्रमा मानव अधिकारका विविध पक्षलाई देहायनुसार व्याख्या गर्न सकिन्छः




**क. नागरिक अधिकार:**

आत्मनिर्णयको अधिकार, समानता र भेदभावविरुद्धको अधिकार, यातना र दासत्वविरुद्धको अधिकार, स्वतन्त्रता र निष्पक्ष न्यायको अधिकार, गोपनियताको अधिकार, व्यक्तिको रूपमा कानुनी मान्यता पाउने अधिकार, जन्मदर्ता तथा नागरिकताको अधिकार आदि नागरिक अधिकारअन्तर्गत पर्दछन् । नागरिक अधिकारलाई जीवनसँग सम्बन्धित अधिकारको रूपमा पनि बुझिन्छ । सरकारले नागरिकविरुद्ध गर्न नहुने कार्यविरुद्धको संरक्षण सम्बन्धित अधिकारहरू नागरिक अधिकार हुन । जस्तैः सरकारले कसैमाथि पनि भेदभाव गर्नुहुँदैन, यातना दिनुहुँदैन, आदि ।

**ख. राजनीतिक अधिकार :**

शान्तिपूर्ण रूपमा सभा, सम्मेलन तथा भेला गर्न पाउने अधिकार, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार, सङ्घसङ्गठन खोल्न पाउने तथा सङ्घसंस्थामा सहभागी हुन पाउने अधिकार, निर्वाचन तथा सार्वजनिक सेवामा प्रवेश गर्न पाउने अधिकार, आदि ।

**ग. आर्थिक अधिकार:**

व्यक्तिको आर्थिक अवस्थाको उत्थानसँग सम्बन्धित अधिकारलाई आर्थिक अधिकारको रूपमा बुझिन्छ । खान पाउने अधिकार, रोजगारीको अधिकार, उचित पारिश्रमिक पाउने अधिकार, दासताबाट मुक्ति पाउने अधिकार, सम्पत्तिको अधिकार, आवासको अधिकार आदि । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई समग्रमा सकारात्मक अधिकारको रूपमा बुझिने गरिन्छ । यसको अर्थ व्यक्तिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चित गर्न सरकारले नीति तथा कानुन निर्माण कार्यक्रम तयार बजेट विनियोजनजस्ता कार्य गरेर सरकारले व्यक्तिको अधिकार सुनिश्चित गर्न सकारात्मक कार्य गर्नुपर्ने भएकोले यस्ता अधिकारलाई सकारात्मक अधिकार मानिएको हो । समग्रमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई एकै पटक झट्ट प्राप्त गर्ने प्रकृतिको अधिकार नभई अधिकार सुनिश्चितता तथा उपभोगको अवस्थामा क्रमिक रूपमा सुधार गर्दै जाने प्रकृतिको भनेर मानिन्छ ।

## २.६ मानव अधिकार उल्लङ्घन र अपराधबीचको फरक

| मानव अधिकार उल्लङ्घन | अपराध |
|---|---|
| ■ राज्यपक्षको संलग्नतामा घटना भएको हुन्छ ।<br>■ राज्यले जिम्मेवारी वहन गर्ने सिलसिलामा गर्न असफल भएको कारणले घटना घटेको हुन्छ ।<br>■ सामान्यतय उजुरी दिन हदम्याद लाग्दैन ।<br>■ अनुसन्धान वा पुनःअनुसन्धान हुन सक्छ ।<br>■ व्यक्तिको अधिकार संरक्षण गर्ने कुरामा राज्यपक्ष निष्क्रिय भएको कारणले वा राज्यपक्षको संलग्नतामा घटना घटेको हुन्छ ।<br>■ राज्यपक्षले दायित्व बहन गर्नुपर्छ ।<br>■ राष्ट्रिय मानव अधिकार आयोग, संयुक्त राष्ट्रसङ्घीयजस्ता निकायमा उजुरी लाग्दछ ।<br>■ दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति हुन्छ ।<br>■ गैरन्यायिक हत्या, बेपत्ता, यातना, गैरकानुनी थुना, शान्तिसुरक्षा दिन नसक्नु, विस्थापित गराउनु, जातीय विभेद, लैङ्गिक हिंसा आदि मानव अधिकार उल्लङ्घनका उदाहरणहरू हुन् । | ■ व्यक्ति वा समूहको संलग्नतामा घटना भएको हुन्छ ।<br>■ घटना घटाएबापत व्यक्ति जिम्मेवार हुन्छ ।<br>■ हदम्यादभित्रै जाहेरी दिनुपर्छ ।<br>■ राज्यका अङ्गबाट सामान्यतः एक पटक अनुसन्धान हुन सक्छ ।<br>■ कुनै व्यक्ति वा समूहको सक्रियताबाट घटना घटेको हुन्छ ।<br>■ अपराधीले मात्र दायित्व बहन गर्नुपर्छ ।<br>■ प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय–लगायतमा उजुरी लाग्दछ ।<br>■ दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति हुन सक्छ ।<br>■ कर्तव्य ज्यान, चोरी, डकैती, कुटपिट, लुटपिट, ठगी, बलात्कार, मानव बेचबिखन, किर्ते, जालसाजी आदि अपराधका उदाहरणहरू हुन् । |

**घ. सामाजिक अधिकारः**

शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षासम्बन्धी अधिकार, भेदभावविरुद्धको अधिकार, उपयुक्त जीवनस्तर र व्यक्तित्व विकासको अधिकार आदि अधिकारलाई सामाजिक अधिकार भनिन्छ।

**ङ. सांस्कृतिक अधिकारः**

आफ्नो धर्म, संस्कृति, रीतिरिवाज तथा परम्पराको पालना, संरक्षण र संवर्धन, भाषाको प्रयोग र सांस्कृतिक जीवनमा सहभागी हुन पाउने लगायतका अधिकारलाई सांस्कृतिक अधिकार भनिन्छ।

**च. अन्य अधिकारहरू**

सामूहिक अधिकारः समूहको अधिकार र समुदायको अधिकार, विकासको अधिकारः सहभागी हुने अधिकार, योगदान गर्न पाउने, प्रतिफल उपभोग गर्न पाउने समान अवसर, वातावरणको अधिकार, प्रविधि (डिजिटल) अधिकार आदि।

## २.७ मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरू

मानव अधिकार विश्वव्यापी अवधारणा हो । मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षराष्ट्र भएका राज्यहरूले दस्तावेजहरूमा निहित प्रावधानहरूलाई अन्तर्राष्ट्रिय कानुनका आधारमा सम्मान, सरक्षण र परिपूर्ति गर्ने गराउने दायित्व निर्वाह गर्नुपर्दछ। सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको बडापत्र निर्माण र यसको स्थापना लगत्तै सन् १९४८ मा संयुक्त राष्ट्रसङ्घले मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गऱ्यो। त्यसपछि क्रमिक रूपमा घोषणपत्रमा उल्लेख गरिएको अधिकारलाई बन्धनकारी बनाउन वा कानुनी रूपमा प्राप्त गर्न सकिने बनाउन महासन्धिको निर्माण सुरु हुन थाल्यो । यसरी निर्माण भएका महासन्धिहरूमध्ये संयुक्त राष्ट्रसङ्घले नौ वटा महासन्धिलाई प्रमुख मानेको छ जसअन्तर्गत निम्न महासन्धिहरू पर्दछन्:

**मानव अधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय महासन्धिहरू**

१. सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५[१४]
२. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६[१५]
३. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६[१६]
४. महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७९[१७]
५. यातना तथा अन्य क्रूर वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि,१९८४[१८]
६. बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९[१९]
७. अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी महासन्धि, २००६[२०]
८. सबै आप्रवासी कामदारहरू र उनीहरूको परिवारको सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९० र
९. बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी महासन्धि, २००६।

माथि उल्लेख भएका महासन्धिहरूमध्ये सातवटालाई नेपालले अनुमोदन गरेको छ भने आप्रवासी कामदारहरू र उनीहरूको परिवारको सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९० र बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी महासन्धि, २००६ लाई नेपालले अनुमोदन गरेको छैन।

[१४] ३० जनवरी १९७१ मा सम्मिलन गरेको
[१५] १४ मे १९९१ मा सम्मिलन गरेको
[१६] ऐजन
[१७] २२ अप्रिल १९९१ मा अनुमोदन गरेको
[१८] १४ मे १९९१ मा सम्मिलन गरेको
[१९] १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको
[२०] २७ डिसेम्बर २००९ मा अनुमोदन गरेको

माथि उल्लेख गरीएका महासन्धीलगायत कुल मिलाएर, नेपाल २४ अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धिहरूको पक्ष राष्ट्र हो। नेपालले २०१८ देखि २०२३ सम्म लगातार दुई कार्यकाल मानव अधिकार परिषद्को सदस्यको रूपमा पनि सेवा गर्‍यो र २०११, २०१५ र २०२१ मा विश्वव्यापी आवधिक समीक्षाको पहिलो, दोस्रो र तेस्रो चक्रमा आफ्नो प्रतिवेदन प्रस्तुत गर्‍यो।[२१]

## २.८ मानव अधिकारसम्बन्धी मुख्य महासन्धिका मुलभूत व्यवस्था र राज्यको दायित्व

मानव अधिकारसम्बन्धी विभिन्न महासन्धिलगायतका दस्तावेजहरूमा मानव अधिकारका विभिन्न आयामको व्याख्या गर्नुका साथै राज्यको दायित्वका बारेमा उल्लेख गरिएका छन्। राज्यले अनुमोदन गरेका त्यस्ता अन्तर्राष्ट्रिय दस्तावेजको पालना गर्नु राज्यको कानुनी दायित्व हुन्छ। सङ्क्षेपमा महासन्धि र राज्यको दायित्वसम्बन्धी व्यवस्था यस प्रकार छन्ः

**(क) सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५**

यो महासन्धि सन् १९६५ मा संयुक्त राष्ट्रसङ्घद्वारा पारित गरिएको हो, जसको उद्देश्य जातीय भेदभावको सबै रूपहरू अन्त्य गर्नु हो। नेपालले यस महासन्धिलाई अनुमोदन गरी लागू गरिसकेको छ। यो महासन्धिले जातीय, रङ्ग, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिका आधारमा हुने भेदभावको अन्त्य गर्ने, सबै व्यक्तिलाई समान अधिकार र स्वतन्त्रताको सुनिश्चितता गर्ने, सहिष्णुता, मित्रता, र जातीय सद्भावको प्रवर्धन गर्ने जस्ता उद्देश्य लिएको छ। यस महासन्धिले समान कानुनी संरक्षण, निष्पक्ष सुनुवाइ, मतदानको अधिकार, शिक्षा, स्वास्थ्य सेवा, आवास, रोजगारीमा समान पहुँच, सार्वजनिक पदमा पहुँच, नीतिनिर्माणमा सहभागिता जस्ता अधिकार सुनिश्चितता गरी विभेदको अन्त्य गर्नको लागि पक्षराष्ट्रलाई आह्वान गर्दछ।

महासन्धिको धारा २ (ग) मा प्रत्येक पक्षराष्ट्रले सरकारी राष्ट्रिय तथा स्थानीय नीति पुनरावलोकन गर्न र जुनसुकै स्थानमा विद्यमान भएको भए पनि जातीय विभेद सिर्जना गर्ने कानुन, नियम संशोधन, खारेज वा गैरकानुनी घोषित गर्न प्रभावकारी उपाय अपनाउनुपर्ने उल्लेख गरेको छ। नेपालले ३० जनवरी १९७१ मा सम्मिलन गरी पक्ष राष्ट्र भएको हो।

**(ख) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६**

यो महासन्धि संयुक्त राष्ट्रसङ्घले सन् १९६६ मा पारित गरी १९७६ मार्च २३ देखि लागु भएको हो, जसको उद्देश्य व्यक्तिको नागरिक र राजनीतिक अधिकारहरूको संरक्षण र प्रवर्धन गर्नु हो। नेपालले सन् १९९१ मे १४ मा यस महासन्धिलाई अनुमोदन गरेको हो।[२२] यस महासन्धिले जीवनको अधिकार, यातना तथा अमानवीय व्यवहारबाट संरक्षण, स्वतन्त्रता र सुरक्षा अधिकार, निष्पक्ष सुनुवाइको अधिकार, कानुनी उपचारको पहुँच, विचार, अभिव्यक्ति, धर्म, विश्वासको स्वतन्त्रता, शान्तिपूर्ण भेला र सङ्गठनको अधिकार, मतदान गर्ने र निर्वाचित हुने अधिकार, सार्वजनिक सेवामा पहुँचको समान अवसर, जातीय, लैङ्गिक, भाषिक वा अन्य आधारमा भेदभावविरुद्धको अधिकार आदिलाई समेटेको छ।

धारा २ (१) मा महासन्धिका पक्षराष्ट्रले आफ्ना क्षेत्राधिकारभित्रका सबै व्यक्तिलाई जाति, वर्ण, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै प्रकारको भेदभावविना यस महासन्धिमा स्वीकृत अधिकारको सम्मान तथा सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ।

**(ग) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६**

यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९७६ डिसेम्बर १६ मा पारित गरिएको हो र ३ जनवरी १९६६ देखि लागु भएको हो। यसको उद्देश्य मानव जीवनका आधारभूत पक्षहरू, जस्तै शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, र सांस्कृतिक पहिचानको संरक्षण र प्रवर्धन गर्नु हो। नेपालले १४ मे १९९१ मा यस महासन्धिलाई अनुमोदन गरेको हो। यो महासन्धिले पक्षराष्ट्रलाई न्यायोचित र अनुकूल कार्यस्थितिमा काम

[२१] Ministry of Foreign Affairs, Nepal. https://mofa.gov.np/pages/multilateral-affairs-of-nepal-3/#:~:text=Third%2C%20Nepal%20is%20committed%20to,in%202011%2C%202015%20and%202021.
[२२] www.lawcommission.gov.np

गर्ने अवसर, बेरोजगारी, रोग, अपाङ्गता, वृद्धावस्था आदि अवस्थाको संरक्षण, खाना, आवास, लत्ताकपडा, र जीवनको गुणस्तर, शारीरिक तथा मानसिक स्वास्थ्यको उच्चतम स्तर प्राप्त गर्ने अवसर, प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क, उच्च शिक्षा पहुँचयोग्य, आफ्नै सांस्कृतिक पहिचान, भाषा, परम्पराको संरक्षण, वैज्ञानिक विकासको उपयोग गर्ने अधिकार सुनिश्चितताको लागि आह्वान गर्दछ।

धारा २ (२) मा यस महासन्धिका पक्षराष्ट्रहरूले यस महासन्धिमा उल्लिखित अधिकार जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीति वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै प्रकारको भेदभावविना उपभोग गरिने कुराको प्रत्याभूति दिने प्रतिज्ञा गर्दछन्।

**(घ) महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७९**

महिलामाथि हुने सबै प्रकारको विभेदको अन्त्यको लागि अन्तर्राष्ट्रिय महिला सम्मेलनको उपलब्धीको रूपमा यो महासन्धिलाई लिने गरेको पाइन्छ। यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९७९ डिसेम्बर १८ मा पारित भई सन् १९८१ सेप्टेम्बर ३ देखि लागू भएको हो। यसलाई प्रायः "महिलाको अधिकारको अन्तर्राष्ट्रिय कानुनी दस्तावेज" भनेर पनि चिनिन्छ। नेपालले यस महासन्धिलाई सन् १९९१ अप्रिल २२ मा अनुमोदन गरेको हो। यो महासन्धिको मुख्य उद्देश्य भनेको महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्नु, महिला र पुरुषबीच समानता कायम गर्नु, महिलाको पूर्ण विकास, प्रगति र स्वतन्त्रता सुनिश्चित गर्नुरहेको छ। महासिन्धमा ३० वटा धाराहरू रहेका छन्, जसले महिलाको राजनीतिक, आर्थिक, सामाजिक अधिकारलाई सुनिश्चित गर्नुको साथै महिलाको निजी तथा सार्वजनिक स्थानमा हुने विभेद र हिंसाको अन्त्यको लागि पक्ष राष्ट्रलाई आह्वान गर्दछ। यी अधिकारहरू अन्तर्गत महिलालाई मतदान गर्ने, उम्मेदवारी दिने, सार्वजनिक पदमा नियुक्त हुने अधिकार, सबै तहमा समान पहुँच, छात्रवृत्ति, खेलकुद, र व्यावसायिक तालिममा समान अवसर समान पारिश्रमिक, सुरक्षित कार्य वातावरण, मातृत्व सुरक्षाको अधिकार विशेषतः प्रजनन स्वास्थ्यसम्बन्धी सेवा र जानकारीमा पहुँचको अधिकार, विवाह गर्ने, सम्बन्ध विच्छेद गर्ने, बच्चा जन्माउने वा नजन्माउने स्वतन्त्रता कानुनको अगाडि समानता, सम्पत्तिको अधिकार, अदालतमा समान पहुँचको अधिकार, कृषि, बजार, सामाजिक सुरक्षा, र विकास कार्यक्रममा सहभागिताको अधिकार पर्दछन्। धारा २ मा पक्षराष्ट्रले महिलाविरुद्ध गरिने सबै भेदभावलाई उन्मूलनका लागि नीतिगत, कानुनी, प्रशासनिक वा अन्य उपाय अपनाउनुपर्ने उल्लेख गरेको छ।

**(ङ) यातना तथा अन्य क्रूर वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४**

राज्यपक्षबाट व्यक्तिविरुद्ध हुने यातना तथा अन्य क्रूर वा अपमानजनक व्यवहार वा दण्डविरुद्ध उपयुक्त कदम चाल्न र काम गर्न पक्षराष्ट्रहरूलाई अग्रसर गराउने उद्देश्यले यो महासन्धि संयुक्त राष्ट्रसङ्घले सन् १९८४ मा पारित गरी सन् १९८५ जुन २६ मा लागू भएको हो। यसले व्यक्तिको मर्यादा र मानव अधिकारको संरक्षण गर्न राज्यहरूलाई बाध्यकारी दायित्वहरू प्रदान गर्छ। नेपालले यस महासन्धिलाई सन् १९९१ मे १४ मा अनुमोदन गरेको हो। यस महासन्धिको मुख्य उद्देश्य भनेकै यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको पूर्ण उन्मूलन, पीडितलाई न्याय, क्षतिपूर्ति, पुनःस्थापना, र त्यस्तो घटना पुनः नदोहोरिने सुनिश्चित गर्नु, दोषीलाई दण्डित गर्न प्रभावकारी कानुनी व्यवस्था गर्नुरहेको छ।

महासन्धिको धारा २ (१) मा प्रत्येक पक्षराष्ट्रले आफ्नो अधिकार क्षेत्रअन्तर्गत कुनै पनि इलाकामा यातनाका कार्यलाई रोक लगाउन प्रभावकारी कानुनी, प्रशासनिक, न्यायिक वा अन्य उपाय अवलम्बन गर्नुपर्ने उल्लेख गरेको छ।

**(च) बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९**

संयुक्त राष्ट्रसङ्घले सन् १९८९ नोभेम्बर २ मा पारित गरेको यो महासन्धि बालबालिकाको अधिकार सुनिश्चित गर्न विश्वकै सबैभन्दा व्यापक दस्तावेज मानिन्छ। यो १९९० नेपालले यस महासन्धिलाई सन् १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरेको हो। बाल अधिकार महासन्धिको मुख्य उद्देश्य भनेको बालबालिकाको जीवन, विकास, संरक्षण र सहभागिता सुनिश्चित गर्नु, भेदभावरहित

वातावरणमा बालबालिकाको अधिकारको संरक्षण गर्नु, बालबालिकालाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक अधिकार प्रदान गर्नु हो । यस महासन्धिले निम्न चार आधारभूत सिद्धान्तहरूलाई समेटछः

भेदभावरहितता (धारा २), बालबालिकाको सर्वोत्तम हित (धारा ३), जीवन र विकासको अधिकार (धारा ६), तथा बालसहभागिता (धारा १२) । यी सिद्धान्तभित्र रहेर यो महासन्धिले बालबालिकालाई निम्न अधिकारहरू प्रदान गर्दछः

प्रत्येक बालबालिकाले बाँच्न र पूर्णरूपमा विकास हुन पाउने अधिकार, जात, धर्म, लिङ्ग, भाषा, अपाङ्गता आदि आधारमा भेदभाव नगर्ने व्यवस्था, विचार, धर्म, र जानकारी प्राप्त गर्ने स्वतन्त्रता, निःशुल्क प्राथमिक शिक्षा, व्यक्तित्व विकास, र मानव अधिकारको सम्मान, उच्चतम स्वास्थ्य सेवा, पोषण, र सुरक्षित वातावरणमा पहुँच, बालश्रम, यौनशोषण, बेचबिखन, र हिंसाबाट सुरक्षा, अपराधमा संलग्न बालबालिकालाई विशेष न्यायिक प्रक्रिया र यातनाबाट सुरक्षा, आमाबाबुसँग बस्न, पुनर्मिलन र पारिवारिक सम्बन्ध कायम राख्न पाउने अधिकार, आदि ।

धारा ४ मा पक्षराष्ट्रले महासन्धिमा स्वीकार गरिएका अधिकारको कार्यान्वयनको लागि सबै समुचित व्यवस्थापकीय, प्रशासनिक र अन्य उपाय अपनाउनुपर्ने उल्लेख गरेको छ ।

### (छ) अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६

संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् २००६ डिसेम्बर १३ मा पारित गरिएको यो महासन्धि अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न ऐतिहासिक कदम मानिन्छ । नेपालले यस महासन्धिलाई ७ मे २०१० मा अनुमोदन गरेको हो । यो महासन्धिको मुख्य उद्देष्य भनेको अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको संरक्षण र प्रवर्धन, भेदभावको अन्त्य गर्दै समान अवसर र पहुँच सुनिश्चित गर्नु, अपाङ्गता भएका व्यक्तिहरूको स्वतन्त्रता, स्वायत्तता, र सहभागिता सुनिश्चित गर्नु हो । यस महासन्धिले अपाङ्गता सामाजिक र वातावरणीय अवरोधको परिणाम हो भन्ने दृष्टिकोणलाई स्वीकार गर्छ र लैङ्गिक समानता, बालबालिकाको अधिकार र गरिबी निवारणमा जोड दिन्छ ।

यस महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूलाई कानुनको अगाडि समान व्यक्तिको रूपमा मान्यता, भेदभावपूर्ण व्यवहारबाट सुरक्षा, आफ्नो जीवनका निर्णयहरू आफैँ लिन पाउने स्वतन्त्रता, समावेशी, पहुँचयोग्य, र गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार, भेदभावविना उच्चतम स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार, श्रम बजारमा समान अवसर र सुरक्षित कार्य वातावरण, मतदान गर्ने, उम्मेदवारी दिने, र सार्वजनिक जीवनमा सहभागी हुने अधिकार, सांस्कृतिक जीवन, मनोरञ्जन, विश्राम, र खेलकुदमा सहभागी हुने अधिकार, तथा भौतिक संरचना, प्रविधि, र सेवामा सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था गरेको छ । धारा ४ (१) मा महासन्धिमा भएका अधिकारको कार्यान्वयनको लागि पक्षराष्ट्रले उपयुक्त व्यवस्थापकीय, प्रशासनिक तथा अन्य उपाय ग्रहण गर्नुपर्ने उल्लेख छ ।

### (ज) सबै आप्रवासी कामदारहरू र उनीहरूको परिवारको सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९०

यो महासन्धि संयुक्त राष्ट्रसङ्घले सन् १९९० डिसेम्बर १८ मा पारित गरी सन् २००३ जुलाई १ देखि लागु भएको हो । यसले आप्रवासी कामदार र तिनका परिवारका सदस्यहरूको मानव अधिकारको संरक्षण गर्न अन्तर्राष्ट्रिय स्तरमा कानुनी ढोका खोलिदिएको छ । नेपालले हालसम्म यस महासन्धिलाई अनुमोदन गरेको छैन । यो महासन्धिको उद्देश्य आप्रवासी कामदार र तिनका परिवारको सदस्यहरूलाई भेदभावविना मानव अधिकारको संरक्षण, सुरक्षित, मर्यादित, र शोषणमुक्त आप्रवासन सुनिश्चित गर्नु, कामदारको सामाजिक, आर्थिक, सांस्कृतिक अधिकारको प्रवर्धन गर्नु रहेको छ ।

यस महासन्धिले आप्रवासी कामदार र उनीहरूको परिवारको यातना, क्रूर व्यवहार, दासत्व, जबर्जस्ती श्रमबाट संरक्षण, कानुनको अगाडि समानता, निष्पक्ष सुनुवाइ, गैरकानुनी गिरफ्तारीबाट सुरक्षा, विचार, धर्म, अभिव्यक्ति स्वतन्त्रता, पारिवारिक गोपनियता, पारिश्रमिक, कार्य समय, छुट्टी, सुरक्षित कार्य वातावरणमा समान व्यवहार, विभेदविना शिक्षा, स्वास्थ्य सेवा, आवासमा पहुँच, आर्जन गरेको सम्पत्ति

सुरक्षित रूपमा स्थानान्तरण गर्ने अधिकार, परिवार पुनर्मिलन, बालबालिकाको नाम, जन्मदर्ता, राष्ट्रियता, तथा आफ्नो देशमा राजनीतिक अधिकारमा सहभागिता गर्न पाउने अधिकारको व्यवस्था गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगले यस महासन्धिको पक्ष राष्ट्र बन्न नेपाल सरकारलाई सिफारिस गरेको छ ।

**(झ) बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी महासन्धि, २००६**

यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् २००६ डिसेम्बर २० मा पारित गरी सन् २०१० डिसेम्बर २३ मा लागू भएको हो । यसले व्यक्तिलाई राज्य वा राज्यको निर्देशनमा बलपूर्वक बेपत्ता पार्ने कार्यको विरुद्धमा संरक्षण प्रदान गर्छ । नेपालले हालसम्म यस महासन्धिलाई अनुमोदन गरेको छैन । यो महासन्धिको उद्देश्य भनेको बलपूर्वक बेपत्ता पार्ने कार्यको पूर्ण उन्मूलन गर्नु, पीडित र तिनका परिवारलाई न्याय, सत्य, परिपूरण, र पुनःनदोहोरिने प्रत्याभूति सुनिश्चित गर्नु र दोषीलाई दण्डित गर्न कानुनी व्यवस्था गर्नु हो ।

यो महासन्धिले कुनै पनि व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्न नपाइने अधिकार, बेपत्ता पारिएका व्यक्तिको अस्तित्व कानुनीरूपमा मान्यता प्राप्त हुनुपर्ने अधिकार, पीडित र तिनका परिवारलाई अदालतमा उजुरी दिने र निष्पक्ष सुनुवाइको अधिकार, बेपत्ता पारिएका व्यक्तिको अवस्था र स्थानबारे जानकारी प्राप्त गर्ने अधिकार, पीडित र परिवारलाई क्षतिपूर्ति, पुनःस्थापना, र मनोसामाजिक सहयोगको व्यवस्थासम्बन्धी अधिकार, यस्ता घटनाहरू पुनः नदोहोरिने सुनिश्चित गर्न कानुनी र संस्थागत सुधारसम्बन्धी अधिकार, सदस्य राष्ट्रहरूबीच अनुसन्धान, प्रत्यर्पण, र रोकथाममा सहयोग गर्ने व्यवस्थाको अधिकार समेटेको छ ।

## २.९ नेपालमा मानव अधिकारसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

मानव अधिकारको सुनिश्चितताको लागि बनेका संवैधानिक तथा कानुनी व्यवस्था, ती व्यवस्थालाई कार्यान्वयन गर्ने, कार्यान्वयन भए–नभएको अनुगमन गर्ने संरचनाहरू समग्र रूपमा मानव अधिकारका आधारशीला वा आधारस्तम्भ भनेर बुझ्नुपर्छ । मानव अधिकारको उच्चतम लक्ष्य भनेकै मानव अधिकारलाई कानुनतः व्यक्तिले उपभोग गर्न सक्ने अवस्थाको सिर्जना गर्नु हो । व्यक्तिले मानव अधिकारलाई एक सिद्धान्तको रूपमा मात्र बुझ्ने नभई उपभोग्य अधिकारको रूपमा ग्रहण गर्ने र हकअधिकारको उल्लङ्घन भएमा न्यायिक निकायबाट हक प्रचलन गराउन सक्ने खालको अधिकारको रूपमा बुझ्नु पर्दछ ।

राष्ट्रले मानव अधिकारका विषयवस्तुलाई संविधान तथा कानुनमा व्यवस्थित गरेर संवैधानिक तथा कानुनी अधिकारको रूप दिएको हुन्छ । यस्ता अधिकार प्रचलनका लागि प्रहरी, अदालतजस्ता संरचना निर्माण भएका हुन्छन् भने त्यस्ता अधिकारको उपभोग गर्न पाए नपाएको वा अधिकारको कार्यान्वयन भए–नभएको अनुगमन गर्ने निष्पक्ष निकायहरूको पनि स्थापना गरिएका हुन्छन् । नेपालमा मानव अधिकार सुनिश्चितताका लागि संविधान तथा कानुनमा विभिन्न व्यवस्था गरिएको छ ।

### २.९.१ संवैधानिक व्यवस्था

नेपालको संविधानले पनि मानव अधिकारका विभिन्न आयामलाई आत्मसात् गरेको छ । धारा १६ देखि ४६ सम्म मौलिक हकअन्तर्गत संवैधानिक उपचारको हकसहितको सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, न्यायसम्बन्धी हक, छुवाछूत तथा भेदभावविरुद्धको हक, गोपनियताको हक, शोषण विरुद्धको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, सामाजिक न्यायको हकलगायत ३१ वटा मौलिक हकको व्यवस्था गरिएको छ । धारा ४७ मा मौलिक हकको कार्यान्वयन र धारा ४८ मा नागरिकको कर्तव्य सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ ।

संविधानको धारा ५० मा निर्देशक सिद्धान्त अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरी राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानुनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने उल्लेख गरिएको छ ।

राज्यको दायित्वका रूपमा संविधानको धारा ५६ को उपधारा ६ मा सङ्घ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता,

राष्ट्रिय हित, सर्वाङ्गीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानुनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्नेछन् भनी उल्लेख गरिएको छ ।

संविधानको धारा २४९ मा मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भनी उल्लेख गरिएको छ । नेपालमा मानव अधिकारको संरक्षण र संवर्धन गर्नका लागि संविधानले राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था गरेको छ ।[२३] पेरिस सिद्धान्तबमोजिम पूर्णरूपमा स्थापित राष्ट्रिय मानव अधिकार संस्थाहरूलाई 'क' श्रेणीमा राखिने गरिएको छ[२४] र नेपालको राष्ट्रिय मानव अधिकार आयोग हालसम्म 'क' श्रेणीमा रहिआएको छ ।

नेपालको संविधानको भाग २७ मा अन्य आयोगहरूः राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारु आयोग र मुस्लिम आयोगको व्यवस्था रहेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगलगायत अन्य आयोगहरूले नेपालमा मानव अधिकारको सम्मान, संरक्षण र संवर्धनको लागि महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् ।

### २.९.२ कानुनी व्यवस्था

नेपालले निर्माण गरेको ऐन र नियमहरु[२५] मध्ये कतिपय प्रत्यक्षरूपमा मानव अधिकारको संरक्षण र संवर्धनसँग सम्बन्धित छन् । संविधानको धारा ४७ बमोजिम मौलिक हकको कार्यान्वयनको लागि संविधान जारी भएको मितिले तीन वर्षको समयसीमाभित्र आवश्यक ऐनहरूको निर्माण भएको छ ।[२६]

तल उल्लेख गरिएका ऐनहरू संविधानमा उल्लिखित मौलिक हकहरूको कार्यान्वयनसँग सम्बन्धित छन् :

- भूमिसम्बन्धी ऐन, २०२१ (सातौँ संशोधन, २०७५)
- सार्वजनिक सूरक्षा ऐन, २०४६ (तेस्रो संशोधन, २०७५)
- वातावरण संरक्षणसम्बन्धी ऐन, २०५३ (पहिलो संशोधन, २०७५)
- जातीय विभेद तथा छुवाछुत (अपराध तथा सजाय) ऐन, २०६८ (पहिलो संशोधन, २०७२)
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ (पहिलो संशोधन, २०७५)
- सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५
- उपभोक्ता संरक्षण ऐन, २०७५
- जनस्वास्थ्य सेवा ऐन, २०७५
- आवासको अधिकारसम्बन्धी ऐन, २०७५
- खाद्य अधिकार तथा खाद्य संप्रभुतासम्बन्धी ऐन, २०७५
- वैयक्तिक गोपनियतासम्बन्धी ऐन, २०७५
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५
- रोजगारीको हकसम्बन्धी ऐन, २०७५
- सामाजिक सुरक्षा ऐन, २०७५
- अपराध पीडित संरक्षण ऐन, २०७५
- बालबालिकासम्बन्धी ऐन, २०७५

यी कानुनहरूको कार्यान्वयन हुन सकेमा मानव अधिकारको उपभोगको अवस्था सुदृढ हुनेछ ।

यी ऐन नियमको साथसाथै नेपाल सरकारले शिक्षा, कृषि, उद्योग, वातावरण, बाल संरक्षणजस्ता धेरै विषयसँग सम्बन्धित नीतिहरू पनि तर्जुमा गरेको छ ।[२७] यी नीतिहरूले पनि नेपालमा मानव अधिकारका लागि आधार निर्माण गरेका छन् ।

---

[२३]नेपालको संविधानको भाग २५
[२४]राष्ट्रिय मानव अधिकार अनुगमन संस्थाहरूको गठबन्धनको उपसमितिबाट मान्यता (Accreditation by the Sub-committee on Accreditation (SCA) of the Global Alliance of NHRIs (GANHRI))
[२५]http://www.lawcommission.gov.np/np/category-%e0%a4%85%e0%a4%a8%e0%a5%8d%e0%a4%af
[२६]धेरै ऐनहरू २०७४ असोज २ भित्र नै संशोधन वा निर्माण गरिएका थिए ।
[२७]http://www.lawcommission.gov.np/np/category-%E0%A4%AE%E0%A5%8C%E0%A4%9C%E0%A5%81%E0%A4%A6%E0%A4%BE-%E0%A4%95%E0%A4%BE%E0%A4%A8%E0%A5%82%E0%A4%A8%E0%A4%B9%E0%A4%B0%E0%A5%81-%E0%A4%A8%E0%A4%BF%E0%A4%A4%E0%A4%BF%E0%A4%B9%E0%A4%B0

# परिच्छेद तीन

## मानव अधिकारमुखी पद्धतिको अवधारणा

### ३.१. मानव अधिकारमुखी अवधारणा

मानव अधिकारमुखी अवधारणालाई सामान्यतया विकासका कार्यको सन्दर्भमा जोडेर हेर्ने गरिएको भए तापनि यस अवधारणालाई बृहत् दृष्टिकोणबाट हेर्दा राज्यले नागरिकलाई दिने सेवा, सुविधा, दया, माया वा कल्याणको भावनाले नभई त्यस्तो सेवा, सुविधा नागरिकको जीवन रक्षा, आत्मसम्मान र समग्र विकाससँग जोडिएर आउने हुनाले त्यस्तो सेवा, सुविधा पाउने नागरिकको अधिकार हो भन्ने अवधारणा नै मानव अधिकारमुखी अवधारणा हो। मानव अधिकारमूखी अवधारणाअनुसार "व्यक्ति अधिकारको बाहक हो, व्यक्तिको अधिकार हुन्छ" र "राज्यको ती अधिकार उपभोगको सुनिश्चितता गर्ने दायित्व हुन्छ" भनेर बुझ्नुपर्ने हुन्छ।

मानव अधिकारमुखी अवधारणा मानव अधिकारलाई सबैभन्दा प्राथमिक, आधारभूत र अनिवार्य मान्ने सोच वा दृष्टिकोण हो, जुन कुनै पनि परिस्थिति, प्रणाली वा व्यवस्थाले उल्लङ्घन गर्न सक्दैन भनेर मानिन्छ साथै नागरिकको मानव अधिकार संरक्षणलाई सबैभन्दा महत्त्व दिइन्छ।

विकासको कल्याणकारी अवधारणाको सीमितता र कमजोरी औँल्याइएपछि मानव अधिकारमुखी अवधारणाको चर्चा सुरु भएको हो । कल्याणकारी अवधारणाले व्यक्तिको न्यूनतम आधारभूत आवश्यकताको परिपूर्तिको उद्देश्य राख्दछ । कल्याणकारी राज्यले नागरिकको न्यूनतम आधारभूत आवश्यकताको परिपूर्ति गर्नुपर्छ भन्ने मान्यता राख्दछ । यो पद्धति विपन्न, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत, रोजगारी नभएका, जेष्ठ नागरिक लगायतका अफ्ठ्यारो स्थितिमा बाँचिरहेका व्यक्तिलाई लत्ताकपडा, खाना, औषधीउपचार, बास आदिको व्यवस्था राज्यले गर्नुपर्ने भन्ने तर्फ केन्द्रित छ।

राज्यको कल्याणकारी पद्धतिले लक्षित वर्गको क्षमता र सभावना लाई अवमूल्यन गर्ने र उनीहरुलाई उत्पादनशील कार्यमा सलग्न नगराउने साथै समाजको विकासमा उनीहरुको सहभागिता नहुने अवस्था सिर्जना भयो। परिणामतः मानव अधिकारमुखी पद्धतिको अवधारणाको विकास भयो।

### ३.२ मानव अधिकारमुखी पद्धतिको विकास

मानव अधिकारमुखी पद्धतिको सर्वमान्य र विश्वव्यापी परिभाषा कुनै पनि अन्तर्राष्ट्रिय महासन्धिले दिएको छैन । मानव अधिकारमुखी पद्धति सैद्धान्तिक रूपमा अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्डमा आधारित र व्यवहारिक रूपमा मानव अधिकारको प्रवर्धन तथा संरक्षणतर्फ निर्देशित हुन्छ । सन् १९८६ मा संयुक्त राष्ट्रसङ्घले विकासको अधिकारसम्बन्धी घोषणापत्र जारी गरेपछि नागरिकको विकासको अधिकार हुन्छ, विकासको अधिकार मानव अधिकार हो भन्ने कुरा स्थापित भयो । उक्त घोषणपत्र जारी भएपछि विकासलाई मानव अधिकारको रूपमा मान्यता दिई तिनलाई दाबी गर्न सकिने अधिकार बनाएर राज्यलाई जवाफदेही बनाउदै विकास हासिल गर्ने विधिको रूपमा मानव अधिकारमुखी पद्धतिको विकास हुँदै आएको पाइन्छ।

विकासको अधिकारसम्बन्धी घोषणापत्र १९८६ ले विकासको अधिकारमा मुख्य रूपले निम्न तीन वटा अधिकारलाई उल्लेख गरेको पाइन्छः


(क) विकास प्रक्रियामा सहभागी हुने अधिकार,
(ख) विकास प्रक्रियामा योगदान गर्ने अधिकार र
(ग) विकासको प्रतिफल उपभोग गर्न पाउने अधिकार।

विकासका लागि मानव अधिकारमुखी पद्धतिमा मानव अधिकारहरू विकास हासिल गर्ने माध्यम हुन् र विकास हुनुभनेकै मानिसको अधिकारको परिपूर्ति हुनु हो भन्ने मानिन्छ।

सन् २००३ मा संयुक्त राष्ट्रसङ्घीय निकायहरूले मानव अधिकारमुखी पद्धतिको संयुक्त राष्टसङ्घको साझा समझदारीमा सहमति जनाए । जसअनुसार "विकास सहयोगका सबै कार्यक्रमहरूले मानव अधिकारको विश्वव्यापी घोषणापत्र र अन्य अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजहरूमा उल्लेख गरिएअनुसार मानव अधिकारको प्राप्तिलाई अगाडि बढाउनुपर्छ।"[२८]

[२८] https://www.humanrights.dk/publications/hrba-check-human-rights-based-approach-accountability-mechanism

## PANTHER Principle




### ३.३ मानव अधिकारमुखी विकास पद्धति

विकास के हो र विकास कसरी गर्न सकिन्छ भन्ने विषयमा विभिन्न अवधारणा र पद्धतिहरू प्रचलनमा छन् । लामोसमयसम्म विकासलाई आय अथवा आर्थिक वृद्धिसँग जोडेर हेर्ने गरिन्थ्यो ।[२९] यसै गरी गतिशीलता र परिवर्तनलाई विकासको अभिन्न विषय मान्ने क्रममा परिवर्तनमा आधारित विकास पद्धतिलाई आत्मसात गर्न थालियो ।[३०] विकासको लागि पहिलेको अवस्थामा सुधार हुनुपर्छ वा सुधारात्मक परिवर्तन नै विकास हो भन्ने मान्यतालाई धैरैले अङ्गालेको पाइन्छ । विकासलाई फरक फरक ढङ्गले बुझ्ने क्रममा मानिसको आधारभूत आवश्यकतासँग जोडेर हेर्न थालियो जसको परिणमस्वरूप राष्ट्रिय विकासको नीति जनताको आवश्यकता परिपूर्ति गर्नेतर्फ लक्षित हुनुपर्ने ठान्न थालियो ।[३१]

विकासको लागि मानव अधिकारमुखी पद्धतिमा PANTHER सिद्धान्त सर्वमान्य र स्वीकार्य सिद्धान्त हो ।[३२] फिलिपिन्सको मानव अधिकार आयोगले मानव अधिकार उच्चआयुक्तको कार्यालयलाई लेखेको एक पत्रमा पनि फिलिपिन्सले कानुन निर्माण गर्ने क्रममा PANTHER सिद्धान्तलाई अङ्गिकार गर्दा प्रभावकारी हुने कुरा उल्लेख गरेको छ ।[३३]

PANTHER Principle भन्नाले Participation, Accountability, Non-discrimination and Equality, Transparency, Human Dignity, Empowerment, and Rule of Law (Linkage with human rights international standard) जस्ता तत्व सामेल भएको सिद्धान्त हो अर्थात् मानव अधिकारमुखी पद्धतिमा आधारित विकासका लागि सहभागिता, जवाफदेहीता, अविभेद र समानता, पारदर्शीता, मानव मर्यादाको सम्मान, सशक्तिकरण र कानुनको शासन अपरिहार्य हुन्छ भन्ने बुझिन्छ । विशेष गरी आर्थिक तथा सामाजिक अधिकारहरूमा Adequacy, Availability, Accessibility, Acceptability, and Quality (AAAAQ) लाई मापन गर्ने गरिन्छ । जस्तै खान पाउने अधिकार को उपभोगको विश्लेषण गर्दा खानाको उपलब्धता, खानामाथिको पहुँच, स्वीकार्यता र खानाको गुणस्तरियताको मापदण्डअनुसार विश्लेषण गरिन्छ ।

यस पद्धतिलाई बृहत्तर दृष्टिकोणबाट राज्यका हरेक कार्यमा अवलम्बन गर्नुपर्ने अभ्यासको विकास भएसँगै सबै तहका सरकारहरुले यसको अवलम्बनलाई प्राथमिकतामा राख्नुपर्दछ । विकाससँग मात्रै नभई योजना, बजेट तथा कार्यक्रम तर्जुमा, सबै सेवा प्रवाहलगायतमा यसको प्रयोगले मानव अधिकारको संरक्षण र संवर्धन थप प्रभावकारी हुने देखिन्छ । अतः हरेक तहका सरकारले यसको अवलम्बन गरी मानव अधिकारमुखी संस्कृतिको विकास गर्न आवश्यक छ ।

[२९]राष्ट्रिय मानव अधिकार आयोग, विकासका लागि मानव अधिकारमूखी पद्धतिः स्रोत पुस्तक, २०६८, पृ. ५
[३०]ऐजन ।
[३१]ऐजन ।
[३२]मर्गोट स्कार्पिटिग, प्यान्थर एण्ड द राइट्स बेस्ड एप्रोच, available at:
https://www.salzburgglobal.org/news/latest-news/article/panther-and-the-rights-based-approach
[३३]मानव अधिकार उच्च आयुक्तको कार्यालयको अनुरोधमा फिलिपिन्सको मानव अधिकार आयोगले "मानव अधिकार, लोकतन्त्र र कानुनको शासन" सम्बन्धी दोस्रो सत्रमा पेस गरेको, २०१८ ।

## ३.४ विकास र मानव अधिकार

विकास र मानव अधिकार अलग विषय हो कि भन्ने जस्तो भाष्य निर्माण गरिन खोजिए पनि विकास र मानव अधिकार अलग विषय हुनै सक्दैनन्, यी त एक अर्काका परिपूरक हुन्। विकास र मानव अधिकार अन्योन्याश्रित विषय हुन्। मानव जातिकै संवृद्धिका लागि गरिने विकासले कहीँकतैबाट पनि मानव अधिकार हनन गरिनु हुँदैन । ठूला एवम् गौरवका विकासका योजना निर्माण गर्दा निम्न वर्गका घर, मौलिकता झल्काउने बस्ती, पानीका मुहानजस्ता विषयलाई असर पुग्ने वा प्राकृतिक विपत्ति आउन सक्ने विषयमा बढी गम्भीर हुनुपर्दछ । वासस्थानको सुनिश्चितता जिविकोपार्जनको प्रत्याभूति, संस्कृति संरक्षणको प्रत्याभूति, पर्यावरणको सुनिश्चितताजस्ता विषयमा गम्भीर एवम् संवेदनशील हुनुपर्दछ।

पूर्वाधार विकास मानवीय संवृद्धिकै निम्ति हुने हो तर यसक्रममा जनतामा नकारात्मक प्रभाव पर्न गई मानव अधिकारको हनन् भैरहेको हुन सक्दछ। पूर्वाधारका योजना तयार गर्दा मानव अधिकार र वातावरणीय दृष्टिकोणबाट पूर्वमूल्याङ्कन गरिनुपर्दछ। यसका केही उदाहरण सङ्क्षेपमा यस प्रकार छन्ः

- भूमि अधिकार र विस्थापनः पूर्वाधार विकासका लागि जमिनको आवश्यकता पर्दछ, जसबाट त्यस क्षेत्रमा बसोवास गरिरहेका, काम गरिरहेका नागरिकको सम्पत्ति, बसोवास, जीविकोपार्जन, संस्कृतिलगायतका अधिकारमा आघात पुगेको हुन सक्दछ। यसमा कम भन्दा कम क्षति हुने विकल्पसहित उचित क्षतिपूर्ति र दिर्घकालीन व्यवस्थापनलाई ध्यान दिइनुपर्छ, लगानी गर्नुपर्छ।
- वातावरणीय तथा स्वास्थ्यमा पार्ने प्रभावः कतिपय पूर्वाधार विकासले वातावरण विनाशलाई तीब्रगति दिने, अधिक प्रदुषण उत्सर्जन पार्ने, जलवायू परिवर्तन तथा जैविक विविधतामा असर पुऱ्याउँदछ । जसले नागरिकका स्वास्थ्य, पानी, खाद्य तथा स्वच्छ वातावरणको अधिकारलाई कुण्ठित बनाउन सक्दछ। अतः यसको न्यूनीकरणका लागि योजना परिकल्पना, डिजाइन अवधिदेखि उचित ध्यान दिँदै प्रभावितका लागि क्षतिपूर्ति र दीर्घकालिन व्यवस्थापनमा लगानी गर्नुपर्छ।
- श्रमिकको अधिकार र कार्यअवस्थाः पूर्वाधार विकासले अधिक रोजगारीको अवसर सिर्जना गर्दछ । यसमा स्थानीय नागरिकको सहभागिता लगायत उचित ज्याला, काम गर्ने सुरक्षित र स्वच्छ वातावरण, विभेदरहित, सङ्गठित हुने लगायतका श्रमिकको अधिकारबारे पर्याप्त ध्यान दिइनुपर्दछ । कतिपय आप्रवासी श्रमिक, महिला, बालबालिका थप जोखिममा पर्न सक्दछन्, कार्यस्थलमा हुनसक्ने यौनदुव्र्यवहारको जोखिम रहन सक्दछ।
- सूचना र सहभागितामा पहुँचः पूर्वाधार विकासका परियोजनाबाट स्थानीय प्रभावित नागरिकको जीवनमा सकारात्मक र नकारात्मक दुवै प्रकारका प्रभाव पर्न सक्दछ । तसर्थ, उनीहरूलाई परियोजनाको बारेमा यथेष्ट जानकारी दिने, निर्णय प्रक्रियालाई प्रभाव पार्ने हैसियतमा आफ्ना विचार र सरोकार व्यक्त गर्ने अवसर दिनुपर्दछ। प्रायः अशिक्षित, गरिब वा विपन्न समूहका सिमान्तकृत व्यक्तिलाई यस्ता सूचना र सहभागिताबाट वञ्चित गर्नुहुँदैन।
- सुरक्षा र विकृतिः पूर्वाधार विकासका परियोजनामा विभिन्न पृष्ठभूमिका अन्यत्रबाट आएका व्यक्तिको संलग्नता हुने गर्दछ र उनीहरूको सेवा अनिश्चित पनि हुन सक्दछ । उनीहरू स्थानीय समुदाय, संस्कृतिप्रति सम्वेदनशील नहुने जोखिम रहन्छ । यस्ता व्यक्तिलगायतबाट स्थानीय महिला तथा बालबालिकाप्रति यौन तथा अन्य दुव्र्यवहार हुन सक्ने जोखिम रहन्छ। कतिपय अवस्थामा विभिन्न विकृति हरु, जस्तै लागू पदार्थको दुर्व्यसन, ओसारपसार आदि स्थानीय समुदायमा आउन सक्ने जोखिम पनि रहने हुँदा यस्ता परियोजनाको सञ्चालन तथा अनुगमन गर्दा यी कुरामा समेत ध्यान दिनुपर्दछ।

# परिच्छेद चार

## स्थानीय तहसम्बन्धी व्यवस्था र स्थानीय तहको काम, कर्तव्य र अधिकार

मिति २०७२ साल असोज ३ गते जारी गरिएको नेपालको संविधानले स्वायत्तता र स्वशासनको सिद्धान्तलाई आत्मसात गरी नेपाली नागरिकको आर्थिक र सामाजिक स्तरउन्नति गर्न नेपालको शासकीय स्वरूप सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ ।[३४] यसका साथै नेपालको संविधानको अनुसूचीमा यी तीनै तहले एकल रूपमा तथा आपसी समन्वय, सहकार्य तथा सहयोगमा कार्यन्वयन गर्नुपर्ने अधिकारहरूको सूची स्पष्टसँग तोकिएको छ । अनुसूचीमा उल्लेख भएका ती कार्यहरू वा अधिकारहरू मानव अधिकारसँग सम्बन्धित विषयवस्तुहरू हुन् । तसर्थ यी अधिकारहरूको कार्यान्वयन गर्ने जिम्मेवारी राज्यका तीनै तहको हो ।

जनताप्रति पूर्णरूपले उत्तरदायी भई लोकतन्त्रको महत्त्वपूर्ण सवालहरू, जस्तै–जनसहभागिता, पारदर्शिताको सुनिश्चितता गर्दै स्थानीय स्तरबाट नै जनतालाई सर्वसुलभ गुणस्तरीय सेवा प्रदान गरी लोकतन्त्रको जग बलियो बनाइ घरघरमा सरकारको प्रत्याभूति जनतालाई महसुस गराउने उदेश्य लिई स्थानीय सरकारको गठन गरिएको देखिन्छ ।[३५]

## ४.१ नेपालको संविधानबमोजिम स्थानीय तहको काम, कर्तव्य र अधिकार

नेपालको संविधानले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका बीचमा अधिकारको बाँडफाँड गर्दा एकल अधिकार र साझा अधिकार गरी दुई प्रकारमा विभाजन गरेको छ ।[३६]

**स्थानीय तह**

| क्र.स. | एकल अधिकारको सूची |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ.एम. सञ्चालन |
| ४ | स्थानीय कर |
| ५ | स्थानीय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू |
| ८ | आधारभूत र माध्यमिक शिक्षा |
| ९ | आधारभूत स्वास्थ्य र सरसफाइ |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइ |
| १२ | गाउँ–सभा, नगर–सभा, जिल्ला–सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | घरजग्गा धनीपुर्जा वितरण |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६ | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन |
| १७ | बेरोजगारहरूको तथ्याङ्क सङ्कलन |
| १८ | कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण |
| १९ | खनेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा |
| २० | विपद् व्यवस्थापन |
| २१ | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २२ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

[३४]स्थाानीय शासन स्रोत पुस्तिका, नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार काठमाडौँ, २०७४, पृ १,३
[३५]स्थानीय सरकार सञ्चालन ऐन २)७४, प्रस्तावना
[३६]नेपालको संविधान, धारा ५७
[३७]ऐजन, अनुसूची ८

नेपालको संविधानले देहायबमोजिम स्थानीय सरकारको एकल अधिकारको व्यवस्था गरेको छ:[३७]

नेपालको संविधानले देहायबमोजिम सङ्घीय, प्रदेश र स्थानीय सरकारको साझा अधिकारको व्यवस्था गरेको छ:[३८]
तल उल्लिखित अधिकारहरू मानव अधिकारसँग प्रत्यक्ष सम्बन्धित छन्।

**सङ्घ, प्रदेश र स्थानीय तह**

| क्र.स. | साझा अधिकारको सूची |
|---|---|
| १ | सहकारी |
| २ | शिक्षा, खेलकुद, पत्रपत्रिका, खानेपानी, सिँचाइ सेवाहरू |
| ३ | स्वास्थ्य |
| ४ | कृषि |
| ५ | विद्युत, खानेपानी, सिँचाइजस्ता सेवाहरू |
| ६ | सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७ | वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| ८ | खानी तथा खनिज |
| ९ | विपद् व्यवस्थापन |
| १० | सामाजिक सुरक्षा र गरिबी निवारण |
| ११ | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क |
| १२ | पुरातात्व, प्राचीन स्मारक र सङ्ग्रहालय |
| १३ | सुकुम्बासी व्यवस्थापन |
| १४ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| १५ | सवारी साधन अनुमति |

## ४.२ स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहको काम, कर्तव्य र अधिकार

स्थानीय तहलाई हालको संरचनामा देहायको दुई निकायमा विभाजन गरिएको छ:[३९]

१) नगरपालिका र

२) गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिका र नगरपालिकालाई तोकेको काम कर्तव्य र अधिकार समग्रमा नागरिककै हक अधिकारको संरक्षण र प्रवर्धनका लागि हुन् ।[४०] यस ऐनले स्थानीय तहलाई तोकेको विविध कार्यमध्ये स्थानीय नागरिकलाई सामाजिक न्यायको महसुस गराउनको लागि स्थानीय कानुन बनाउने, प्रकोपको बेला नागरिकलाई सहयोग गर्ने, स्थानीय न्यायिक समितिमार्फत सामान्य विवादको निरोपण गर्ने जस्ता कार्यलाई मानव अधिकारसँग जोडेर हेर्न सकिन्छ।

यस ऐनअनुसार स्थानीय सरकारले छुट्टै नगर प्रहरीको स्थापना गर्न सक्ने व्यवस्था छ। नगर प्रहरीले गाउँपालिका र नगरपालिकाको नीति, कानुन,योजना तथा निर्णय कार्यान्वयन गर्न, सम्पत्तिको सुरक्षा गर्न, स्थानीय सभा समारोह, कार्यक्रमहरू व्यवस्थापन गर्न, न्यायिक समितिको निर्णयको कार्यान्वयन गर्न, विपद् व्यवस्थापनको क्रममा उद्धार कार्यमा खटिन, सरसफाइ मापदण्डको पूर्ण परिपालना गर्न तथा सार्वजनिक सम्पतिमाथि हुने अनाधिकृत अतिक्रमण रोक्नको लागि काम गर्दछ।[४१]

यस ऐनले गाउँपालिका र नगरपालिकालाई नागरिकको आर्थिक स्थितिलाई सुदृढ गर्दै उनीहरूको आर्थिक अधिकारको प्रवर्धन गर्न स्थानीय तहमा वित्तीय कारोबारलाई सबलीकरण गर्नका निम्ति सहकारीसम्बन्धी नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन गर्ने, सहकारी बचत र ऋणलाई नियमन गर्ने, सहकारी दर्ता, अनुमति खारेजी र विघटनको निर्णय लिन सक्ने, सहकारीसँग सम्बन्धित स्थानीय तथ्याङ्क सङ्कलन गरी स्थानीय स्तरबाट उक्त सहकारी संस्थाको क्षमता अभिवृद्धि गरी प्रवर्धन र विकास गर्ने अधिकार र कर्तव्य पनि दिएको छ। [४२]

त्यसै गरी स्थानीय सरकारलाई १०० वाट सम्मको एफ एम रेडियो सञ्चालन अनुमति दिने, नवीकरण, नियमन र खारेजीसम्मको अधिकार प्रदान गरिएकोबाट नागरिकको सूचनाको हक, विचार तथा अभिव्यक्तिको हकको संरक्षण र प्रवर्धनको लागि सहयोगी हुने देखिन्छ।[४३]

[३८] नेपालको संविधान अनुसूची ९
[३९] स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दफा २(म)
[४०] ऐजन, दफा ११(२)
[४१] ऐजन, दफा ११(२)(क)
[४२] स्थानीय सरकार संचालन ऐन, २०७४, दफा ११(२)(ख)
[४३] ऐजन, दफा ११(२)(ग)

यस ऐनले स्थानीय सरकारलाई तोकेको अर्को महत्त्वपूर्ण कार्य जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद, बसाइँसराइ दर्ता र पारिवारिक लगतको अभिलेखीकरण गर्दै सङ्कलित स्थानीय तथ्याङ्क उचित व्यवस्थापन गर्नु हो। गाउँपालिका तथा नगरपालिकाको यो कार्य नागरिकको हैसियतमा पहिचान तथा राष्ट्रियताको अधिकारसँग जोडिएको छ।[४४]

स्थानीय स्तरमा हुने विकास योजना तथा परियोजनाको (जलविद्युत योजना, खानेपानी, वैकल्पिक उर्जा आदि) कार्यहरूलाई नियमन गर्न नीति कानुनको तर्जुमा गर्ने, उक्त परियोजनाले पार्न सक्ने प्रभावको मूल्याङ्कन गर्ने, कुनै पनि भवन निर्माणको कार्य गर्दा राष्ट्रिय भवन निर्माण संहिता र मापदण्डबमोजिम अनुमति प्रदान गर्ने, स्थानीय स्तरमा रहेका सार्वजनिक भवन तथा अन्य संरचनाको मर्मत–संहार गर्न उचित व्यवस्थापन गर्ने जस्ता कार्यहरूले विकास र पहुँचको अधिकारको संरक्षण र प्रवर्धन गर्दछन।[४५]

स्थानीय तहलाई दिइएको जिम्मेवारीमध्ये शैक्षिक क्षेत्रको समग्र विकासको लागि आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, वैकल्पिक सिकाइ, सामुदायिक शिक्षा, प्राविधिक र व्यवसायिक तालिमको नीति, योजना, तर्जुमा गर्ने जिम्मेवारी दिएको छ । यसका साथै स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने सामुदायिक विद्यालय पूर्वाधार र बजेट व्यवस्थापन, संरक्षण, सञ्चालन, शैक्षिक पूर्वाधारको विकास, शिक्षकको क्षमता अभिवृद्धि गर्ने, निःशुल्क शिक्षाको व्यवस्थापन गर्ने, विद्यार्थीलाई प्रोत्साहन र छात्रवृत्ति प्रदान गर्ने जस्ता विविध जिम्मेवारी शिक्षाको अधिकार सुनिश्चित गर्नका लागि महत्त्वपूर्ण छन्।[४६]

नागरिकको स्वास्थ्यको अधिकारको संरक्षण र प्रवर्धनका लागि स्थानीय स्तरबाट नै आधारभूत स्वास्थ्य (प्रजनन स्वास्थ्य, महिला तथा बालबालिकामा हुने कुपोषण न्यूनीकरण, परिवार नियोजन र अन्य स्वास्थ्य उपचार) सञ्चालन,व्यवस्थापन, नियमन गर्नका लागि आवश्यक पर्ने नीति, योजनाको तर्जुमा गर्ने, गुणस्तरीय स्वास्थ्य उपचारका निम्ति चाहिने स्वास्थ्य पूर्वाधार, जस्तैः अस्पताल, अन्य स्वास्थ्य संस्था, रक्तसञ्चार सेवा, औषधि पसलको स्थापना , व्यवस्थापन, विकास, नियमन गर्ने कर्तव्य र अधिकार स्थानीय सरकारलाई नै प्रदान गरिएको छ।[४७]

आर्थिक सामाजिक विकासको अधिकार, पर्यावरणीय संरक्षण तथा उपभोक्ताको हकहित र संरक्षणका लागि स्थानीय स्तरमा हुने व्यापार र वाणिज्यका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारको विकास, व्यवसाय दर्ता, नवीकरण, नियमन, खारेजी गर्ने, बजारमा उपलब्ध वस्तु र सेवाको गुणस्तरको अनुगमन र नियमन गर्ने, फोहोमैला र सरसफाइको उचित व्यवस्थापन गर्ने, उपभोक्ताको हकहित र संरक्षण गर्न आवश्यक कामकारबाही गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । यसको साथै वातवरण र जैविक विविधताको संरक्षण, प्रवर्धन गर्नका निम्ति योजना तर्जुमा, वातावरण प्रदुषित गर्ने व्यापार व्यवसायको अनुगमन, नियमन गर्ने, न्यून कार्बनमुखी र वातावरणमैत्री विकासलाई अवलम्बन गर्ने जिम्मेवारी पनि स्थानीय सरकारमा निहित रहेको छ।[४८]

स्थानीय तहलाई दिइएको अधिकारहरूमध्ये निर्दिष्ट गरिएका विषयमा काम गर्नको लागि आवश्यक पर्ने नीति, कानुन र योजनाको तर्जुमा गर्ने अधिकार पनि एक प्रमुख अधिकार हो । स्थानीय तहले भौतिक पूर्वाधार, कृषि तथा पशुजन्य व्यवसायको सबलीकरण र विकास गर्नका निम्ति तथा गाउँ–सभा, नगर–सभा, मेलमिलाप र मध्यस्थताको निम्ति आवश्यक पर्ने नीति, कानुन र कार्यविधिको निर्माण गर्न सक्दछ ।

मानव विकास तथा लैङ्गिक सशक्तिकरण सूचकाङ्कसमेतको तथ्याङ् सङ्कलन गरी राष्ट्रिय सूचना प्रणालीमा आबद्ध गर्ने, सार्वजनिक प्रयोजनको लागि अधिग्रहण गरिने जग्गाको मुआब्जा निर्धारण वितरण गर्ने, जग्गाको स्वामित्व निर्धारण गर्न सहजीकरण र समन्वयात्मक भूमिका निर्वाह गर्ने, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, सडक बालबालिकालाई सामाजिक रूपले पुनर्स्थापना गर्नका लागि विविध कार्यहरू गर्ने जिम्मेवारी पनि स्थानीय तहमा नै रही आएको देखिन्छ।

[४४]ऐजन, दफा ११(२)( ङ)
[४५]ऐजन, दफा ११(२)(च)
[४६]स्थानीय सरकार संचालन ऐन, २)७४, दफा ११(२)(छ)
[४७]ऐजन, दफा ११(२)(ज)
[४८]स्थानीय सरकार संचालन ऐन, २)७४, दफा ११(२)(झ)

स्थानीय तहले आइपर्ने कुनै पनि प्रकारको विपद्लाई नियन्त्रण गर्ने, व्यवस्थापन गर्ने, विपद्को पूर्व तयारी, उद्धार कार्यमा खटिने तयारी, राहत व्यवस्थापनको वितरण र केन्द्रसँग समन्वय, जोखिम रहेका स्थलहरूको पूर्ववत रूपमा पहिचान गरी जोखिम न्यूनीकरण गर्न आवश्यक पर्ने योजनाको तर्जुमा गर्ने,विपद्द्वारा क्षतिग्रस्त स्थानमा स्थानीय स्तरको पुनर्स्थापना र पुनर्निर्माणको कार्य सञ्चालन गर्ने र समुदायमा गएर विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइएको छ। यी अधिकारहरू नागरिकको जीवनको अधिकार, बासस्थानको अधिकार तथा सामाजिक संरक्षणको अधिकारसँग सम्बन्धित छन्।

स्थानीय सरकारले आफ्नो सीमामा बसोवास गर्ने विभिन्न जातजातिका भाषा, धर्म, संस्कृति, ललितकला पुरातात्विक स्मारक, वस्तुको संरक्षण, प्रवर्धन र विकास गर्ने जिम्मेवारी पाएको छ । स्थानीय सरकारले विभिन्न सामाजिक कुरीतिविरुद्ध सामाजिक अभियान नै चलाउनुपर्ने समेतको जिम्मेवारी पाएको छ । स्थानीय तहले गर्ने यी कार्यहरूमार्फत आदिवासी, जनजाति, अल्पसङ्ख्यक तथा पछाडि पारिएका नागरिक तथा उनीहरूको भाषासंस्कृतिको पहिचान, संरक्षणको अधिकारसँग प्रत्यक्ष जोडिएको छ।

यसरी गाउँपालिका तथा नगरपालिकालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानव अधिकारको संरक्षण र संवर्धनको लागि विविध जिम्मेवारी तोकिएको छ । गाउँपालिका तथा नगरपालिकालाई दिइएको अधिकार वा उनीहरूको जिम्मेवारीहरूमध्ये अधिकांश अधिकारहरू नागरिकको जीवन, विकास, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार रहेका छन्।

त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिका तथा नगरपालिका स्थित वडा समितिलाई पनि विभिन्न काम, कर्तव्य र अधिकार तोकेको छ। वडा समितिले आफ्नो काम, कर्तव्य र अधिकारभित्रका जिम्मेवारी पूरा गर्दा पनि समग्रमा मानव अधिकारको संरक्षण र संवर्धन नै हुन्छ। वडा समितिको मानव अधिकारसम्बन्धी केही मुख्य काम, कर्तव्य र अधिकार देहायबमोजिम छनः[४९]

(क) वडास्तरबाट स्थानीय बस्ती र टोल समेतर सहभागितामूलक योजनाको तर्जुमा गर्ने, वडाभित्रका पूर्वाधारको संरक्षण गर्ने,

(ख) वडाभित्रका परिवार, ऐतिहासिक स्मारक,सार्वजनिक भवन र सार्वजनिक स्थलको लगत र संरक्षण गर्ने,

(ग) मनोरञ्जन र वडाको सुन्दरताको निम्ति बाल उद्यानको र खेल पूर्वाधारको व्यवस्था गर्ने, शैक्षिक पूर्वाधार (पुस्तकालय, अनौपचारिक शिक्षा कार्यक्रम,बालक्लब, बाल सञ्जाल) को सञ्चालन र व्यवस्थापन गर्ने, स्वास्थ्य पूर्वाधार (स्वास्थ्य संस्था, खोप सेवा, पोषण कार्यक्रम, सहरी र ग्रामीण स्वास्थ्य क्लिनिक) को सञ्चालन र व्यवस्थापन गर्ने, फोहोरमैला व्यवस्थापन गर्ने, सामाजिक सुरक्षा भत्ता वितरण, पिछडिएका वर्गको सामाजिक उठान हुने कार्य गर्ने, भौतिक पूर्वाधारको व्यवस्थापन र घरेलु उद्योगको प्रवर्धन गर्ने,

(घ) वडाभित्र सञ्चालित आयोजना, हाटबजार, उद्योग धन्दा, दैनिक उपभोग्य वस्तु, जस्तैः खाद्यान्न, पेय पदार्थको अनुगमन, व्यवस्थापन र नियमन गर्ने,

(ङ) वडाभित्र रहेका आफ्ना नागरिकलाई विभिन्न प्रयोजनका निम्ति सिफारिस वा प्रमाणित गरेर दिने, जस्तैः नाता प्रमाणित, निःशुल्क स्वास्थ्यको निम्ति सिफारिस गर्ने, आर्थिक अवस्था कमजोर भएको सिफारिस गर्ने, धारा तथा विद्युत जडानका लागि सिफारिस गर्ने आदि।

माथि उल्लिखित कार्यका अतिरिक्त ऐनले गाउँपालिका तथा नगरपालिकास्थित वडा समितिलाई विकाससँग सम्बन्धित ४१ वटा विभिन्न काम, कर्तव्य र अधिकार तोकेको छ। ऐनको दफा १२ (ग) मा उल्लिखित विकाससँग सम्बन्धित काममध्ये तल उल्लिखित केही जिम्मेवारीहरू मानव अधिकारसँग प्रत्यक्ष रूपमा सम्बन्धित छन्ः

दफा २ः अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्यहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,
दफा ४ः वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,

[४९]स्थानीय सरकार सञ्चालन ऐन, दफा १२

दफा ५ः खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,
दफा ६ः पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,
दफा ७ः वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,
दफा ८ः शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,
दफा ३२ः बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछूत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखनजस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने/गराउने,
दफा ३४ः अशक्त, बिरामी भएको बेवारिसे वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याइ औषधोपचार गराउने,
दफा ३६ः सडक बालबालिकाको उद्धार र पुनस्र्थापनाको लागि लगत सङ्कलन गर्ने,
दफा ३९ः वडालाई वातावरणमैत्री बनाउने,

वडा समितिले गर्ने यस्ता विविध कार्यहरू नागरिकको जीवनको अधिकार, विकासको अधिकार र आर्थिक-सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित छन् ।

**स्थानीय तहको न्यायिक कार्य**

नेपालको वर्तमान संविधानको धारा २१७ बमोजिम स्थानीय तहमा न्यायिक समिति रहने व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ८ मा न्यायिक कार्यसम्बन्धी व्यवस्था रहेको छ । न्याय सम्पादन गर्दा उक्त समितिले संविधान र ऐनको अधिकार क्षेत्रभित्र रही मानव अधिकारका मूल्य, मान्यता र सिद्धान्तहरूको अवलम्बन गर्नु पर्दछ । स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने विषयमा न्याय प्रदान गर्ने र त्यसमा मानव अधिकारमुखी पद्धतिको अवलम्बन गर्नुपर्दछ ।

## ४.३ सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को मुख्य व्यवस्था

ऐनको प्रस्तावनामा बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरणका लागि नेपालको संविधान बमोजिम राज्यशक्तिको प्रयोग गर्ने सङ्घ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा व्यवस्थित गर्न यो ऐन ल्याइएको उल्लेख छ । ऐनको दफा ११(६) मा स्थानीय तहले संविधानको अनुसूची ९ मा उल्लिखित विषयमा कानुन तथा नीति बनाउदा नेपाल सरकारको विषयगत मन्त्रालय र सम्बन्धित प्रदेश सरकारको विषयगत मन्त्रालय वा निकायसँग समेत समन्वय र परामर्श गर्ने उल्लेख छ । त्यसै गरी ऐनको दफा २७ मा सङ्घ, प्रदेश र स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्रभित्रको कार्यसम्पादन गर्दा विवाद नआउने गरी सम्पन्न गर्नुपर्नेछ ।

## ४.४ मानव अधिकारमुखी अवधारणाको कार्यान्वयनमा स्थानीय तहको क्षेत्राधिकार

सुशासनविना मानव अधिकारमुखी अवधारणाको कार्यान्वयन हुन सक्दैन । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले व्यवस्था गरे लगायत मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाइ त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउने, कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनजस्ता असल शासनका आधारभूत मान्यतालाई कार्यान्वयन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले स्थानीय तहमा मानव अधिकारका आयामको व्यवस्थापनसहितका काम, कर्तव्य र अधिकार तोकिदिएको छ । यी कार्यका लागि सोही ऐनको दफा १०२ बमोजिम कार्यविधि वा कानुन बनाइ स्थानीय सभाबाट पारित गरी कार्यान्वयन गर्न सकिन्छ । विवाद निरुपण र मेलमिलापका लागि संविधानको धारा २१७ बमोजिम गठन गरिएको न्यायिक समितिबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ बमोजिम न्याय निरुपण गर्नुपर्दछ ।

संविधानको धारा २२६ (१) बमोजिम गाउँ सभा र नगर सभा सभाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम कानुन बनाउदा संविधान, मौलिक हक र नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज बमोजिमका प्रतिबद्धताअनुरूप हुनुपर्दछ । स्थानीय कानुन वा कार्यविधि, ढाँचा, प्रारूप,

मापदण्ड, आचार–संहिता बनाउदा पनि संविधानका मौलिक हक र तिनका कानुन र नियमलाई उच्च प्राथमिकता दिनुपर्दछ।

गरिबी, असमानता, विभेदजस्ता समस्यालाई थाती राखेर गरिने विकासले न मानव विकासमा योगदान गर्न सक्छ न त विकासमा दिगोपन नै हुन्छ। विकासको अधिकारमुखी अवधारणाको सार यही हो। विकास र अधिकार एकअर्काका परिपुरक हुन्। विकास नागरिकलाई राज्यको उपहार होइन, विकास नागरिकको मानव अधिकारको विषय हो।

स्थानीय सरकारले मानव अधिकारमुखी अवधारणालाई आफ्नो प्रथम कर्तव्य र क्षेत्राधिकार ठानेर आफ्नो सबै विकासका योजनाको निर्माण र कार्यान्वयन गर्नुपर्दछ। यस सन्दर्भमा स्थानीय तहका विकास प्रक्रियामा महिला तथा वञ्चितिमा परेका समूह वा समुदायलाई अनिवार्य रूपमा सहभागी हुन सक्ने वातावरण बनाउनै पर्दछ। हरेक वर्ष नीति तथा कार्यक्रम र बजेट नै मानव अधिकारमैत्री बनाउनु पर्दछ। बजेट तथा कार्यक्रम मानव अधिकारमैत्री बन्नु मानव अधिकारमुखी अवधारणा कार्यान्वनको सुरुवात हो। यसका साथै जनस्तरमा मानव अधिकार संरक्षण र संवर्धनका लागि जनचेतनामूलक कार्यक्रम पनि सञ्चालन गर्नुपर्दछ।

# परिच्छेद पाँच

## स्थानीय तहमा मानव अधिकार र विकास

## पृष्ठभूमि

तीन तहको सरकारमध्ये स्थानीय सरकारले नागरिकसँग नजिकको सम्बन्ध राख्दछ । विशेषतः विकासको अधिकारसँग नागरिकहरू प्रत्यक्ष जोडिएका हुन्छन् । तसर्थ शिक्षा स्वास्थ्य वातावरण विकास लगायतका कार्यहरू सम्पादन गर्दा स्थानीय सरकारले गर्ने निर्णयहरू मानव अधिकारमुखी पद्धतिमा आधारित हुनुपर्दछ ।

संयुक्त राष्ट्रसङ्घको विकासको अधिकारसम्बन्धी घोषणापत्र, १९८६ ले विकास निर्माणसँग सम्बन्धित कार्यका सन्दर्भमा मानव अधिकार र राज्यको दायित्वको बारेमा उल्लेख गर्दै हरेक नागरिकको विकास प्रक्रियामा सहभागी हुने, योगदान गर्न पाउने र विकासको प्रतिफल उपभोग गर्न पाउने समान अधिकार हुने स्पष्ट गरिएको छ । यी तीनवटै अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व राज्यको हुन्छ ।

## ५.१ स्थानीय तह र मानव अधिकारमैत्री विकास

विकासमा मानव अधिकारको दृष्टिकोण अवलम्बन गर्नु भनेको विकास प्रक्रियामा जनताको गरिमा, अधिकार र स्वतन्त्रतालाई प्राथमिकतामा राख्नु हो । मानव अधिकार विकास पद्धतिले विकासका लक्ष्य र प्रक्रियाहरूसँग मानव अधिकारका सिद्धान्तहरूलाई जोड्दै न्यायपूर्ण, समावेशी र दिगो परिणाम सुनिश्चित गर्न स्थानीय तहलाई मार्गदर्शन गर्दछ । यस्तो दृष्टिकोणले विकासलाई आर्थिक वृद्धिको सवालमात्र होइन, मानिसहरूलाई सशक्त बनाउने, असमानता घटाउने र संरचनात्मक अन्यायको समाधान गर्ने प्रयासको रूपमा अङ्गिकार गर्दछ ।

- हरेक नागरिकको विकास प्रकृयामा सहभागी हुने अधिकार, विकास प्रकृयामा योगदान गर्न पाउँने अधिकार र विकासको प्रतिफल उपभोग गर्न पाउने अधिकार हुन्छ
- मानव अधिकारमुखी विकास पद्तिका लागि स्थानीय तहका केही सुस्पष्ट दायित्वहरू रहेका छन्
- स्थानीय तहको व्यवस्थापिकीय र कार्यपालिकीय अधिकारका साथै केही न्यायिक अधिकारसमेत रहेको

मानव अधिकार विकास पद्धति सहभागिता, असमानता वा भेदभावरहित अवस्था, जवाफदेहिता, आमनागरिकको सशक्तिकरण र दिगोपनाका सिद्धान्तहरूमा आधारित हुन्छ ।

हरेक नागरिकले आफ्नो जीवन र विकासलाई प्रभावित गर्ने निर्णयहरूमा सहभागी हुने अधिकार पाउनुपर्छ । यस्तो सहभागिताको कुरा गर्दा प्रायः बहिष्करणमा पर्ने र वञ्चितिकरणमा परेका समुदायका मानिसको विशेष ख्याल गरी उनीहरूको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ । आर्थिक–सामाजिक परिवेशलाई हेर्दा समावेशीकरण र सहभागिताको सिद्धान्त व्यवहारमा लागू गर्न स्थानीय तह विशेष सजग हुनुपर्दछ ।

विकासका योजना वा कार्यक्रमहरू सबैलाई समान अवसर र फल प्रदान गर्ने लक्ष्य तर्फ लक्षित हुनु पर्दछ । स्थानीय तहले सेवा प्रवाह र विकासका कार्यहरूमा हरेक व्यक्तिले जाति, लिङ्ग, अपाङ्गता वा सामाजिक–आर्थिक अवस्था जेसुकै भए पनि सहभागिताको अधिकार पाएको छ भन्ने सुनिश्चित गर्नुपर्दछ ।

मानव अधिकार विकास पद्धतिको अर्को स्तम्भ भनेको दायित्व निर्वाह गर्नुपर्ने निकायको जवाफदेहिताको सुनिश्चितता हो । सरकार, संस्थाहरू र विकासका लागि जिम्मेवार निकायहरू मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्धनका लागि नागरिकहरूप्रति उत्तरदायी हुनुपर्दछ ।

सशक्तीकरण मानव अधिकार विकास पद्धतिको अर्को महत्त्वपूर्ण स्तम्भ हो । विकासले व्यक्ति र समुदायलाई आफ्नो अधिकार दाबी गर्न सक्ने बनाउनुपर्छ । विकासको दिगोपना मानव अधिकार विकास पद्धतिको अर्को महत्त्वपूर्ण स्तम्भ हो । दिगो विकासले भावी पुस्ताको अधिकारको समेत सम्मान गर्दै वातावरणीय, सामाजिक र आर्थिक पक्षहरूलाई समग्रतामा सम्बोधन गर्दछ ।

मानव अधिकार विकास पद्धतिले मानिसका अधिकारलाई विकासका लक्ष्यसँग जोड्दछ । यस पद्धतिले शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, खाद्य अधिकारजस्ता आधारभूत मानव अधिकारहरूलाई समेट्दछ । सबैका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्नु र गरिबी र असमानता घटाउनु मानव अधिकार विकस पद्धतिको विशेषता हो । यस पद्धतिले सबैका लागि पहुँचयोग्य, किफायती र प्रभावकारी स्वास्थ्य सेवा सुनिश्चित र खाद्य अधिकारअन्तर्गत खाद्य सुरक्षाको सुनिश्चितता गर्दै भोकमरी र कुपोषणको अन्त्य गर्दछ । मानव अधिकारमा आधारित विकासले गरिबी, असमानता र बहिष्करणलाई समस्याको रूपमा मात्र नहेरी मानव अधिकारको उल्लङ्घनका रूपमा समेत हेर्दछ । यस पद्धतिले सामाजिक र भौतिक संरचनाबीच समन्वय कायम गर्दछ । यसले सबैका लागि समान र भेदभावरहित ढङ्गले स्वास्थ्य, शिक्षा र खाद्य सुरक्षा सुनिश्चित गर्दछ । स्थानीय आवश्यकता अनुसार विकासको लाभ सबैका लागि अझ विशेष गरी सिमान्तकृत वर्गहरूसम्म पुऱ्याउने विधि सुनिश्चित गर्छ । यस पद्धतिले त्यस्तो न्यायपूर्ण समाज निर्माणमा योगदान पुऱ्याउछ, जहाँ सहभगिताको अधिकारका आधारमा सबै व्यक्तिहरूको स्वतन्त्रता र क्षमताहरूको पूर्णरूपमा उपयोग हुन्छ । जसले गर्दा स्थानीय तहले स्वःलक्षित विकासको दिशा अवलम्बन गर्न सक्दछ ।

विकासका सम्बन्धमा मानव अधिकारमुखी दृष्टिकोण संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्यहरूजस्ता विश्वव्यापी अवधारणाहरूमा समेत आधारित छ । जसले स्वास्थ्य, शिक्षा, लैङ्गिक समानता र जलवायु परिवर्तनजस्ता क्षेत्रमा मानव अधिकारका चुनौतीहरूलाई सम्बोधन गर्दै कसैलाई पनि पछाडि नछोड्ने वा सबैलाई सँगसँगै अघि बढाउने उद्देश्य राख्दछ ।

अधिकारमा आधारित विकास एक वैचारिक दृष्टिकोण पनि हो, जसले विकासका गतिविधिका सोचमात्र अघि सार्दैन, योजनासमेत तर्जुमा र व्यवस्थापन गर्छ । मानव अधिकारमुखी विकास पद्धतिले अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्डलाई आत्मसात् गर्दछ । विकासको क्रममा समस्याका रूपमा रहने असमानताको विश्लेषण गर्दै विकासको प्रगतिमा बाधा पुऱ्याउने भेदभावपूर्ण अभ्यास र शक्ति तथा स्रोतको अनुचित वितरणलाई अन्त्य गर्न खोज्दछ । यसले मानव अधिकारका सिद्धान्तमा आधारित हुँदै 'कर्तव्य–निर्वाहकर्ता (Duty Bearer)' अर्थात् राज्यलाई आफ्ना दायित्व पूरा गर्नका लागि र 'अधिकार–वाहक (Rights Holder)' अर्थात् नागरिकलाई आफ्नो अधिकार दाबी गर्नका लागि सक्षम बनाउन क्षमता विकासमा पनि ध्यान पुऱ्याउँदछ ।

मानव अधिकारमैत्री विकासको अवधारणाले भेदभावविरुद्धको हक, अर्थपूर्ण जनसहभागिताको सुनिश्चितता, स्थानीय तहको जवाफदेहिता र पारदर्शिता, नागरिकको सचेतना र सशक्तिकरण, समावेशी दृष्टिकोण र कार्यप्रणाली लगायतलाई समेट्दछ ।

### ५.१.१ भेदभावविहिनता

विकास निर्माणको प्रक्रियामा जात, धर्म, वर्ण, लिङ्ग, राजनीतिक आस्था, आर्थिक स्थिति आदि कुनै पनि आधारमा भेदभाव गर्न हुँदैन तर सकारात्मक विभेदको रूपमा पछाडि परेका वर्ग तथा समुदायको उत्थानको लागि विशेष व्यवस्था गर्न भने सकिन्छ । पछाडि परेका क्षेत्र र वर्गलाई उपलब्ध अवसर र सेवाका बारेमा उचित समय र उचित माध्यमबाट जानकारी दिनु पर्दछ ।

### ५.१.२ जनसहभागिताको सुनिश्चितता

स्थानीय तहबाट मानव अधिकारको अवस्था विश्लेषण गर्दा, विकास प्रक्रियाको योजना छनौटदेखि कार्यान्वयन र मूल्याङ्कनका चरणसम्म बिस्तृत रूपमा सबै क्षेत्रका स्थानीय नागरिकको सहभागिता हुने प्रक्रिया अवलम्बन गर्नुपर्दछ । जसको व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२, २४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ को नियम १७ समेतले गरेको छ । नागरिकको सहभागिता जहिले पनि स्वतन्त्र सक्रिय र अर्थपूर्ण हुनुपर्छ ।

### ५.१.३ जवाफदेहीता र पारदर्शिता

स्थानीय तहको विकास प्रक्रिया सञ्चालन गर्दा आम जनताप्रति जिम्मेवार र उत्तरदायी हुनुपर्दछ । समाजमा सुशासन, पारदर्शिता कायम गरी भ्रष्टाचारको न्यूनीकरण तथा नियन्त्रण गर्नका लागि जवाफदेहिता महत्त्वपूर्ण पक्ष हो । जवाफदेहीता विना लोकतन्त्रको परिकल्पना हुन सक्दैन । जनताद्वारा प्रत्यक्षरूपमा निर्वाचित जनप्रतिनिधिबाट गठन भएको स्थानीय तहले विकास निर्माणका काम गर्दा

स्थानीय तह जनताप्रति जवाफदेही हुनुपर्दछ । विकासका हरेक चरण र प्रक्रियामा जनताले सरोकार राख्न र सूचना माग्न सक्दछन् । नीति, नियामावली, कार्यविधि, ढाँचा, प्रारूप, मापदण्ड, आचार–संहिता, वार्षिक तथा आवधिक योजना बनाउदा, कार्यान्वयन गर्दा र मूल्याङ्कनका चरणमा बिस्तृत रूपमा सबै क्षेत्र र अवस्थाका नागरिकको अर्थपूर्ण सहभागिता र अपनत्व हुने प्रक्रिया अवलम्बन गर्ने गर्नुपर्दछ । यथेष्ठ सूचनाको नियमित स्वःघोषणाद्वारा पारदर्शिताको प्रत्याभूति गर्नुपर्दछ ।

### ५.१.४ सचेतना र सशक्तिकरण

मानव अधिकारको बारेमा नागरिकलाई विषेशतः आर्थिक, सामाजिक, सांस्कृतिक रूपले पछि परेका तथा महिला, दलित, जनजाति, मधेशी, अपाङ्गता भएका र अल्पसङ्ख्यक व्यक्ति समुदायलाई विकास प्रक्रियामा सहभागी गराइ सशक्तिकरण गर्नुपर्दछ ।

### ५.१.५ समावेशिता

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा विविधतायुक्त राष्ट्र भएकाले सबै पक्षको समावेशितामा ध्यान पुऱ्याउनुपर्दछ । अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका, दलित, अल्पसङ्ख्यक लगायतको विशेष अधिकार र अवसरलाई प्राथमिकतामा राख्दै जोखिममा रहेका तथा विशेष सेवा चाहिने नागरिक र क्षेत्र केन्द्रित योजना, कार्यक्रमको निर्माण र लगानी गर्नुपर्दछ । मौलिक हकको रूपमा रहेका शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, सामाजिक सुरक्षा, खाद्य सुरक्षाजस्ता मानव अधिकारको उपभोग केन्द्रित योजना,र कार्यक्रम निर्माण गर्नुपर्दछ । विभेद, हिंसा, शोषण, असमानता र वञ्चितीकरणमा परेका क्षेत्र समुदायलाई प्राथमिकीकरण गरी विशेष सेवाको प्रबन्ध (उद्यमशिलता र आयआर्जनका उपायसहित) गर्नु/ गराउनुपर्दछ ।

- अधिकारमा आधारित विकास एक वैचारिक दृष्टिकोण पनि हो, जसले विकासका गतिविधिका सोच मात्र अघि सार्दैन, योजनासमेत तर्जुमा र व्यवस्थापन गर्छ ।
- यसले गैरभेदभाव, अर्थपूर्ण जनसहभागीता, जवाफदेहिता र पारदर्शिता, नागरिकको चेतना र सशक्तिकरण, समावेशी दृष्टिकोण र कार्यप्रणाली लगायतलाई समेट्दछ
- विकास र मानव अधिकार एक आपसमा अन्योन्याश्रित हुन्छन् । भौतिक विकाससँगै मानवीय विकास र मानव अधिकारलाई उचित ध्यान दिन नसकिएमा वास्तविक विकासको प्रतिफल नागरिकले पाउन सक्दैनन् ।

### ५.१.६ विकासको अधिकार सुनिश्चिततामा स्थानीय तह

स्थानीय विकास स्थानीय तहको एक प्रमुख जिम्मेवारी हो । सामान्तयाः विकास भन्नाले भौतिक विकासलाई नै बढी जोड दिने गरेको पाइन्छ तर मानवीय विकास र मानव अधिकारलाई सँगसँगै लान नसकिएमा वास्तविक विकासको प्रतिफल नागरिकले पाउन सक्दैनन् ।

**क. विकास र मानव अधिकार**

विकास र मानव अधिकार आपसमा अन्योन्याश्रित हुन्छन् । विकास मानवजाति कै उन्नति र संवृद्धिको लागि हुने हुँदा मानवजातिको हितमा हुनुपर्दछ अर्थात मानव अधिकार उल्लङ्घन हुने प्रकृतिको विकास गरिनुहुँदैन । विकासका हरेक कार्यक्रम अधिकारमुखी अवधारणामा आधारित हुनुपर्दछ । विकासबाट विपद् निम्त्याउने वा स्वच्छ वातावरणमा खलल हुने कार्य पनि गरिनुहुँदैन । विकासका कार्य गर्दा त्यसले मानवलाई प्रतिकूल असर पार्ने नपार्ने बारे पूर्वमूल्याङ्कन गरिनुपर्दछ ।

**ख. मानव अधिकारमा आधारित कार्यक्रम र योजना निर्माण**

मानव अधिकारबारे सचेतना हुने कार्यक्रम ग्रामीण बस्तीसम्म पुग्ने योजना निर्माण गर्नुपर्दछ । संविधानले प्रबन्ध गरेको मौलिक हकको कार्यान्वयन गर्दै जाने दायित्व तीनै तहका सरकारको हो । तसर्थ मानव अधिकारमा आधारित भएर यससम्बन्धी कार्यक्रम र योजनाको तर्जुमा गर्नुपर्दछ । त्यस्ता कार्यक्रम र योजना मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनासँगको सङ्गति र नागरिक तथा मानव अधिकार समुदायको प्रभावकारी परामर्शमा गर्न आवश्यक हुन्छ ।

**ग. मानव अधिकारको प्रभाव मूल्याङ्कन**

मानव अधिकारको संरक्षणको अवस्था के छ? उल्लङ्घन भएको छ कि ? नागरिकको जीवन स्तरमा सुधार छ–छैन, जातीय, लैङ्गिक विभेदको

प्रभाव के–कस्तो रहेको छ ? कम्तीमा प्रत्येक वर्ष गाउँ/नगरपालिका स्तरमा मानव अधिकारको प्रभाव मूल्याङ्कन गर्न सकियो भने मानव अधिकारको अवस्थामा क्रमिक सुधार हुनेछ ।

**घ. नीति तथा कार्यक्रममा मानव अधिकारको मूल प्रवाहीकरण**

स्थानीय तहले आफ्नो वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दा होस् वा अन्य नीतिको तर्जुमा गर्दा होस् मानव अधिकारको मूल प्रवाहीकरणको सिद्धान्तलाई आत्मसात् गर्नुपर्दछ । यसले सामाजिक न्याय र समन्यायलाई प्रवर्धन गर्दछ । स्थानीय सरकारका लागि तोकिएका, विशेषतः मौलिक हक र सो सम्बन्धी कानुनी प्रबन्ध, दायित्वको अवस्था विश्लेषण, आवश्यक सेवाको पहिचान, सेवा प्रवाह र न्यूनतम लगानीद्वारा मानव अधिकारको मूल प्रवाहीकरणलाई गति प्रदान गर्न सकिन्छ ।

**ङ. मानव अधिकार र दिगो विकास लक्ष्यबीचको अन्तरसम्बन्ध**

मानव अधिकारका अबिछिन्न र अविभाजित अधिकारलाई आवधिक योजनाको स्वरूपमा उपलब्धि हासिल गर्नका लागि सन् २०३० सम्म पूरा गर्ने गरी दिगो विकासका १७ लक्ष्य र ती लक्ष्यअन्तर्गतका १६९ सहायक लक्ष्यले प्रत्यक्ष वा परोक्ष रूपमा मानव अधिकारका मानकलाई अघि बढाएका छन् । यी लक्ष्यले संयुक्त राष्ट्रसङ्घीय प्रणालीमा मानव अधिकार, विकास र शान्ति तथा सुरक्षालाई अन्तरसम्बन्धित स्तम्भका रूपमा स्वीकार गरिएको तथ्यलाई अझ प्रष्ट पारेका छन् । त्यसैले दिगो विकास लक्ष्यका रूपमा अघि सारिएको २०३० एजेण्डा र मानव अधिकार अन्योन्याश्रित रूपमा जोडिएका छन् । यी लक्ष्य प्राप्तिका क्रममा कोही पनि पछाडि छोडिने छैन भन्ने कुराको सुनिश्चितताका साथ मानव अधिकारमैत्री दृष्टिकोणले क्रियाकलाप अगाडि बढाउनुपर्ने हुन्छ । प्रत्येक स्थानीय तहले आफ्ना नीति, कार्यक्रम र आवधिक योजना बनाउदा यी लक्ष्यको प्राप्तिलाई प्राथमिकतामा राखी लगानी गरेको अवस्थामा मात्र राष्ट्रिय लक्ष्य प्राप्त हुन सक्दछ ।

गरिबी अन्त्य, भोकमारी अन्त्य, स्वस्थ र समुन्नत समाज, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, स्वच्छ पानी तथा सरसफाइ, स्वच्छ उर्जामा सहज पहुँच, मर्यादित रोजगारी तथा आर्थिक वृद्धि, उद्योग पूर्वाधार र नवीन सिर्जनाजस्ता दिगो विकासका लक्ष्य हासिल गर्ने तयारीलाई पनि मानव अधिकारमुखी

दिगो विकास लक्ष्यहरु (SDG Goals)



अवधारणाको आधार मानिएको छ । यसको साथै असमानता न्यूनीकरण, दिगो शहर र समुदाय, जिम्मेवारपूर्ण उपभोग तथा उत्पादन, जलवायु परिवर्तनका सवालमा तत्काल पहल, जलमुनिको जैविक विविधताको संरक्षण, जमिनमाथिको जैविक विविधताको संरक्षण, शान्ति, न्याय र सशक्त निकाय तथा लक्ष्य प्राप्तिको लागि साझेदारीसहित कूल १७ वटा दिगो विकासका लक्ष्य प्राप्तिको लागि मानव अधिकारमा आधारित विकास पद्धति अपनाउनु पर्दछ ।

**च) सुशासन र सूचना प्रवाह**

राज्य संयन्त्रलाई जनमुखी बनाइ नागरिकको अपेक्षाअनुसार छिटो, छरितो र प्रभावकारी सेवाका माध्यमबाट नागरिकलाई शासनको सुखद् अनुभूति दिलाउनुका साथै भौतिक विकास र मानवीय उन्नयन हुनु नै सुशासन हो । सुशासनका आधारभूत तत्वहरू

१. जनसहभागितामूलक शासन व्यवस्था
२. जन उत्तरदायी सरकार सञ्चालन
३. शासन प्रक्रियामा पारदर्शिता अवलम्बन
४. कानुनमा आधारित शासन व्यवस्था
५. जवाफदेही शासन सञ्चालन
६. प्रशासनको सरलीकरण र निर्णय प्रक्रियामा सरोकारवालाको सहभागिता
७. समावेशितामा आधारित न्यायपूर्ण समाज निर्माणमा जोड
८. भ्रष्टाचाररहित समाजको परिकल्पना
९. दण्डहीनताको अन्त्य र कानुनको परिपालना
१०. नियम कानुनको पूर्ण परिपालना तथा स्पष्ट विधि, प्रक्रिया, कार्यविधि
११. वित्तीय जवाफदेहिता प्रवर्धन
१२. स्वतन्त्र प्रेसको व्यवस्था

सूचना पाउने हक नागरिकको मौलिक हक हो । सूचनाको हक र पहुँचविना सुशासनको कल्पना गर्न सकिँदैन । नागरिकले आफ्नो सरोकारका विषयमा जान्न बुझ्न चाहँदा सहजै सूचनामाथिको पहुँचलाई अभिवृद्धि गराउनुपर्दछ । नागरिकले आवश्यकतानुसार सूचनाको हकको प्रयोग गर्दै सुशासनको सुनिश्चितता गर्ने दिशामा आफ्नो कर्तव्य निर्वाह गर्नुपर्दछ ।

# परिच्छेद छ

# सेवा प्रवाहमा मानव अधिकारमुखी पद्धति

सेवाहरूको प्रवाह भनेको सरकारले आफ्ना नागरिकहरूलाई सार्वजनिक वस्तु तथा सेवाहरू प्रदान गर्न अपनाएको नीति, कानुन र संस्थागत व्यवस्थाहरूको समष्टि हो। नेपालमा तिनै तहका सरकारहरुलाई आफ्ना क्षेत्राधिकार भित्र रही सेवा प्रवाह गर्न नेपालको संविधान तथा कानूनहरुले अधिकार दिएका छन्।

उत्तरदायी सरकारले जवाफदेहिता लिनुपर्छ र आधारभूत सेवाहरूको कुशल वितरण व्यवस्थापन गर्न सक्षम हुनुपर्छ। यो सुशासनको व्यवस्थापकीय साथै नैतिक आयाम अन्तर्गत पर्दछ।

सामाजिक विकास र त्यसको प्रभावकारिता सरकारद्वारा कुशल र प्रभावकारी सेवा वितरणमा मात्र निर्भर हुन्छ। यो शोषणमुक्त समाज स्थापना गर्ने साधन र व्यवहारिक दुवै आधार हो। सेवा प्रभावकारिताले सरकारको समग्र कार्यप्रणालीको मूल्याङ्कन गर्दछ। यो समानता र वितरणात्मक न्यायको प्रमाण हो। लोकतान्त्रिक शासन र सार्वजनिक सेवामा नागरिकहरू सबैभन्दा महत्त्वपूर्ण पक्ष हुन्। प्रभावकारी सेवा प्रवाह नागरिकहरूसँग सरकारको उत्तरदायी सम्बन्ध स्थापित गर्ने आधार हो।

सेवा प्रवाहको लागि आवश्यक उपभोक्ता समिति, सल्लाहकार समिति, मध्यस्थता समिति, आमा समूह, एवम् अन्य कार्य समितिजस्ता संयन्त्रको गठन, मानव संसाधनमा मानव अधिकारमैत्री सचेतना, आवश्यक तालिम र अभिमुखीकरण जस्ता कार्य गर्नुपर्दछ। माथि भनिएजस्तै सेवा प्रवाहको चरणमा पनि सहभागिता, अविभेद, पारदर्शीता, जवाफदेहीता, मानव मर्यादाको सम्मान, सशक्तिकरण र कानुनको शासनको सिद्धान्तलाई अङ्गीकार गर्नुपर्दछ।

## ६.१ स्थानीय तहमा मानव अधिकारमुखी सेवा प्रवाह

राज्यको संरचनानुरूप सेवा प्रवाहको अग्रीम पंक्तिमा रहेको स्थानीय तहको भूमिका मानव अधिकारका लागि अत्यन्त महत्त्वपूर्ण रहेको हुन्छ। मानव अधिकारको सैद्धान्तिक अवधारणा र दस्तावेजमा भएका व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्नका लागि स्थानीय तहको क्रियाशीलता अपरिहार्य हुन्छ।

- मानव अधिकारलाई सैद्धान्तिक अवधारणा र दस्तावेजबाट व्यवहारमा उर्तानका लागि स्थानीय तहको क्रियाशीलता अपरिहार्य हुन्छ।
- संविधान लगायत विभिन्न ऐनले स्थानीय तहलाई मानव अधिकार बहाली गर्ने दायित्व सुम्पिएको छ।
- विभेदको अन्त्य गरी समुन्नत समाज निर्माण गर्न, सुशासन कायम गर्न मानव अधिकार प्रमुख सर्त हो।
- सुशासन र नागरिकप्रति जवाफदेहिताका लागि स्थानीय तहले अपनाउनुपर्ने विभिन्न विधि र प्रकृयाहरूमा मनव अधिकारमुखी पद्दतिलाई आत्मसात गरिनुपर्छ।

## ६.२ मानव अधिकार उपभोगको सुनिश्चितता लागि स्थानीय तह

मानव अधिकारको सम्मान, संवर्धन, संरक्षण र परिपालनाको सन्दर्भमा स्थानीय तहको भूमिका र दायित्व यस प्रकार रहन्छः

१) मानव अधिकारप्रति स्थानीय तहबाट दायित्व निर्वाहको आवश्यकता

क) अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न संविधान तथा मानव अधिकार र मौलिक अधिकारको प्रभावकारी कार्यान्वयन गर्न, जनताका आवश्यकता र चाहनाको प्रत्याभूत गर्न,

ख) राजनीतिक संस्कृतिको विकास गर्न र राज्यप्रति जनविश्वास वृद्धि गर्न,

ग) नागरिक सवाललाई सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थामा संस्थागत गराउन,

घ) राजनीतिक स्थायित्व र द्वन्द्वको न्यूनीकरण, संवृद्धि र सुशासनको प्रत्याभूति गर्न,

ङ) विभेदको अन्त्य गर्न,

च) समानता र समावेशीकरणको सुनिश्चितता गर्न।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ लगायतका व्यवस्थानुसार मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाइ त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध

गराउने, कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनजस्ता असल शासनका आधारभूत मान्यतालाई कार्यान्वयन गर्नुपर्दछ।

नेपालमा सुशासन कायम गर्ने सन्दर्भमा भएका कानुनी व्यवस्था तथा संयन्त्रको क्रियाशीलताका अतिरिक्त सुशासनको सन्दर्भमा निम्न अवस्था देखिन्छः

क. सुशासन सम्बन्धमा प्रचलित कानुनी प्रबन्धको कार्यान्वयन प्रभावकारीताको कमी।

ख. सेवाप्रदायकको सेवाप्रवाह अधिकारको अवधारणाको स्वरूपमा सेवाग्राहीले सरल, सहज र चुस्तदुरुस्त सेवा प्राप्त गर्न नसक्नु।

ग. सार्वजनिक सेवाको गुणस्तर र नियमन अपेक्षाकृत नहुनु।

घ. सुशासन कायम गर्ने सम्बन्धमा भएका कानुनी व्यवस्थाको बारेमा स्वघोषणा पद्धतिको न्यून अभ्यास र नागरिक सचेतना न्यून रहनु।

ङ. स्थानीय विकास प्रक्रियामा सम्बन्धित निकायले लक्षित वर्गको अर्थपूर्ण सहभागिता कम गराइनु वा 'देखावटी' सहभागितामात्र हुनु।

च. सेवाग्राहीले निर्धारित समयमा सेवा नपाउदा पुगेको क्षतिवापत क्षतिपूर्ति नपाउनु। समग्रमा सेवा प्रवाह र विकासका लागि विनियोजित लगानी अनुरूप प्रतिफल प्राप्त नहुनु। अतः सेवा प्रवाह गर्ने अधिकारी, संयन्त्र र सेवा प्रवाह पद्धतिमा सुधारको आवश्यकता रहेको देखिन्छ।

२. स्थानीय तहले मानव अधिकारमुखी दृष्टिकोणबाट आफ्ना हरेक गतिविधि सम्पन्न गर्नका निमित्त अनुसूची १ मा सुझाव दिइएको सूचकलाई प्रारम्भिक मानकका रूपमा लिई स्वःमूल्याङ्कन गर्नु उपयोगी हुन्छ।

## ६.३ स्थानीय तहमा रहेका केही प्रमुख मानव अधिकारसम्बन्धी सवाल

स्थानीय तहमा सम्बोधन गरिनुपर्ने मानव अधिकारसम्बन्धी कैयन सवाल वा मुद्दा रहेका हुन सक्छन्। स्थान विशेषअनुसार केही सवाल एकै प्रकारका र कतिपयमा भने भिन्नता देखिन सक्दछ। उदाहरणका लागि कुनै ठाउँमा जातीय भेदभावको त कुनै ठाउँमा लैङ्गिक हिंसाको समस्या बढी हुन सक्छ। सामान्यतया नेपालमा विद्यमान मानव अधिकारसम्बन्धी केही सवाल यस प्रकार रहेको देखिन्छः

१. **भेदभाव र सिमान्तीकरणः** जातीय विभेद नेपालमा लामो समयदेखिको समस्याका रूपमा रहेको छ। केही सिमान्तकृत समूह, जस्तैः दलित र आदिवासी समुदाय प्रायः सामाजिक, आर्थिक र राजनीतिक सिमान्तीकरणमा परिरहेका हुन्छन्।

२. **हिंसा र दण्डहीनताः** देशका विभिन्न भूभागमा विभिन्न स्वरूपका हिंसाका घटना हुँदै आएका छन् र यस्ता घट्नाहरूको पूर्ण सम्बोधन नहुँदा दण्डहीनता विद्यमान रहेको देखिन्छ। फलतः पीडकलाई जवाफदेही बनाउने र पीडितलाई न्याय दिलाउने कार्य चुनौतीपूर्ण रहेको देखिन्छ।

३. **लिङ्गमा आधारित हिंसाः** महिलाविरुद्धको भेदभाव र असमानता निर्मूल हुन नसक्दा समानता अझै हासिल हुन सकेको छैन्। घरेलु हिंसा र मानव बेचबिखनसहित लैङ्गिक हिंसा, लैङ्गिक अल्पसङ्ख्यकप्रतिको भेदभाव आदि कुनै न कुनै रूपमा कायमै रहेको देखिन्छ।

४. **श्रमशोषणः** उचित तथा समान ज्याला, सुरक्षित कार्यस्थललगायत श्रमिक अधिकारको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन भने अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरू थप समस्या भोग्न बाध्य छन्।

५. **राजनीतिक अस्थिरता र पूर्वाग्रहः** नेपालमा राजनीतिक अस्थीरताले मानव अधिकारको प्रभावकारी संरक्षण र प्रवर्धनमा बाधा पुऱ्याएको पाइन्छ। सेवा प्रवाहलगायत न्याय निरुपणमा समेत राजनीतिक पूर्वाग्रहका आधारमा फरक व्यवहार गरिएका घटना सार्वजनिक हुँदै आएका छन्।

६. **भूमि र सम्पत्तिसम्बन्धी अधिकारः** भूमिहीनता र भूमिसम्बन्धी विवाद उचित रूपमा सम्बोधन हुन सकेका छैन।

७. **शिक्षा र स्वास्थ्य सेवामा पहुँचः** सबैका लागि गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको सुनिश्चितता हुन सकेको छैन भने उपलब्ध भएका सेवाको पहुँचमा असमानता कायम छ। विशेष गरी दुर्गम क्षेत्रमा रहेका र सिमान्तकृत समुदायको पहुँच हुन सकिरहेको छैन।

८. **बाल अधिकारः** बालबालिकाको विषय अझै पनि घरपरिवारदेखि राज्यसंयन्त्र सम्ममा प्राथमिकतामा पर्न सकेको छैन। उनीहरूको विशेष आवश्यकताको सम्बोधनार्थ बाल अधिकारको सम्मान, संरक्षण, परिपूर्ति हुन सकिरहेको छैन।

९. **जेष्ठ नागरिकको अधिकारः** जेष्ठ नागरिकको विशेष आवश्यकताको सम्बोधन हुन सकिरहेको छैन। त्यसैले यस विषयलाई सम्बोधन गर्न स्थानीय सरकारले विशेष पहल गर्न जरुरी छ।

१०. **अपाङ्गता भएका व्यक्तिको अधिकारः** अपाङ्गता भएका व्यक्तिको विशेष आवश्यकताको सम्बोधन, अपाङ्गतामैत्री एवंम पहुँच यूक्त संरचना र सेवाको विस्तार हुन सकिरहेको छैन।

११. **द्वन्द्वपीडितको अधिकारः** सङ्क्रमणकालीन न्यायको सम्बन्धमा संविधान, सर्वोच्च अदालतको फैसला, नेपाल पक्ष राष्ट्र भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, विस्तृत शान्ति सम्झौतासमेतका आधारमा सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनमा संशोधन गरी पीडितको सङ्क्रमणकालीन न्याय प्रक्रियामा अर्थपूर्ण सहभागिता हुन सकेको छैन्।

१२. **महिलाको अधिकारः** सबै अवसरमा महिलाको सहभागिता तथा समान र न्यायोचित पहुँच, विकास र क्षमतावृद्धिमा प्राथमिकिरण, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता आवश्यक भएपनि सहभागिताचाहिँ प्रायः औपचारिकतामा सीमित देखिन्छ।

## ६.४ मानव अधिकारका विभिन्न सवालका सम्बन्धमा स्थानीय तहले गर्नुपर्ने कार्य

स्थानीय सरकारले समाजमा हुने सबै प्रकारका विभेद, हिंसा, शोषण र दुर्व्यवहारको अन्त्य गर्ने नीति तथा कार्यक्रम तय गर्नुपर्दछ । स्थानीय सरकारअन्तर्गत न्यायिक समिति, वडा कार्यालय, कम्तिमा पनि मौलिक हकका कानुन र नियमबमोजिम तोकिएका स्थानीय समिति, टोल विकास संस्था, आमा समूह आदिलाई परिचालन गरी मानव अधिकारको संस्कृतिलाई निर्माण गर्ने कार्य स्थानीय सरकारले गर्नुपर्दछ।

सामान्यतयाः स्थानीय तहको भूमिकालाई मानव अधिकारमैत्री बनाउन देहायनुसार चार तहमा व्याख्या गर्न सकिन्छः

क) नीति तथा कार्यक्रम तर्जुमा गर्दा सम्बन्धित लाभग्राही र सरोकारवालाको अर्थपूर्ण सहभागिता गराउने

यसलाई प्रभावकारी बनाउन र अवधारणागत स्पष्टतासहित समबुझाइ कायम गर्न स्थानीय तहका पदाधिकारी तथा सार्वजनिक सेवाका कर्मचारीलाई मानव अधिकारसम्बन्धी तालिम प्रदान गर्ने, स्थानीय मानव अधिकार अवस्थाको विश्लेषण गरी सो अनुरूपका कार्यक्रम निर्माण गर्ने, पारदर्शिता र सूचनामा सेवाग्राहीको पहुँच सुनिश्चित गर्ने र बजेट विनियोजनमा नागरिकलाई संलग्न गराउने लगायतका कार्य गर्नुपर्दछ।

ख) नीति, नियम, कानुन मानव अधिकारमैत्री बनाउने।

ग) नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा मानव अधिकारमैत्री ढङ्गले सम्पादन गर्ने।

यस सन्दर्भमा मानव अधिकारको राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि कार्यविधि निर्माण गर्ने, आवश्यकतामा परेका नागरिकलाई तत्काल सेवा उपलब्ध गराउने, अवस्था विश्लेषणका आधारमा स्थानीय विकासमा लगानी गर्ने, नागरिकलाई कानुन तथा अधिकारबारे चेतना जगाउने र उनीहरूका गुनासो र सुझाव सम्बोधन गर्ने लगायतका कार्य गर्नुपर्दछ।

घ) स्थानीय तहबाट सम्पादन भएका सबै कार्य तथा सेवाको नियमित रूपमा मूल्याङ्कन तथा अनुगमन गर्ने

यसबाहेक पनि आवश्यकताका आधारमा अन्य कार्यहरूलाई मानव अधिकारमुखी पद्धति अपनाइ गर्न सकिन्छ। विस्तृत र आवश्यकताअनुसारको क्षेत्र थपघट वा सम्पादन गर्न सकिन्छ।

मानव अधिकारका विभिन्न सवालका सम्बन्धमा राष्ट्रिय मानव अधिकार कार्ययोजनामा उल्लेख गरिएका विषयलगायतलाई समेटी स्थानीय तहले गर्नुपर्ने कार्यहरु यहाँ प्रस्तुत गरिएका छन्ः

**शिक्षाको अधिकार**

- साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन
- विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान र विद्यालय भर्ना
- विद्यालयको शैक्षिक गुणस्तर कायम र बालमैत्री वातावरण कायम

- सबै विद्यालय र आवश्यकताअनुसार समुदायमा प्रारम्भिक बालविकास केन्द्रको स्थापना
- पछाडि परेका तथा विपन्न समुदाय, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख तथा अल्पसङ्ख्यकका लागि छात्रवृत्ति, पाठ्यपुस्तकको उपलब्धता
- विद्यालय छाड्ने कारणको पहिचान र सम्बोधन
- अभिभावक नभएका बालबालिकाको आधारभूत तहसम्मको शिक्षाको सुनिश्चितताका लागि सहयोग
- बहुआयामिक गरिबी, वञ्चितीकरणमा परेका, पछाडि परेका तथा विपन्न समुदाय, अपाङ्गता भएका व्यक्ति, लागि अनौपचारिक शिक्षा र सीप विकास तालिम
- पछाडि परेका तथा विपन्न, दलित समुदायका उच्चशिक्षामा पहुँच नपुगेका विद्यार्थीका लागि सहयोग
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, तथा राष्ट्रिय शिक्षा नीति, २०७६को प्रभावकारी कार्यान्वयन

**स्वास्थ्यको अधिकार**

- सरकारी स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्धताको सुनिश्चितता
- आकस्मिक स्वास्थ्य सेवामा समान पहुँचको सुनिश्चितता
- स्थानीय तहमा ५ देखि १५ शैयाको आधारभूत अस्पताल स्थापना
- अस्पतालमा चिकित्सकलगायतका जनशक्ति, प्रविधि, उपकरणको व्यवस्था तथा स्तरोन्नति
- स्वास्थ्य बिमा कार्यक्रमको विस्तार
- अशक्त, असहाय, बेवारिसे, अपाङ्गता भएका, मनोसामाजिक बिरामीको उपचार र पुनर्स्थापना
- जेष्ठ नागरिक लक्षित स्वास्थ्य कार्यक्रम
- यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी कार्यक्रममा सबैको पहुँच, समुदाय तथा विद्यालयमा किशोर किशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य सचेतना
- सुरक्षित मातृत्व तथा प्रसुति सेवामा सुधार, सचेतना, सुरक्षित गर्भपतन र सुरक्षित प्रसुतिको व्यवस्था
- आङ खस्ने रोगको निःशुल्क शल्यक्रिया र उपचार
- जटिल प्रकृतिका रोगको उपचारमा सहयोग
- गर्भवती महिला, नवजात शिशु, बालबालिकाका लागि तोकिएका सबै खोपको उपलब्धता सुनिश्चित
- नवजात शिशु तथा बालस्वास्थ्य सेवामा सुधार
- बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रभावकारी सञ्चालन
- सरुवा रोग तथा महामारी रोगको रोकथाम, नियन्त्रण एवम् उपचार सम्बन्धी विशेष कार्यक्रम
- नसर्ने रोग नियन्त्रणबारे सचेतना र उपचार
- मानसिक स्वास्थ्यबारे सचेतना र उपचारमा पहुँच
- योग तथा स्वास्थ्य प्रवर्धन केन्द्रको विस्तार
- विपन्न नागरिक उपचार कार्यक्रम सञ्चालन
- आँखा, नाक, कान, घाँटी तथा मुखको स्वास्थ्य हेरचाह सम्बन्धी प्रवर्धनात्मक तथा उपचारात्मक कार्यक्रम
- लैङ्गिक हिंसा पीडितका लागि अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको प्रभावकारी सञ्चालन आदि

**सामाजिक न्याय**

- राज्यका सबै तह तथा संरचनालगायत विकास प्रक्रियाको प्रत्येक चरणमा महिलाको अर्थपूर्ण सहभागिता वृद्धि
- आर्थिक रूपले विपन्न र सामाजिक दृष्टिले पछाडि परेका महिलालाई प्राथमिकता दिई आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण
- गरिब तथा विपन्न, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका, वादी, कमलरी, कमैया, चेपाङलगायत वञ्चितीकरणमा परेका असहाय महिलाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि घोषित कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन
- एकल महिला सुरक्षा कोष लगायतको माध्यमबाट एकल असहाय महिलाको हकहित संरक्षण
- महिलालाई छात्रवृत्तिलगायतका उपाय अवलम्बन गरी प्राविधिक शिक्षामा आकृष्ट गर्ने
- महिला हिंसापीडितको लागि सुरक्षित घर सहायता सेवा (Help line) को व्यवस्था
- पीडितलाई मनोसामाजिक तथा पुनःस्थापनासम्बन्धी सेवाको व्यवस्था
- वार्षिक गतिविधि प्रतिवेदनमा महिलाको अवस्थासम्बन्धी सूचकहरू समावेश
- लैङ्गिक हिंसा, शोषण, विभेद, बोक्सीको आरोप, छाउपडीलगायतका हानिकारक अभ्यासजस्ता कुरीतिको अन्त्यका लागि सचेतना अभिवृद्धि, पीडितको उद्धार, राहत सहयोग, पुनस्थापना, मनोसामाजिक सहयोग र पीडकलाई कानुनी कारबाही प्रक्रिया अवलम्बन

- लैङ्गिक हिंसा, शोषण, विभेद, कुरीति तथा कुप्रथा पीडित र प्रभावितको राहत, उद्धार, पुनर्स्थापना, मनोसामाजिक परामर्श सेवा कार्यक्रम सञ्चालन
- मानव बेचबिखन तथा ओसारपसारबाट पीडित प्रभावितको उद्धार, स्वदेशमा संरक्षण तथा पुनर्स्थापनाका लागि स्थापित संयन्त्रका साथै स्थानीय संरचनाको सुदृढीकरण तथा विस्तार
- मानव बेचबिखन तथा ओसारपसारको जोखिम कम गर्न जोखिममा रहेका समूह समुदायको पहिचान गरी सशक्तीकरण गर्न समुदायमा आधारित जीविकोपार्जन तथा स्वरोजगारका कार्यक्रम सञ्चालन
- अर्थिक रूपमा विपन्न र सामाजिक रूपमा पछाडि परेका महिलालाई प्राथमिकताका साथ उद्यमशीलतामार्फत आर्थिक सशक्तिकरण र सामाजिक रूपान्तरण
- प्राविधिक शिक्षामा महिला आकृष्ट गर्ने सहयोगी कार्यक्रम
- हिंसा पीडित प्रभावित महिलाको लागि पुनर्स्थापना केन्द्र सञ्चालन, व्यवस्थापन र सहकार्य
- लैङ्गिक उत्तरदायी बजेट निर्माण र कार्यान्वयन
- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक नागरिकको संरक्षण र सशक्तीकरणका लागि कार्यक्रम सञ्चालन
- अपाङ्गता भएका व्यक्तिउपर हुनसक्ने अपमानजनक व्यवहार, हिंसा, भेदभाव अन्त्य गर्ने कार्यक्रम गर्ने तथा त्यस्ता पीडितको उद्धार, संरक्षण
- अपाङ्गता भएका व्यक्तिको शिक्षा, स्वास्थ्य लगायतको विशेष आवश्यकताको परिपूर्ति, पहुँच अभिवृद्धि, अपमानजनक व्यवहारको अन्त्य, हिंसा तथा दुर्व्यवहारको अन्त्य तथा उपचार सहयोग, विपन्नको उद्धार, सहयोग, रोजगारीमा प्राथमिकता, आत्मनिर्भर बनाउने सीप तथा आयआर्जनलगायतका कार्यक्रम, पहिचान तथा सामाजिक सुरक्षा
- अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सेवामा सहज पहुँच वृद्धि हुने व्यवस्था
- अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्रीको सहज आपूर्तिको व्यवस्था
- अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सवारीमा दिइने छुटको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन
- अपाङ्गतामैत्री शिक्षण सिकाइ पाठ्यपुस्तकको उपलब्धतालगायतको व्यवस्था
- अपाङ्गता भएका व्यक्तिको सीप विकास गरी स्वरोजगार अभिवृद्धि
- अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य उपचारमा सहयोग
- सार्वजनिक भवन (सरकारी कार्यालय, विद्यालय, अस्पताल, शौचालय आदि) अपाङ्गमैत्री
- सेवाग्राहीको रूपमा आउने अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष व्यवस्था (छुट्टै लाइन, सहयोगी, दोभाषे, साङ्केतिक भाषा आदि) को व्यवस्था
- अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य सेवामा पहुँच (मानसिक/शारीरिक उपचार, पोषण आदि)
- स्वरोजगारको लागि अनुदान/सहुलियतको व्यवस्था
- ज्येष्ठ नागरिकको हक, अधिकार संरक्षणको लागि जेष्ठ नागरिक संरक्षणसम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन
- ज्येष्ठ नागरिकको बिमालगायत स्वास्थ्य सेवा आदिमा सहज पहुँचको व्यवस्था
- ज्येष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र अश्रय स्थलको व्यवस्थापन, सञ्चालन
- ज्येष्ठ नागरिकप्रति हुन सक्ने हिंसा, दुव्र्यवहार नियन्त्रणका लागि आवश्यक संयन्त्र निर्माण गरी कार्यान्वयन
- ज्येष्ठ नागरिकका लागि स्वास्थ्य, सुरक्षा, सामाजिकीकरण, ज्ञानसीपको पहिचान तथा हस्तान्तरण, स्वास्थ्य बिमा, एकल तथा परित्यक्त ज्येष्ठ नागरिकका लागि स्याहार, हेरचाह र स्वास्थ्य उपचारको व्यवस्था, ज्येष्ठ नागरिकका क्लब तथा दिवा सेवा केन्द्र,
- ज्येष्ठ नागरिकहरूको सम्मान, उनीहरूको ज्ञान, सीप, क्षमता उपयोगको वातावरण
- ज्येष्ठ नागरिकहरूको गुनासो सुन्ने संयन्त्रको व्यवस्था
- ज्येष्ठ नागरिकहरूको अद्यावधिक सूची (सामाजिक सुरक्षा प्राप्त र अन्यसमेत)
- असहाय र अशक्त ज्येष्ठ नागरिक अनुकूल स्वास्थ्य सेवा र आश्रयसम्बन्धी व्यवस्था
- ज्येष्ठ नागरिकहरूप्रति उदाहरणीय भूमिकामा रहनुभएका घरपरिवारका सदस्य, व्यक्ति र समूह आदिको पहिचान र सम्मान

**खानेपानी तथा सरसफाइ**

- सबै नागरिकलाई स्वच्छ खानेपानीमा सुलभ पहुँचको सुनिश्चितता
- प्रशोधनसहितको ढल व्यवस्थापन
- खुला दिसामुक्त क्षेत्र
- सार्वजनिक शौचालय निर्माण
- फोहर व्यवस्थापन

**लक्षित वर्गको संरक्षण, सशक्तिकरण र विकास**

- आदिवासी जनजातिको इतिहास, भाषा, लिपि, संस्कृति, सङ्गीत, ऐतिहासिक तथा धार्मिक स्थलको संरक्षण गर्ने र सङ्ग्रालय स्थापना, व्यवस्थापन
- परम्परागत प्रविधि, सीप र कौशल प्रयोग हुने व्यवसायको प्रवर्धन तथा सीप हस्तान्तरण
- मुक्त कमैया, कमलहरी, हरुवा चरुवा, हलिया जस्ता बाँधा श्रमको अन्त्य तथा पुनर्स्थापना, जीविकोपार्जनमा सहयोग
- जातजातिका आधारमा हुने छुवाछुतजन्य भेदभावको अन्त्यसम्बन्धी कार्यक्रम
- पछाडि परेका समुदायको उत्थान
- युवा क्षमता विकास र राष्ट्रिय युवा नीति, २०७२ को कार्यान्वयन

**खाद्य अधिकार**

- खाद्य अभाव हुने हिमाली र अति दुर्गम पहाडी जिल्लामा सर्वसुलभ र सुपथ मूल्यमा गुणस्तरीय खाद्यान्नको नियमित रूपमा उपलब्धता
- बजारमा खाद्यान्न अभाव र मूल्य वृद्धि रोक्न खाद्यान्नको सञ्चिति एवम् बिक्रीवितरण व्यवस्थित गर्ने
- विपद्ग्रस्त क्षेत्रमा खाद्यान्नको उपलब्धता सुनिश्चित
- उपभोक्ता हकहितसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन
- उपभोग्य वस्तुमा हुने मिसावट रोकी गुणस्तरीय वस्तुको उपलब्धता सुनिश्चिता

**आवासको अधिकार**

- फुसको छाना भएका भौगोलिक रूपमा विकट, अपायक, विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका अति विपन्न, लोपोन्मुख र सिमान्तकृत वर्गका नागरिकलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन
- जोखिममा रहेका र अति बिकट बस्तीलाई एकीकृत बस्ती विकासको अवधारणा अनुरूप सुविधायुक्त स्थानमा स्थान्तरण
- आवासविहीन नागरिकको निमित्त आवास उपलब्ध गराउन सहुलियतपूर्ण वित्तीय सुविधालगायतका कार्यक्रम

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा**

- आन्तरिक रोजगारी अभिवृद्धिका राष्ट्रिय कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन
- स्थानीय तहमा रोजगार व्यवस्थापन तथा प्रवर्धनका क्षेत्रमा अन्तरसरकारी, निजी तथा सहकारी क्षेत्रबीच सहकार्य
- स्वरोजगार अभिवृद्धि गर्न प्राविधिक शिक्षा, सीप विकास तालिम एवम् क्षमता वृद्धिका प्रशिक्षण कार्यक्रम
- उद्योग, व्यवसाय र प्रतिष्ठानलाई व्यवसाय र मानव अधिकारसम्बन्धी मार्गदर्शक सिद्धान्त, मूल्य र मान्यता अवलम्बन गर्न प्रोत्साहित
- श्रमको सम्मान गर्न र श्रमप्रतिको सकारात्मक धारणा वृद्धि गर्न अभियान सञ्चालन
- बलपूर्वक र बाध्यकारी श्रमको अन्त्यका लागि लक्षित कार्यक्रम सञ्चालन
- जीवनयापन गर्न सक्ने आयस्रोत नभएका, तोकिएको भन्दा न्यून आय भएका, श्रम गर्न नसक्ने अशक्त र असहाय एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने व्यक्ति तथा लोपोन्मुख जातिका नागरिकको पहिचान गरी सामाजिक संरक्षणको व्यवस्था
- अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कार्यमा आबद्ध गर्न प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन
- विद्यमान सामाजिक सुरक्षाका सेवाले नसमेटेका नागरिकको संरक्षण र विकासका लागि आवश्यक लेखाजोखाका आधारमा स्थानीय नीतिगत प्रबन्ध गरी संरक्षण सेवा।

**बाल अधिकार संरक्षण**

- बाल अधिकारसम्बन्धी स्थानीय नीतिगत व्यवस्था गर्ने बालबालिकाको अवस्था विश्लेषण र अद्यावधिक गर्ने, बाल संरक्षण मापदण्ड र आचार–संहिता बनाउने, बाल कल्याण अधिकारी नियुक्ति गर्ने, बालकोष स्थानीय तहसहित प्रत्येक वडामा प्रबन्ध गर्ने, घट्ना व्यवस्थापक र मनोसामाजिक विमर्शकर्ताको प्रबन्ध गरी प्रभावकारी रूपमा कार्यान्वयन
- बालसहभागिता अभिवृद्धि गर्न बाल क्लब गठन सञ्चालन र विस्तार
- बालबालिका सम्बन्धित विषयमा निर्णय गर्दा बालबालिकाको सहभागिता सुनिश्चित
- बालबालिकाविरुद्ध हुने शोषण, हिंसा, यौन दुर्व्यवहार, विभेद, बलात्कार, बेचबिखनजस्ता कसूरविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन
- बालबालिकामाथि हुने शारीरिक तथा मानसिक यातना वा सजायविरुद्ध अभियान सञ्चालन
- बाल विवाह विरुद्धको रणनीतिलगायतको प्रभावकारी कार्यान्वयनबाट बाल विवाह अन्त्य
- बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना प्रभावकारी रूपमा कार्यान्वयन
- जोखिममा परेका बालबालिकाको आपत्‌कालिन उद्धार संरक्षण तथा व्यवस्थापन
- विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागत लिई उद्धार, संरक्षण, पुनर्स्थापनालगायतका कार्य
- अपाङ्गता भएका बालबालिकाको पाठ्यपुस्तक, शिक्षण शुल्क, परीक्षा शुल्कलगायतको व्यवस्था गरी माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था

**वातावरण र दिगो विकास**

- वन स्रोतको दिगो व्यवस्थापन गरी लाभदायक रूपमा उपयोग
- वन्यजन्तुको आक्रमणबाट पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक सहयोग
- जलवायु अनुकूलनका कार्यक्रम कार्यान्वयन
- सामाजिक, आर्थिक तथा पूर्वाधारसम्बन्धी क्रियाकलाप गर्नुअघि पूर्व–प्रारम्भिक वातावरणीय परीक्षण र वातावरण प्रभाव मूल्याङ्कन गर्नुपर्ने कानुनी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयन
- वायु प्रदूषण गर्ने गतिविधिमा नियन्त्रण
- वातावरण प्रदूषण पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था कार्यान्वयन
- विषादी, रेडियोधर्मी फोहोरमैला, एसिड लोड ब्याट्रीको सुरक्षित बिसर्जनसम्बन्धी कार्यक्रम सञ्चालन
- अस्पताल तथा अन्य स्वास्थ्य संस्था एवम् प्रयोगशालाबाट सिर्जना हुने फोहर र औषधीजन्य फोहोरको उचित व्यवस्थापनसम्बन्धी नियमनकारी व्यवस्थाको कार्यान्वयनको अनुगमन
- वातावरण संरक्षणको लागि योजना निर्माणमा सरोकारवाला (विशेषतः प्रभावित समुदाय, विशेषज्ञ) को सहभागिता
- वातावरण संरक्षणको लागि विशेष सूचना/जानकारी प्रवाह (प्रतिवेदन सार्वजनिक, सार्वजनिक सुनुवाइ, सञ्चारमाध्यमबाट विशेष जानकारी आदि)
- विद्यालय तहमा वातावरणसम्बन्धी पाठ्यक्रम र शिक्षक तालिमको व्यवस्था
- नागरिक समाज, आमा समूह, युवा आदिलाई वातावरणीय सचेतना (स्वच्छ हावा, स्वच्छ पिउने पानी, हरियाली क्षेत्रको संरक्षण आदि) कार्यक्रम सञ्चालन
- जल, वन र फोहोर व्यवस्थापन आदि विषयमा उपलब्ध गराइएको सचेतना, तालिमको जनस्तरमा प्रभावकारिताको अवस्था
- वातावरणीय क्षतिपछि प्रभावितहरूलाई राहत, क्षतिपूर्ति र पुनःस्थापना
- वातावरणीय योजना कार्यान्वयनमा अनुगमन र मूल्याङ्कनको व्यवस्था
- वातावरणको अधिकार उल्लङ्घनसँग सम्बन्धित उजुरी प्रक्रिया

**सांस्कृतिक अधिकार**

- परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षण
- परम्परागत ज्ञान सीप र प्रविधिको संरक्षणका लागि क्षमता अभिवृद्धिका कार्यक्रम
- मौलिक कला, संस्कृति परम्पराको संरक्षण र संवर्धन

**न्यायसम्बन्धी हक**

- मौलिक हक र मानव अधिकारको बहाली कार्यान्वयन गर्न जारी भएका ऐन तथा नियमावली को कार्यान्वयन गर्ने, सो सम्बन्धी स्थानीय तहमा आवश्यक कार्यविधिलगायतका नीतिगत व्यवस्था
- न्यायिक समितिको दक्षता, क्षमता विकाससम्बन्धी कार्यक्रम
- न्यायमा पहुँच बढाउने कार्यक्रम
- मेलमिलाप प्रक्रियाको प्रवर्धन एवम् पुनर्स्थापकीय न्यायका बारेमा जानकारी गराउने
- अन्तर्राष्ट्रिय मानवीय कानुनलगायतका महासन्धिको कार्यान्वयनमा सघाउ पुऱ्याउने गरी कानुनी व्यवस्था गर्ने
- नि:शुल्क कानुनी सहायतासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन
- एकद्वार प्रणालीबाट नि:शुल्क कानुनी सहायता प्रदान

**सूचनाको हक**

- राज्यका कामकारबाही लोकतान्त्रिक पद्धति अनरूप खुला र पारदर्शी बनाइ नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने,
- स्थानीय तहमा नागरिक र सार्वजनिक महत्त्वको सूचनामा आमनागरिकको पहुँच, सरल, सहज र नागरिकको हित अनुकूल बनाउन स्थानीय तहले नियमित रूपमा सहज माध्ययमबाट सूचना प्रवाहको प्रबन्ध गर्ने,
- नागरिकको सार्वजनिक महत्त्वको सूचना माग्ने, प्राप्त गर्ने र वितरण गर्ने अधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्ने
- सूचनाको हकका सम्बन्धमा पदाधिकारी तथा कर्मचारीलाई प्रशिक्षित गर्ने, सूचना अधिकारी तोकी निजमार्फत सूचना प्रवाह सुनिश्चित गर्ने।

## ६.५ मानव अधिकार र सुशासन

सुशासन कायम गर्नु सबै तहका सरकारको दायित्व हो। मानव अधिकारको व्यवहारिक प्रत्याभूतिविना वास्तविक सुशासनको कल्पना गर्न सकिँदैन। सुशासनको आधारभूत सिद्धान्तको रूपमा निम्न कुराहरू पर्दछन्:




अत: सुशासनको एक प्रमुख सर्तका रूपमा मानव अधिकार रहेको हुन्छ जसका लागि देहायका कार्य गर्न सकिनेछ:

क. सुशासन कायम गर्न स्थानीय तहमा आवश्यक पर्ने कानुनको निर्माण, आवश्यकतानुसार भएका कानुनको परिर्माजन तथा संशोधन र सुशासनका सम्बन्धमा सङ्घीय संसद्ले निर्माण गरेका र हाल क्रियाशील रहेका कानुनको स्थानीय तहमा प्रभावकारी कार्यान्वयन।

ख. सुशासन कायम गर्न आवश्यक पर्ने स्थानीय कानुनी संयन्त्रको निर्माण र भएका संयन्त्रको प्रभावकारी कार्यान्वयन । जस्तै: योजना प्रक्रिया, उपभोक्ता समूहसँग परामर्श, सार्वजनिक सूचनाको स्वघोषणा आदि।

ग. सेवामा सजिलै पहुँच हुने व्यवस्थाका साथै कानुनी प्रावधानबमोजिम सेवा प्रवाह नगर्ने कर्मचारीलाई दण्ड दिई पीडित सेवाग्राहीलाई क्षतिपूर्ति तथा उपचारको व्यवस्था गर्ने।

घ. सुशासन कायम गर्ने सम्बन्धमा भएका कानुनको बारेमा आम जनतालाई सुसूचित गर्ने।

ङ. सुशासन कायम गर्न क्रियाशील नागरिक संस्थाको बीचमा आवश्यक समन्वय, सहकार्य र सहयोग गर्ने।

च. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा आवश्यकतानुसारका समिति गठनसम्बन्धी व्यवस्था भएकाले सो बमोजिम 'मानव अधिकार समिति' गठन गरी क्रियाशील गराउने।

सुशासनको प्रमुख बाधकको रूपमा भ्रष्टाचार रहेको हुन्छ। भ्रष्टाचारको अन्त्य नगरी सुशासनको कल्पना गर्न सकिँदैन।

## ६.६ नागरिकप्रति जवाफदेहिताः विधि र प्रक्रिया

विधिको शासन अर्थात् मानव अधिकार दया र करुणाको विषय नभई, नागरिकको अधिकार हो भन्ने मान्यतानुसार सुशासन, पारदर्शिता, जवाफदेहिता प्रवर्धन गर्न स्थानीय तहले तपसीलमा उल्लिखित दायित्व निर्वाह गर्नुपर्दछ :

१. **नागरिक बडापत्रः** सबैले देख्ने ठाउँमा सेवा र त्यसको प्रकृति, लाग्ने समय, कार्यविधि, जिम्मेवार अधिकारी तथा कार्यकक्ष, दस्तुर, गुनासो सुनुवाइ र सम्बोधनलगायतका विषय ठूलो अक्षरमा बुझिने गरी उल्लेख गर्ने।

२. **सूचना प्रवाह केन्द्रः** नागरिकलाई कानुनी प्रावधान, ऐन, नियमावली, कार्यविधि, ढाँचा, प्रारूप, मापदण्ड, आचार–संहिता लगायत योजना, कार्यक्रम, बजेटसहितका सूचना उपलब्ध हुने गरी सूचना केन्द्र सञ्चालन।

३. **नागरिक र यसका विद्यमान संयन्त्रः** नागरिक तथा नागरिक संस्थाको बीचमा साझा उद्देश्यका साथ सहकार्य गरी अपनत्व ग्रहण गर्न स्थानीय तहमा नागरिकको सहभागिता र सुनुवाइ हुने संयन्त्रको प्रभावकारी सञ्चालन।

४. **सूचनाको हकको प्रचलनः** सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकारअन्तर्गत सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको कामकारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्त्वको निर्माण कार्य भैरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्पत प्राप्त गर्ने नागरिकको अधिकारअनुरूप सोको उपलब्धता।

५. **सञ्चारः** आमसञ्चारका माध्यम, जस्तै– रेडियो, टीभी, पत्रपत्रिका एवम् नवसञ्चारमाध्यम, जस्तै– सामाजिक सञ्जाललगायत मार्फत लोक कल्याणकारी र अधिकारबारेको सूचना, जानकारीको प्रभावकारी सम्प्रेषण।

६. **सुशासन कार्यान्वयनको आवधिक सर्वेक्षणः** सुशासनको अवस्था कस्तो छ भन्ने सम्बन्धमा सेवाग्राहीसमेतको सहभागितामा आवधिक सर्वेक्षण गर्ने।

७. **सार्वजनिक प्रतिबद्धता र सेवा प्रवाहको लेखाजोखाः** स्थानीय तहका निर्वाचित पदाधिकारीले निर्वाचनका क्रममा जनाएका सार्वजनिक प्रतिबद्धताका साथै कर्मचारीलगायतबाट समय–समयमा व्यक्त प्रतिबद्धताको सूची कायम गरी सो अनुरूप सेवा प्रवाहमा सुधार भए–नभएको बारेमा आवधिक लेखाजोखा गर्ने।

८. **सहभागितामूलक योजना निर्माण, लगानी र मूल्याङ्कनः** स्थानीय तहका योजना निर्माणदेखि कार्यान्वयन र मूल्याङ्कनसम्मका गतिविधिमा सरोकारवालाई सहभागी गराउने।

९. **सामाजिक परीक्षणः** स्थानीय तहका गतिविधिका बारेमा नियमित रूपमा सामाजिक परीक्षण गर्ने परम्परा कायम गर्ने।

१० **गुनासो सुनुवाइ र नागरिकबीच नियमित सार्वजनिक संवादः** गुनासो सुनुवाइको उचित प्रबन्ध गर्नुका साथै नियमित रूपमा नागरिक र पदाधिकारीबीच सार्वजनिक संवाद गर्ने।

११ **विद्युतीय तथा प्रविधिमैत्री सेवा प्रवाहः** स्थानीय तहका नीतिगत व्यवस्था, बजेट, निर्णय, कार्यक्रम, सूचना, जानकारीलगायतका सबै दस्तावेज वेबसाइटमा नियमित रूपमा राख्नुका साथै सेवा प्रवाहलाई क्रमशः विद्युतीय तथा प्रविधिमैत्री बनाउदै लैजाने।

मानव अधिकारमुखी अवधारणाको कार्यान्वयनका लागि राज्यका सबै तहको भूमिका रहन्छ। सेवा प्रवाहका लागि अधिक जिम्मेवारी रहने र नागरिकसँग अधिक रूपमा प्रत्यक्ष सम्बन्ध, सम्पर्कमा रहने स्थानीय तहको भूमिका अझ महत्त्वपूर्ण रहन्छ।

## ६.७ स्थानीय सेवा प्रवाहमा मानव अधिकार[५०]

स्थानीय सरकारले प्रवाह गर्ने कुनै पनि सेवा वा पूर्वाधार विकासमा मानव अधिकारमुखी अवधारणालाई आत्मसात् गर्नुपर्दछ । सेवा प्रवाहमा कतै जात, भाषा, लिङ्ग, वर्ण, वर्गको आधारमा विभेद भयो कि कानुनको प्रयोगमा कतै समान संरक्षण पुगेन कि  वा कानुनको प्रयोगमा विभेद भयो कि भन्ने विषयमा संवेदनशील हुनुपर्दछ । सेवा प्रवाह गर्दा पछाडि परेका वर्ग, समुदायलाई कुनै पनि तरहले विभेद नहुने गरी स्थानीय सेवा प्रवाह गर्नुपर्दछ। खास–खास अवस्थामा सकारात्मक विभेद गरेर भए पनि पछाडि परेका वर्ग समुदायलाई संरक्षण गर्ने हेतुले कार्यक्रम गर्दै समन्यायपूर्ण समाज निर्माण गर्न पहलकदमी गर्नुपर्दछ ।

(क) **सहभागिताः** स्थानीय तहले सेवा प्रवाह गर्दा सेवाग्राही र सरोकारवालालाई एकतर्फि ढङ्गले सेवा दिने नभई उनीहरूको आवश्यकता के हो, उनीहरूलाई के गर्दा सन्तुष्टि हुन्छ भन्ने जस्ता कुरामा छलफल गर्ने र निर्णय प्रक्रियामा समेत सहभागी गराउनुपर्छ । सहभागिता सुनिश्चितता गर्दा सेवाग्राहीले आफ्नो कुरा राख्न पाउने, सेवा प्राप्त गरिसकेपछि पनि सेवाको गुणस्तरको बारेमा भन्न पाउने अवसर दिइनुपर्छ ।

(ख) **जवाफदेहीताः** स्थानीय तहले आफूले प्रवाह गर्नुपर्ने सेवामा सबैको पहुँच, समानता, गुणस्तर तथा सन्तुष्टि हुने सुनिश्चित गर्नुपर्छ र कहीँकसैको कसैको गुनासो भएमा जवाफदेहि हुनुपर्छ ।

(ग) **अविभेदः** स्थानीय तहले सेवा प्रवाह गर्दा जात, जाति, भाषा, वर्ण, लिङ्ग, धर्मलगायतका कुनै पनि आधारमा विभेद गर्नुहुन्नँ ।

(घ) **पारदर्शीताः** सेवा प्रवाहमा पारदर्शीता कायम राख्न स्थानीय तहले लिने सेवा शुल्क, प्रक्रिया, सेवा प्राप्त गर्न लाग्ने समय, आवश्यक सूचना प्रवाहजस्ता विषय महत्त्वपूर्ण हुन्छ । यसको लागि नगरपालिका तथा वडा कार्यालयअगाडि नागरिक बडापत्र राख्ने, रेडियो, पत्रपत्रिका तथा अन्य सञ्चद्धार–माध्यमबाट सूचना प्रवाह गर्नुपर्छ ।

(ङ) **मानव मर्यादाको सम्मानः** सेवा प्रवाह गर्दा स्थानीय तहले सेवाग्राहीको मर्यादा वा आत्मसम्मानमा ठेस नपुग्ने गरी गर्नुपर्छ । सेवा प्रवाह गर्दा होच्याउने, हेयको भाव देखाउने जस्ता कार्य हुँदैन ।

(च) **सशक्तिकरणः** मानव अधिकारमुखी पद्धतिमा व्यक्तिको सशक्तिकरणलाई प्राथमिकता दिनुपर्छ । यसको लागि स्थानीय तहले विशेष गरी अल्पसङ्ख्यक नागरिकको शिक्षा, रोजगारी, सीप विकासजस्ता कार्यमा केन्द्रित हुनुपर्छ ।

(छ) **कानुनको पालनाः** स्थानीय तहले प्रवाह गर्ने प्रत्येक सेवा कानुनको परिधिभित्र रहेरमात्र हुनुपर्दछ । कानुनको उल्लङ्घन गरेर सेवा प्रवाह गर्नुहुँदैन । सेवाग्राहीले पनि कानुनभन्दा बाहिरको सेवाको माग गर्नुहुँदैन ।

**सेवा प्रवाहमा मानव अधिकारमुखी पद्धति**




[५०] स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दफा ११

### ६.८ स्थानीय तहमा नागरिक सहभागिता र जवाफदेहिताको संयन्त्र

लोकतन्त्र भनेको नागरिकको सहभागिता र जवाफदेही राज्य व्यवस्था हो । स्थानीय तहमा नीति–निर्माणदेखि कार्यान्वयनसम्म नागरिकको सहभागिता हुनुपर्दछ । जसबाट स्थानीय तहका सबै कार्यक्रमलाई नागरिकले अपनत्व ग्रहण गर्दछन् र सोको प्रभावकारी कार्यान्वयन हुन सक्दछ । नागरिकको आवश्यकताको आधारमा योजनाको छनौटले नागरिकको आवश्यकता पनि पूरा हुन्छ । स्वयम् नागरिक त्यस प्रकारको विकासका कार्यक्रमलाई प्रभावकारी बनाउन उत्प्रेरित भई लाग्दछन् र विकासका कार्यक्रम तथा योजना दिर्घकालीन, भरपर्दो, दिगो र गुणस्तरीय हुन सक्दछ । स्थानीय तहको योजनामा नागरिकको सहभागिताले भ्रष्टाचारको संभावना न्यून भई छिटो छरितो काम हुने अवस्था बन्दछ । स्थानीय तहबाट हुने सबै योजनाको जिम्मेवार जवाफदेही संरचना स्थानीय तहले निर्माण गर्नुपर्दछ । जनताले जुनसुकै बेला उठाउन सक्ने प्रश्नको जवाफ दिने जवाफदेही संरचना निर्माण गरी योजना सञ्चालन गर्दा योजना सञ्चालन गर्ने पदाधिकारी सदा होसियार र जनताप्रति उत्तरदायी रही रहनाले जनअपेक्षा अनुसारको काम सम्पन्न हुनेछ । यसर्थ नागरिकको गुनासो सुनुवाइको संयन्त्र र गुनासो सुन्ने जनप्रतिनिधि तोकि विधि र प्रक्रिया बनाइनुपर्दछ । यसर्थ स्थानीय तहमा नीति, नियामावली, कार्यविधि, ढाँचा, प्रारूप, मापदण्ड, आचार–संहिता, वार्षिक तथा अद्यावधिक योजना बनाउदा, नियमित कार्यक्रम कार्यान्वयन गर्दा र मूल्याङ्कनका चरणमा बिस्तृत रूपमा सबै क्षेत्र र अवस्थाका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने पद्धति लोकतन्त्रको एक महत्त्वपूर्ण पक्ष भएकाले नागरिक सहभागिता अनिवार्य सर्त हो ।

हरेक योजना पारदर्शी हुनुपर्दछ ताकी जो सुकैले स्थानीय तहको विकासका कार्यक्रमको बारेमा सहजै बुझ्न र जान्न, थाहा पाउन सकुन् र स्थानीय तहले गरेका काम ठीक ढङ्गले भइरहेको छ भनेर जनता सन्तुष्ट तथा निश्चित हुन सक्ने परिस्थितिको निर्माण गर्न सकियोस् ।

### ६.९ सामाजिक न्याय र जवाफदेहिता

न्याय, समानता र मानव अधिकारको प्रत्याभूति भयो भने मात्र वास्तविक शान्ति प्राप्ति हुन्छ । शान्ति प्राप्त हुनका लागि नागरिकका आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, नागरिक र राजनीतिक अधिकार सम्मानपूर्वक प्राप्त हुने अवस्था निर्माण गर्नुपर्दछ । विधिको शासन, पारदर्शीता, जवाफदेहिता, भ्रष्टाचाररहित अवस्था र नागरिकको पहिचान, सम्मान र सहभागिता भएको स्थानीय तहमा अवश्य नै शान्ति हुनेछ र मानव अधिकारको सुनिश्चितता हुनेछ । हरेक भाषा, जात जाति, लिङ्ग, धर्म, संस्कृति, रहनसहन प्रतिको सम्मानले र सहिष्णुताबाट नागरिकलाई एकताको शुत्रमा बाध्न मद्दत पुग्दछ ।

नागरिकले आफ्नो सामाजिक र सांस्कृतिक महत्त्वको सम्मान होस् भन्ने चाहन्छ । यस पक्षलाई समेत आत्मसात् गर्दै स्थानीय तहले आफ्ना योजना निर्माण गरी कार्यन्वयन गर्न सकेमा स्थानीय तहमा शान्ति र मानव अधिकारको संरक्षण हुनेछ र सामाजिक र सांस्कृतिक जवाफदेहिता सहितको सुसँस्कृत समाजको निर्माण गर्न सहयोग पुग्दछ । यसका लागि स्थानीय तहले आवश्यक कार्यविधि बनाइ स्थानीय रूपमा शान्ति र मानव अधिकारसम्बन्धी कार्य गर्न धर्म, संस्कृति, जातीय प्रतिनिधित्व लगायतका सबै पक्ष समेट्ने गरी स्थानीय तह र वडा–वडामा समिति गठन गर्नुपर्दछ ।

### ६.१० मानव अधिकार राष्ट्रिय कार्ययोजनालगायतका अन्य कार्ययोजना कार्यान्वयनमा स्थानीय तहको भूमिका

स्थानीय तहले मानव अधिकार राष्ट्रिय कार्ययोजना, व्यवसाय र मानव अधिकार, विश्वव्यापी आवधिक समीक्षा लगायतका विभिन्न कार्ययोजनाको कार्यान्वयनमा स्थानीय तहको भुमिका हुने गर्दछ । राष्ट्रिय मानव अधिकार आयोगले स्थानीय तहलाई यी कार्ययोजनाहरूको कार्यान्वयन अवस्थाको अनुगमन र सहजीकरण गर्न सक्छ । स्थानीय तहले पनि यी विभिन्न कार्ययोजनाको बारेमा जानकारी लिन, यिनीहरूको कार्यान्वयनमा आफ्नो भूमिका थाहा पाउन र व्यवहारिक कार्यान्वयनको लागि राष्ट्रिय मानव अधिकार आयोगसँग समन्वय र सहकार्य गर्नुपर्दछ ।

मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमा स्थानीय तहको भुमिकालाई छोटकरीमा बुँदागत रूपमा यसरी हेर्न सकिन्छः

- **कार्ययोजना ग्रहण**

  मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन विगतको अभ्यासलाई हेर्ने हो भने प्रायजसो कार्ययोजना केन्द्रीय तहमा बनेर केन्द्रीय तहमै सीमित हुन पुगेको, कार्यान्वयन गर्ने निकायले यसलाई स्थानीय तहसम्म पुऱ्याउन नसकेको देखिन्छ । तसर्थ, कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सर्वप्रथम स्थानीय तहले कार्ययोजनालाई औपचारिक रूपमा ग्रहण वा अवलम्बन गर्न जरुरी छ । उदाहरणका लागि स्थानीय तहको कार्यपालिकाले राष्ट्रिय मानव अधिकार कार्ययोजनालाई कार्यान्वयनमा लैजाने औपचारिक निर्णय गरेमा यसको कार्यान्वयन सुरु हुन्छ । यसले सार्वजनिक जागरुकता, सरोकारवालाहरू माझ कार्ययोजनाको बारेमा जानकारी, यसको महत्त्वको बारेमा छलफलसमेत सुरु हुन्छ ।

- **कार्ययोजना अन्तर्गतको कार्यान्वयन तथा समन्वय संयन्त्र निर्माण**

  कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहले कार्यान्वयन संयन्त्र तथा कार्ययोजनामा तोकिएबमोजिमको समन्वय संयन्त्र तत्काल गठन गर्नु जरुरी हुन्छ । त्यसका लागि स्थानीय तहले आन्तरिक कार्यान्वयन समूह/संयन्त्र निर्माण गर्न सक्छ भने कार्ययोजनाले तोकेबमोजिमको नागरिक समाज सदस्यसहितको समन्वय संयन्त्रसमेत गठन गरिनुपर्छ । उदाहरणका लागि, स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐनअन्तर्गत आफूमा रहेको अधिकार प्रयोग गर्दै मानव अधिकार समिति गठन गर्न सक्छ । यसको साथै स्थानीय तहले मानव अधिकार कार्यान्वयन तथा समन्वय संयन्त्रको नियमित बैठक, त्यसबाट प्राप्त सुझावहरूको कार्यान्वयन लगायतमा पनि विशेष ध्यान दिनुपर्छ ।

- **मानव अधिकार तथा मौलिक अधिकार कार्यान्वयनका लागि आवश्यक कानुन तथा नीति–निर्माण**

  संविधानले अनुसूची–८ मा उल्लिखित विषयमा स्थानीय तहको अधिकार रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँ–सभा वा नगर–सभाले बनाएको कानुनबमोजिम हुनेछ (धारा ५७) भन्ने व्यवस्था गर्दै स्थानीय तहलाई विधायीकी अधिकारको व्यवस्था गरेको छ । अनुसूची ८ मा शिक्षा, स्वास्थ्य, खाने पानी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापनलगायत मानव अधिकार तथा मौलिक अधिकारसम्बन्धी धेरै विषयहरू समावेश छन् । तसर्थ स्थानीय तहले यी विषयहरूसँग सम्बन्धित नागरिकको अधिकार सुनिश्चित गर्नका लागि आवश्यक कानुन निर्माण गर्नुपर्दछ । स्थानीय तहमा मानव अधिकार तथा मौलिक अधिकारसँग सम्बन्धित विषयहरूको कानुन निर्माणले पनि कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका रहन्छ ।

- **कार्ययोजना अन्तर्गतको अनुगमन संयन्त्र निर्माण**

  कार्ययोजनाले कार्यान्वयन अनुगमनका लागि विभिन्न अनुगमन संयन्त्रको व्यवस्था गरेको सम्बन्धमा माथि उल्लेख गरिसकिएको छ । कार्ययोजनाले स्थानीय तहमा कार्यान्वयन अनुगमनको जिम्मेवारी नगर–सभा तथा गाउँ–सभालाई दिएको छ । त्यसरी गरिने अनुगमनको कार्यविधि के हुनेछ भन्ने बारेमा भने कार्ययोजनामा केही उल्लेख छैन । यस सम्बन्धमा नगरसभा तथा गाउँ सभाले आफूमा निहित अधिकारको प्रयोग गरी मानव अधिकार राष्ट्रिय कार्ययोजनको अनुगमनसम्बन्धी कार्यविधि निर्माण गर्दै सोहिबमोजिम अनुगमन गरी स्थानीय तहलाई कार्यान्वयनमा जिम्मेवार बनाउन जरुरी छ ।

- **स्थानीय तहको मानव अधिकार प्राथमिकिकरण**

  स्थानीय तहको दायित्वको रूपमा रहेको मौलिक हक तथा मानव अधिकारको संरक्षण, संवर्धन तथा कार्यान्वयनका लागि मानव अधिकार राष्ट्रिय कार्ययोजना एक उपयोगी साधन हो । यसैको कार्यान्वयनमा सहयोग पुग्ने गरी स्थानीय तहले आफ्नो नगरपालिका वा गाउँपालिकाको मानव अधिकारका विषय तथा मुद्दाहरूको प्राथमिकिकरणसमेत गर्न सक्छ । सबै स्थानीय तहको मानव अधिकारसम्बन्धी चुनौती र प्राथमिकता एकै प्रकारको हुँदैन । त्यसैले पनि यस किसिमको प्राथमिकीरण कार्ययोजनाको कार्यान्वयनका लागि उपयोगी हुन्छ ।

- **नीति तथा कार्यक्रममा मानव अधिकार कार्ययोजनालाई प्राथमिकीकरण**

  स्थानीय तहले मानव अधिकार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि यसलाई आफ्नो

वार्षिक नीति तथा कार्यक्रमसँग जोडेर लैजानु आवश्यक हुन्छ । यसरी नीति तथा कार्यक्रममा समावेश गरिएमा कार्ययोजनामा तोकिएका कृयाकलापहरूको कार्यान्वयनका लागि आवश्यक स्रोतसमेत निर्क्योलहुने हुनाले स्थानीय तहले कार्ययोजनालाई वार्षिक निति निर्माण प्रक्रियामा सन्दर्भ सामाग्रीका रूपमा अवलम्बन गरिनु आवश्यक छ ।

- **नियमित अनुगमन**

  स्थानीय तहले कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि नियमित रूपमा अनुगमन गर्ने, आवश्यक पृष्ठपोषण उपलब्ध गराउने, आएका सुझाव, सिफारिस तथा पृष्ठपोषणहरूको कार्यान्वयन गर्ने कार्य गर्नुपर्दछ ।

- **प्रदेश तथा सङ्घीय सरकारसँगको सहकार्य तथा समन्वय**

  मानव अधिकार कार्ययोजनाको कार्यान्वयन राज्यको दायित्व हो । जसरी कार्ययोजनामा तीन तहको जिम्मेवारी तोकिएको छ, त्यसलाई व्यवहारमा कार्यान्वयन गर्नमा तीन तहका सरकारका बीचमा समन्वयको पनि त्यति नै खाँचो हुन्छ । स्थानीय तहले कार्यान्वयनमा प्राप्त भएका सफलता, सामना गर्नुपरेका समस्या, माथिल्लो तहबाट हुने अनुगमन, आवश्यक कानुनी व्यवस्था, स्रोत परिचालन आदिका सम्बन्धमा प्रदेश तथा सङ्घीय सरकारसँग आवश्यक सहकार्य र समन्वय गर्न पनि जरुरी हुन्छ ।

- **निजी क्षेत्र तथा नागरिक समाजसँग सहकार्य**

  मानव अधिकारको कार्यान्वयन सबैको जिम्मेवारी हो । यसै कारणले स्थानीय तहले मानव अधिकार कार्ययोजना कार्यान्वयनमा निजी क्षेत्र, नागरिक समाज तथा सञ्चार जगतसँग सहकार्य गर्न जरुरी हुन्छ । उनीहरूलाई कार्ययोजनाको बारेमा जानकारी दिने, कार्यान्वयनमा सहकार्य गर्ने, समन्वय तथा अनुगमन संयन्त्रमा नागरिक समाजलाई सहभागी गराउने, नियमित रूपमा पृष्ठपोषण तथा सुझाव लिने, प्राप्त सुझावहरूलाई सम्बोधन गर्ने कार्य पनि स्थानीय तहले गर्नुपर्दछ । यसका लागि स्थानीय तहले सहकार्यको वातावरण तयार गर्ने र नागरिक संस्थाहरूलाई कसरी सहभागी गराउने भन्ने नीति तथा कार्यक्रमसमेत तयार गर्नुपर्दछ ।

# परिच्छेद सात

# सामूहिक तथा जोखिम समूहको अधिकार र स्थानीय तहको दायित्व

मानव अधिकार सबैको अधिकार हो तथापी समाजमा रहेका विशेष समूहको संवेदनशीलता तथा जोखिमका कारण उनिहरुमा विशेष अधिकार रहेका हुन्छन् । महिला तथा वञ्चितीमा परेका सबैप्रकारका समूह तथा समुदायका विचार, धारणा वा सहभागिता सुनिश्चित गर्न राष्ट्रिय मानव अधिकार आयोगलगायत अन्य विषयगत संवैधानिक आयोगहरूसँग स्थानीय सरकारले समन्वय गर्न सक्दछ । अपाङ्गता भएका व्यक्तिहरूका लागि अवस्था र जटिलताहरूको परिमाणका आधारमा पहुँच र सहभागिताको सुनिश्चित गरिनुपर्छ ।

## ७.१. लैङ्गिक समानता र महिला अधिकार

विश्वव्यापी सन्दर्भमा उन्नाइसौं शताब्दीको मध्यतिरमात्र महिला अधिकारको अवधारणाको बिजारोपण भएको मानिन्छ । त्यसअघि सन् १७८९ को अगस्टमा फ्रान्सको राष्ट्रिय सभाले जारी गरेको अधिकारसम्बन्धी ऐतिहासिक दस्तावेजको नाम पुरुषका अधिकारको घोषणापत्र थियो । महिलाको अधिकारसम्बन्धी समान्य विमर्श सुरु भएको एक शताब्दीपछि मात्र संयुक्त राष्ट्रसङ्घले जारी गरेको मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ मा महिलालाई पनि अधिकार प्रापकका रूपमा स्वीकार गरियो । फ्रान्सेली राज्य क्रान्तिपछि जारी पुरुषको अधिकारको घोषणापत्र १७८९ को प्रस्तावनामै पुरुष र नागरिकको अधिकारलाई स्वीकार गरिएको थियो । यसको पहिलो धारामै सबै पुरुष जन्मजात स्वतन्त्र र सबैका अधिकार समान हुन्छन् भन्ने उल्लेख गरिएको थियो ।

आज, महिला र पुरुषद्वारा मानव अधिकारको समान उपभोग विश्वव्यापी रूपमा स्वीकार गरिएको सिद्धान्त हो, जसलाई जुन १९९३ मा सम्पन्न मानव अधिकारको विश्व सम्मेलनमा १ सय ७१ राष्ट्रले भियना घोषणापत्रमार्फत पुनः दोहोऱ्याएका थिए । उक्त घोषणापत्रको सारांशः

- शिक्षा र स्वास्थ्यसहित आधारभूत समाजिक सेवामा समान पहुँच ।
- राजनीतिक र  आर्थिक निर्णय प्रक्रियामा सहभागी हुने समान अवसर ।
- समान कामका लागि समान प्रतिफल ।
- कानुनअन्तर्गत समान संरक्षण ।
- लैङ्गिक विभेद र महिलाविरुध्दको हिंसाको अन्त्य ।
- कार्यथलोजस्तो सार्वजनिक र घरजस्तो निजी गरी दुवै स्थान, जीवनका सबै क्षेत्रमा नागरिकको समान अधिकार ।

सन् २००० को सुरुवातमै, सहश्राब्दीको अन्त्यसँगै, नयाँ सहश्राब्दीको पहिलो पन्ध्र वर्षभित्र विश्वका सबै देशका लागि तय गरिएको आठ सूत्रीय विकासका लक्ष्यमध्ये तेस्रोमा लैङ्गिक समानताको प्रवर्धन र महिला सशक्तिकरण थियो । पन्ध्र वर्षपछि तय गरिएको १७ वटा दिगो विकासका लक्ष्यमध्ये एक लैङ्गिक समानता रहेको छ ।

नेपालको संविधान, नेपाल पक्ष राष्ट्र भएको महिलाविरुध्द हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९७९, र अन्य कानुनले नेपालमा समान हक अधिकार, अवसर र सकारात्मक विभेदका माध्यमले महिला अधिकारको सुनिश्चितता गरेका छन् । यसरी नेपालमा राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक वा अन्य कुनै पनि विषयमा वैवाहिक स्थिति जेजस्तो रहको भए पनि लिङ्गका आधारमा हुने कुनै पनि भेदभाव, बहिष्कार वा प्रतिबन्धलाई कानुनतः अस्वीकार गरिएको छ । स्थानीय तहको सार्थक प्रयासविना महिला अधिकार व्यवहारमा रूपान्तरित हुन सक्दैनन् ।

स्थानीय तहले गर्ने हरेक कार्य र सेवा प्रवाहमा लैङ्गिक समानतालाई आपसमा सम्बन्धित विषयको रूपमा लिई मूल प्रवाहीकरण गर्नुपर्छ ।

## ७.२. बाल अधिकार

कुनै पनि समाज कस्तो छ भन्ने कुरा त्यहाँका बालबालिकाको अवस्थाले दर्शाइरहेको हुन्छ । त्यसैले बालबालिकालाई समाजको ऐना भन्ने चलन पनि रहेको छ । बालबालिका समाजका सबैभन्दा संवेदनशील र नाजुक समूहभित्र पर्दछन् । बालबालिका भविष्यका कर्णधारमात्र नभई वर्तमानका हिस्सेदार पनि हुन् । त्यसैले बालबालिकाको हित भलाइका लागि विशेष व्यवस्था हुन जरुरी भएकाले बाल अधिकारको अवधारणा विकास भएको हो । इतिहासलाई कोट्याउने हो भने प्रथम विश्वयुद्धले गरेको धनजनको क्षतिबाट आक्रान्त भएका बालबालिकाको बचाउ र संरक्षणबाट बाल अधिकार अवधारणाको सुत्रपात भएको देखिन्छ । क्रमिक रूपमा यसको विकास हुँदै सन् १९८९मा संयुक्त राष्ट्रसङ्घबाट बाल अधिकारसम्बन्धी महासन्धि पारित भयो । जसमा बाल अधिकारका मुख्य चार सिद्धान्त यस प्रकार उल्लेख गरिएका छन्ः

१. **भेदभावरहित**: कुनै पनि आधार वा बहानामा कुनै पनि बालबालिकालाई भेदभाव गर्न हुँदैन ।
२. **सर्वोत्तम हित**: व्यक्तिदेखि सरकारसम्म सबैले बालबालिकासँग सम्बन्धित कार्य गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्दछ ।
३. **दीर्घ जीवन र विकास**: बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । बालबालिकाको दीर्घजीवन र विकासका निम्ति राज्यले यथासम्भव बढीभन्दा बढी प्रयास गर्नुपर्दछ ।
४. **विचार र भावनाको कदर**: बालबालिकासँग सम्बन्धित विषयमा उनको विचार र भावनाको कदर गर्दै उचित मान्यता पनि दिइनुपर्दछ ।

यसै गरी समग्रमा महासन्धिमा उल्लिखित बाल अधिकारलाई बुझ्नका लागि यसलाई चार समूहमा राखेर व्याख्या गर्न सकिन्छः

१. **बाल बचावट**: बाँच्न पाउनु प्रत्येक बालबालिकाको जन्मसिद्ध अधिकार हो । त्यसले गर्भवती महिलालाई समेत विशेष स्याहार, सुरक्षित जन्म, खोप तथा स्वास्थ्य स्याहार, पोषणयुक्त खाना, सफा पानी लगायतका व्यवस्था हुनुपर्दछ ।
२. **बाल संरक्षण**: कुनै पनि बहानामा हुने भेदभावबाट संरक्षण, दुर्व्यवहार, उत्पीडन, हेला, अपमान, यातनाबाट संरक्षण, यौनशोषण, श्रमशोषणलगायत सबै खाले शोषणबाट संरक्षण, बेचबिखन, ओसारपसारबाट संरक्षण, हानीकारक काम तथा युद्धमा संलग्नताबाट संरक्षण, लागू पदार्थ, नशालुपदार्थबाट संरक्षण, कानुनी संरक्षणलगायतका व्यवस्था हुनुपर्दछ ।
३. **बाल विकास**: स्वच्छ वातावरणमा असल शिक्षा आर्जन, खेल, मनोरन्जन र आराम, उचित स्वास्थोपचार, शारिरीक, मानसिक, नैतिक र सामाजिक विकासका निमित्त आवश्यक पर्ने सुविधा र अवसर, माया, ममता र हुर्काउने कार्यमा आमाबाबु दुवैको संयुक्त दायित्व, उचित मार्गदर्शन र राम्रो वातावरणलगायतका व्यवस्था हुनुपर्दछ ।
४. **बाल सहभागिता**: जीवनमा प्रभाव पार्ने निर्णयमा आफ्नो कुरा भन्ने र सोको कदर गरिनुपर्ने, रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक गतिविधिमा सहभागी हुने, आस्थाअनुसारको धर्म मान्ने, कुनै कुराको जानकारी राख्ने र अभिव्यक्त गर्ने, सङ्घसंस्था खोल्ने तथा सहभागी हुने वातावरण बनाइ बालबालिकाको विचार र भावनाको सम्मान गरिनुपर्दछ ।

बाल अधिकारका यी आधारभूत कुरालाई नेपालको संविधानले स्पष्ट रूपमा समेटेको छ । मौलिक हकअन्तर्गतका अन्य हक बालबालिकाकालागि पनि आकर्षित हुन्छन् भने बालबालिकाको हकका रूपमा नेपालको सविधानको धारा ३९मा उल्लेख गरिएको छ । यसै गरी राज्यको नीतिमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिइनुपर्ने सिद्धान्तलाई पनि समेटिएको छ । यस अतिरिक्त बालबालिकासम्बन्धी ऐन, २०७५ ले बाल अधिकारका सम्बन्धमा थप व्याख्या गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐनमा पनि यस विषयमा विस्तारमा उल्लेख गरिएको छ । मुलुकी देवानी संहिता, मुलुकी अपराध संहिता, बालश्रम (नियमित र निषेधित गर्ने) ऐन लगायतका विभिन्न कानुनमा बाल अधिकारका सवालमा पर्याप्त उल्लेख भएका छन् ।

बालबालिका सम्बन्धी ऐन, २०७५ ले "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्ति मानेको छ र बालबालिका अधिकारका विषयमा व्याख्या गरेको छ ।

बालबालिकाको बाँच्न पाउने अधिकार, नाम, राष्ट्रियता र पहिचानको अधिकार, भेदभावविरुद्धको अधिकार, बाबुआमासँग बस्ने र भेटघाट गर्ने अधिकार, संरक्षणको अधिकार, सहभागिताको अधिकार, अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार, संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार, गोपनियताको अधिकार, अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार, पोषण तथा स्वास्थ्यको अधिकार, खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार, शिक्षाको अधिकारका बारेमा दफा ३ देखि १५ सम्म उल्लेख गरिएको छ ।

यस ऐनले बाल अधिकारको कार्यान्वयन गर्ने एक जिम्मेवार पक्षका रूपमा स्थानीय तहलाई पनि उल्लेखनीय रूपमा दायित्व तोकेको छ, जसअनुसार हरेक स्थानीय तहमा

बाल अधिकार समितिको गठन, बालकल्याण अधिकारी तथा बाल संरक्षण कोषको व्यवस्था हुनुपर्ने लगायतका कानुनी दायित्व रहेका छन् । यस अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐनले गाउँ, नगर पालिका तथा वडा समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत विभिन्न दफामा बाल अधिकारका धेरै पक्षलाई समेटेको छ । योजना तर्जुमामा बालबालिकाको विषयलाई प्राथमिकता दिने तथा सहभागी गराउने देखि बालबचाउ, बालसंरक्षण, बालविकास, बालसहभागिताका कुरालाई उल्लेख गरिएको छ ।

## ७.३. अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण

अपाङ्गता भएका व्यक्तिका लागि महासन्धि, २००६ ले अपाङ्गता भएका सबै व्यक्तिले सम्पूर्ण मानव अधिकार तथा मौलिक स्वतन्त्रताको पूर्ण र समान उपभोग गर्न सकुन्, उनीहरुको नैसर्गिक मर्यादाको सम्मान गर्दै अधिकारको प्रवर्धन, संरक्षण गर्ने उद्देश्य राखेको छ । त्यसै गरी संविधानका प्रावधानलाई कार्यान्वयन गराउन कानुनमा अपाङ्गता भएका व्यक्तिको अधिकार बहालीका लागि विभिन्न व्यवस्था गरिएका छन् ।

अपाङ्गता भएका व्यक्तिले राज्यप्रदत्त सेवा, सुविधा प्राप्त गर्न न्यायिक समानताको उपभोग गर्न पाउनुपर्दछ । अपाङ्गता भएका व्यक्तिको अधिकारका सन्दर्भमा पहुँचयुक्ततालाई मूल आधार मानिन्छ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा (६) ले पहुँचयुक्तलाई यसप्रकार परिभाषित गरेको छ : अपाङ्गता भएका व्यक्तिलाई स्वनिर्भरतापूर्वक जीवनयापन गर्न तथा जीवनका हरेक पक्षमा पूर्णरूपले सहभागी हुन सक्ने गरी सक्षम बनाउन मानव निर्मित भौतिक संरचना, यातायातका साधन, सूचना र सञ्चारका उपकरण तथा प्रविधि वा सर्वसाधारणलाई खुला गरिएका सेवा तथा सुविधा विनाअवरोध समान रूपमा उपयोग गर्न सक्ने अवस्था सम्झनुपर्छ ।

संविधानको धारा १८ मा अपाङ्गताका आधारमा भेदभाव गर्न नपाइने समानताको हक, विशेष व्यवस्था गर्न सकिने, धारा ३१ मा निःशुल्क शिक्षा, धारा ३९ मा अपाङ्गता भएका बालबालिकाको विशेष संरक्षण र सुविधा पाउने, धारा ४२ मा सामाजिक न्याय, समावेशीताका आधारमा सहभागिता, मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन, सार्वजनिक सेवा तथा सुविधामा समान पहुँच, धारा ४३ मा सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ । यसै गरी राज्यको नीतिमा अपाङ्गता अनुकूल यातायातको व्यवस्था गर्ने उल्लेख हुनुका साथै अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीमा अपाङ्गता भएका व्यक्तिको व्यवस्थापन गर्ने दायित्व स्थानीय तहलाई दिइएको छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ७ देखि १८ सम्ममा अपाङ्गता भएका व्यक्तिको अधिकारका रूपमा प्रचलित कानुनबमोजिमका अधिकार उपभोग गर्न पाउने, भेदभावविरुद्धको अधिकार, सामुदायिक जीवनको अधिकार, संरक्षणको अधिकार, राजनीतिक सहभागिताको अधिकार, नीति–निर्माणमा सहभागिताको अधिकार, संस्था खोल्ने अधिकार, सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार, सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकार, सामाजिक सुरक्षाको अधिकार, सूचना तथा जानकारीको अधिकार, आवतजावतको अधिकारका बारेमा थप व्याख्या गरिएको छ ।

यसै गरी स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क अद्यावधिक गर्नुपर्ने, अपाङ्गता परिचयपत्र वितरण गर्ने, अपाङ्गता मैत्री संरचनाको विकास वा निर्माण गर्ने गराउने लगायतका जिम्मेवारी तोकिएको छ । अपाङ्गता भएका व्यक्तिको हकहित संरक्षणसम्बन्धी विषयमा समन्वय गर्ने काम समेतका लागि प्रत्येक स्थानीय तहमा स्थानीय समन्वय समिति रहने व्यवस्था दफा ४२ ले गरेको छ । दफा ४५ ले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने तथा राज्यका तर्फबाट अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइने सहयोग सहज रूपमा उपलब्ध गराउने दायित्व स्थानीय तह समेतको हुने उल्लेख गर्दै आफ्नो क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिलाई स्थानीय तहबाट उपलब्ध हुन सक्नेसम्मका सेवा, सुविधा तथा अवसर उपलब्ध गराउने दायित्व सम्बन्धित स्थानीय तहको हुने भनि स्पष्ट उल्लेख गरेको छ । यसै गरी दफा ५८ ले अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षण गर्ने काम समेतका लागि एकजना कर्मचारीलाई संरक्षण अधिकृत तोक्न सक्ने व्यवस्था पनि छ ।

## ७.४. आदिवासी, दलित र अल्पसङ्ख्यक नागरिकको अधिकार

नेपालजस्तो सांस्कृतिक विविधताका दृष्टिले समृद्ध देशमा सामाजिक र सांस्कृतिक अधिकारको सम्मान र बहालीका लागि स्थानीय तहबाट निर्वाह गरिनुपर्ने दायित्व छन् । संविधानको धारा १८ ले समानताको हकअन्तर्गत सामाजिक वा सांस्कृतिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसङ्ख्यक, सिमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खसआर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिमविशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ। धारा ४२ ले सामाजिक न्यायको हकअन्तर्गत समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक प्रदान गरेको छ । धारा ४० ले दलितको सहभागी हुने, कानुनबमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने, स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गनकानुनबमोजिर्म कानुनबमोजिम विशेष व्यवस्था गरिने, परम्परागत पेसा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने, भूमिहीन दलितलाई कानुनबमोजिम एक पटक जमीन उपलब्ध गराउने लगायतका हक प्रदान गरेको छ।

राज्यको सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिअन्तर्गत पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितताका साथै सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने उल्लेख गरिएको छ। यस अतिरिक्त राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति आयोगलगायतबाट ती समुदायको हक अधिकारको प्रचलन र संरक्षणमा सहयोग पुऱ्याइने व्यवस्था गरिएको छ।

## ७.५ आप्रवासी र शरणार्थीको अधिकार

नेपालको कानुन र अन्तराष्ट्रिय श्रम सङ्गठनले अघि सारेको मान्यताअनुसार आप्रवासी कामदारको मानव अधिकारलाई सुनिश्चित गरिएको छ । मूलतः उत्पत्ति मुलुकका रूपमा नेपालले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने अभिप्रायका साथ वैदेशिक रोजगार नीति, ऐन, नियमावली र निर्देशिकामार्फत विदेशमा रोजगारीका लागि जाने आफ्ना नागरिकले कार्यथलोमा मानव अधिकारबाट वञ्चित हुन नपरोस् भन्ने प्रबन्ध गरको छ । वैदेशिक रोजगार ऐन, २०६४ ले नेपालबाट वैदेशिक रोजगारमा जाने कामदारको अधिकार संरक्षणको ध्येय अघि सारेको छ। वैदेशिक रोजगारीमा जाने र जान इच्छुक व्यक्तिको उद्गम भनेकै स्थानीय तह भएको हुँदा स्थानीय तहले वैदेशिक रोजगारीमा जान इच्छुक व्यक्ति ठगी वा शोषणमा नपरुन् भनेर विशेष ध्यान पुऱ्याउन आवश्यक हुन्छ।

## ७.६. लैंङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अधिकार

परम्परागत रूपमा समाजमा महिला र पुरुष दुई लिङ्गले मान्यता पाएको देखिन्थ्यो र सोहीअनुसारको व्यवस्था हुने गरेको पाइन्थ्यो  तर आज विश्वव्यापी रूपमा समाजमा यीबाहेकका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्ति पनि हुन्छन् भन्ने स्वीकार गरिएको छ । हालका वर्षमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अधिकारका विषय धेरै उठ्ने गरेको छ । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको पहिचान, समानता, विवाहलगायतका अधिकारलाई मान्यता दिनुपर्नेजस्ता सवाल उठिरहेका छन् । नेपालको संविधानमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका बारेमा उल्लेख गरिएको छ । धारा १८ को समानताको हकअन्तर्गत कानुनका अगाडि सबै समान हुँदाहुँदै पनि लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न सकिने उल्लेख गरेको छ। धारा ४२ को सामाजिक न्यायको हकअन्तर्गत यौनिक अल्पसङ्ख्यक लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक प्रदान गरेको छ । राष्ट्रिय लैङ्गिक समावेशी नीति २०७७ ले पनि लैङ्गिक विभेदको अन्त्य गर्न विभिन्न व्यवस्था गरेको छ । यसै गरी कतिपय स्थानीय तहले पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति बनाएका छन् । सर्वोच्च अदालतका विभिन्न निर्णयले पनि लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको पहिचान लगायत विवाहसम्बन्धी अधिकारलाई प्रत्याभूत गरेको

छ । यस्तै फैसलामध्ये एउटामा सर्वोच्च अदालतले नेपालीसँग विवाह गरेका विदेशी समलिङ्गी व्यक्तिलाई नेपालमा बस्नका लागि गैरपर्यटक भिसा दिने आदेश दिएको छ। नेपाली समलिङ्गी पुरुष अधिप पोखरेलसँग विवाह गरेका जर्मन समलिङ्गी पुरुष टोवियास फल्जलाई गैरपर्यटक भिसा (नाता भिसा) दिन अस्वीकार गरेको अध्यागमन विभागका नाममा सर्वोच्चका न्यायाधीशद्वय टंकबहादुर मोक्तान र हरि फुयाँल इजलासले त्यस्तो आदेश दिएको हो।[५१] यसै गरी नागरिकता लगायत लिङ्ग खुलाउनुपर्ने कागजातमा महिला, पुरुषमात्रै नलेखी अन्य भनेर खुलाउन सकिने प्रचलन पनि चलिसकेको छ। लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई पनि अन्य नागरिकले पाए सरहका अधिकार विनाभेदभाव पाउने अधिकार छ। अतः समाजमा यस्ता व्यक्तिमाथि हुने भेदभाव, लान्छनाको अन्त्य गर्दै उनीहरूको सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका अधिकारको प्रत्याभूतिमा स्थानीय तहको अहम् भूमिका रहन्छ।

### ७.७. ज्येष्ठ नागरिकको अधिकार

नेपालको संविधानको धारा ४१ मा जेष्ठ नागरिकको हक अन्तर्गत जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भन्ने उल्लेख गरिएको छ। जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले ६० वर्ष उमेर पूरा गरेका नेपाली नागरिकलाई जेष्ठ नागरिकका रूपमा परिभाषित गरेको छ। ऐनले जेष्ठ नागरिकको सम्मानको प्रत्याभूति गर्दै जेष्ठ नागरिकका लागि यातायात, न्यायमा पहुँच र स्वास्थ्य सेवालगायतका क्षेत्रमा छुट र सुविधाको व्यवस्था पनि गरेको छ। त्यसै गरी मुलुकी देवानी संहिता, २०७४ ले महिला, दलित, आदिवासी जनजाति, मधेसी,मुस्लिमलगायत केही समुदायसँगै जेष्ठ नागरिकका लागि भएको विशेष व्यवस्थालाई भेदभाव गरेको नमानिने प्रष्ट पारेको छ।

### ७.८. वातवरणीय ह्रासबाट बढ्दो जोखिमबाट सुरक्षा पाउने अधिकार

वातावरणीय ह्रास र विपद्का कारण आम नागरिकको आर्थिक सामाजिक जीवनमा पर्ने असर मानव अधिकारका दृष्टिले गम्भीर चुनौती हुन्। जलवायु परिवर्तनका कारण खास गरी विकट भूगोलमा बसोबास गर्ने मानिसका आजीविकामा पर्न जाने असर र जलवायु परिवर्तनका सम्बन्धमा न्यायको व्यवस्था स्थानीय तहले मानव अधिकारका सन्दर्भमा ध्यान दिनै पर्ने विषय हुन्। यो स्रोत पुस्तक सम्बन्धमा मधेस, कर्णाली र वाग्मती प्रदेशमा स्थानीय तहका जनप्रतिनिधिसँग भएको विस्तृत र केन्द्रीकृत छलफलका क्रममा देशका सबैजसो भूभागमा अहिलेसम्म विकास निर्माणमा जलवायु परिवर्तन र अनुकूलनलाई ध्यान दिइएको छैन भन्ने निष्कर्ष निकालिएको थियो। राम्रोसँग योजना नबनाइ दूरगामी प्रभाव मूल्याङ्कन नगरी वातावरण र भूगोललाई नकारात्मक असर पर्ने गरी विकास निर्माण अधिक भएको जनप्रतिनिधिकै अनुभव छ। सामाजिक विकासका मुद्दालाई प्राथमिकतामा नराखेसम्म मानव अधिकारमुखी विकास पद्धतिलाई अघि बढाउन सकिँदैन। कुनै पनि विकास निर्माणका कामबाट वातवरणमा प्रतिकूल असर पर्न नदिन विशेष सावधानी अपनाउनुका साथै विपदद्वारा निम्तन सक्ने वातावरणीय ह्रास न्यूनीकरण र व्यवस्थापनमा उचित ध्यान दिइनुपर्दछ ।

[५१]अधिप पोखरेल र टोवियास फल्ज वि. गृह मन्त्रालय अध्यागमन विभाग र महानिर्देशक, अध्यागमन विभाग, रिट नं. 079-WO-0198, फैसला मिति २०७९ पुस ४ गते।

# परिच्छेद आठ

# स्थानीय तहमा मानव अधिकारमुखी विकासको अभ्यास

## ८.१ स्थानीय तहमा मानव अधिकार संरक्षण र संवर्धनका लागि नीति तथा योजना निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ देखि २६ सम्म योजना तर्जुमा र कार्यान्वयन गर्ने व्यवस्था रहेको छ । योजना तर्जुमा गर्दा मानव अधिकार विकास पद्धतिको अवलम्बन गर्नु आवश्यक हुन्छ। स्थानीय जनताको सहभागिता साथै पारदर्शी र विभेदरहित तवरले योजना तर्जुमा र कार्यान्वयन गर्नु पर्दछ।

### मानव अधिकारमुखी पद्धतिबाट स्थानीय योजना बनाउने प्रमुख सिद्धान्तहरू

**सहभागिता र समावेशीकरण:** योजना प्रक्रियामा समुदायका सबै वर्गको सहभागिता हुनुपर्छ । विशेष गरी अर्थपूर्ण सहभागिताले कमजोर तथा विपन्न समूहहरूको, आवश्यकता र दृष्टिकोणलाई समेट्न मद्दत गर्छ।

**समानता र अविभेद:** योजनाले उमेर, लिङ्ग, जाति, वा सामाजिक स्थिति जस्ता आधारमा हुने भेदभावलाई अन्त्य गर्न सक्रिय कदम चाल्नुपर्छ।

**पारदर्शिता र जवाफदेहिता:** स्थानीय सरकारका योजना र बजेट सार्वजनिक र पारदर्शी हुनुपर्छ, स्थानीय योजनामा मानव अधिकार समावेश गर्ने चरणहरू:

**आवश्यकता मूल्याङ्कन:** समुदायहरूले सामना गरिरहेका चुनौतीहरू बुझ्न, विभिन्न क्षेत्रमा मानव अधिकारसम्बन्धी सवालहरूको पहिचान गर्न स्थानीय आवश्यकता मूल्याङ्कन गर्नुपर्छ।

**योजना निर्माण:** मानव अधिकारका सिद्धान्तहरू साथै मानव अधिकारमुखी पद्धतिलाई आवधिक तथा वार्षिक योजनामा समावेश गरी, तिनीहरू राष्ट्रिय विकास लक्ष्य र अन्तर्राष्ट्रिय सन्धिहरूसँग मेल खाने गरी बनाउनुपर्छ।

**बजेट निर्माण:** बजेटमा स्रोतहरूको विनियोजन मानव प्राथमिकतामा आधारित हुनुपर्छ, जसले समान पहुँच र सेवाको न्यायोचित वितरण सुनिश्चित गर्छ।

**अनुगमन र मूल्याङ्कन:** कार्यान्वयन भएका योजना र बजेटहरूले मानव अधिकारलाई कत्तिको प्रभावकारी ढङ्गले सम्बोधन गरेका छन् भन्ने निगरानी र मूल्याङ्कन गर्ने संयन्त्र स्थापित गर्नुपर्छ।

**स्थानीय सरकारको भूमिका:** स्थानीय सरकारहरू अग्रपंक्तिका सेवा प्रदायकका रूपमा कार्य गर्छन् र आधारभूत मानव अधिकार सुनिश्चित गर्न महत्त्वपूर्ण हुन्छन्। तिनीहरूले आफ्नै गुरु योजना र आवधिक योजना बनाउनुपर्ने हुन्छ तर यी योजना सङ्घीय र प्रदेश स्तरका नीतिसँग पनि मिल्नुपर्ने अपेक्षा गरिन्छ।

### चुनौती र सहयोग

**क्षमता अभाव:** स्थानीय अधिकारीहरूले योजना, बजेट निर्माण र मानव अधिकारमैत्री दृष्टिकोण कार्यान्वयनमा क्षमता सम्बन्धी चुनौती सामना गर्न सक्ने हुँदा, क्षमता विकास तथा तालिम आवश्यक हुन्छ।

**समन्वय:** मानव अधिकारमैत्री योजनाको एकरूप कार्यान्वयन सुनिश्चित गर्न स्थानीय सरकार, राष्ट्रिय मानव अधिकार आयोग र सम्बन्धित मन्त्रालयबीच प्रभावकारी समन्वय आवश्यक हुन्छ।

### स्थानीय योजना र मानव अधिकार

विकासका कार्यक्रममा सम्भाव्यता अध्ययन, परिवेश विश्लेषण, आवश्यक योजना तयारी, नीति–निर्माण, परियोजनाको कार्यान्वयन र प्रभाव मूल्याङ्कनलगायतका विभिन्न चरणहरू भएता पनि विकास कार्यक्रमका मुख्य गरी तीन प्रमुख चरण हुन्छन्। (क) योजना तर्जुमा, (ख) योजना कार्यान्वयन र (ग) मूल्याङ्कन।



यो चरणमा परिवेशको अध्ययन तथा विश्लेषण, विकासका सवालको छनौट तथा प्राथमिकीकरण, सम्भाव्यता अध्ययन, कार्यक्रमको रूपरेखाको तयारी, आर्थिक तथा मानवीय स्रोतको व्यवस्थापनजस्ता चरणहरू पर्दछन् । विकास योजना तर्जुमा गर्दा र आवश्यक नीति–निर्माण गर्दा स्थानीय नागरिकको सहभागिता सुनिश्चित गर्नुपर्छ । स्थानीयको सहभागिता गराउने क्रममा पनि अविभेद र समानताको सिद्धान्तलाई अङ्गिकार गर्नुपर्छ । यस्ता तयारीहरू पारदर्शीता हिसाबले अगाडि बढाइनुपर्छ । विकासका कार्यक्रमको योजना निर्माण गर्दा मानव मर्यादामा आँच नआउने गरी कानुनको अधीनमा रहेर गर्नुपर्छ । विकासका कार्ययोजना र नीति–निर्माण गर्दा व्यक्तिको सशक्तिकरणतर्फ लक्षित हुनुपर्छ ।

## ८.२ मानव अधिकारमुखी बजेट निर्माण प्रक्रिया

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट पेस र पारितसम्बन्धी व्यवस्था छ । बजेट पेस र पारित समयमै गर्नुपर्ने प्रावधान रहेको छ । बजेट समयमै पारित नहुँदा सेवा प्रवाहमा नकारात्मक असर पर्ने साथै सुशाासनको प्रत्याभूतिमा समेत असर पर्दछ ।

मानव अधिकार र सरकारको बजेट निर्माणबीचको सम्बन्धको चर्चा गर्दा सरकार स्रोत परिचालनमा मानव अधिकारको सम्मान, संरक्षण गर्नेतर्फ कति केन्द्रित छ भन्ने हेर्नुपर्दछ । मानव अधिकार विकास पद्धतिमा आधारित बजेट निर्माणले सार्वजनिक स्रोतलाई सबैको गरिमा र अधिकार सुनिश्चित हुने गरी प्रयोग गर्ने प्रबन्ध मिलाउछ । यस पद्धतिले विशेषगरी वञ्चितिमा परेका वा विपन्नतामा रहेका वर्ग वा समुदायको गरिमा र अधिकारलाई सुनिश्चित गर्न मार्गदर्शन गर्दछ ।

यस सन्दर्भमा सबैभन्दा महत्त्वपूर्ण पक्ष अधिकारहरू पूरा गर्न स्रोतको विनियोजन गर्नु हो । स्थानीय सरकारले मानव अधिकारको विश्वव्यापी घोषणापत्रलगायत आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुरूप शिक्षा, स्वास्थ्य, आवास, र सामाजिक सुरक्षाका अधिकारलाई क्रमिक रूपमा कार्यान्वयन गर्ने दायित्व बहन गर्नुपर्दछ । बजेट निर्माण प्रक्रियाले यी अधिकारहरू कार्यान्वयन गर्न नीति तथा कार्यक्रमहरूका लागि स्रोत सुनिश्चित गर्छ ।

बजेट निर्माणमा मानव अधिकार सचेतानाको सन्दर्भमा समता र भेदभावरहित अवस्था सुनिश्चित गर्न जरुरी हुन्छ । बजेटले समतालाई प्राथमिकतामा राख्दै असमानता अन्त्य गर्न र महिला, बालबालिका, जातीय अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, वञ्चितिमा परेका वर्ग, समुदाय वा समूहहरूको आवश्यकतालाई सम्बोधन गर्नुपर्छ । मानव अधिकारको दृष्टिकोणसहितको बजेट निर्माण प्रक्रियामा कुनै पनि समूहविरुद्ध भेदभाव नहुने र असमानता घटाउने अवस्था सुनिश्चित गरिन्छ ।

सहभागिता र जवाफदेहिता मानव अधिकारमा आधारित दृष्टिकोणसहितको बजेट निर्माण प्रक्रियाको अर्को महत्त्वपूर्ण पक्ष हो । मानव अधिकार विकास पद्धतिले सहभागितामूलक बजेट निर्माण प्रक्रियाको प्रवर्धन गदर्छ, जहाँ आमनागरिक वा विशेष गरी बजेटको निर्णयबाट प्रभावित हुने व्यक्ति वा समुदायले बजेट निर्माण प्रक्रियामै सहभागिता जनाउन सक्छन् । यसका लागि बजेट निर्माण, स्रोतको विनियोजन र खर्चको प्रक्रिया पारदर्शी र जवाफदेही हुनुपर्दछ । मानव अधिकारमुखी विकास प्रक्रियालाई ध्यानमा राखेर अघि बढाइने बजेट निर्माण प्रक्रियाले भ्रष्टाचार रोक्ने र स्रोतको प्रयोग सार्वजनिक हितमा गर्ने अवस्था सुनिश्चित गर्दछ ।

मानव अधिकारमुखी बजेट निर्माण प्रक्रियाले आवश्यक सेवा र सार्वजनिक वस्तुहरूको सुनिश्चितता गर्नुपर्दछ । यस सन्दर्भमा स्थानीय सरकारले बजेटमा स्वास्थ्य, शिक्षा, खानेपानी र सरसफाइजस्ता आधारभूत सेवाहरूलाई प्राथमिकतामा राख्नुपर्छ । यसरी आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको आधार निर्माण गर्न सकिन्छ । तर यी आधारभूत सेवाहरूका लागि बजेट अभाव हुन गएको खण्डमा मानव अधिकारको संरक्षण हुन सक्दैन् ।

मानव अधिकार विकास पद्धतिमा राजस्व नीति र आर्थिक न्याय अर्को महत्त्वपूर्ण पक्ष हो । त्यसैले कर नीति र राजस्व सङ्कलनका सम्बन्धमा मानव अधिकार सुनिश्चितता हुने गरी नीति तय गरिनुपर्छ । त्यसो हुन सक्यो भने मात्र स्रोत र विकासका प्रतिफलको न्यायोचित वितरण हुन सक्दछ । गरिबी घट्न र सबैका लागि आधारभूत सेवाको पहुँच सुनिश्चित हुन सक्दछ । मितव्ययिताका नाममा मानव विकासमा खर्च नगर्ने प्रवृत्ति, प्रतिगामी कर प्रणाली वा अपर्याप्त सामाजिक खर्चले मानव अधिकारको अवस्था कमजोर बनाउछ र असमानता बढाउछ ।

बजेट मानव अधिकारमुखी भएरमात्र पुग्दैन, यसको कार्यान्वयनका सम्बन्धमा अनुगमन र मूल्याङ्कनको पनि आवश्यकता पर्दछ । कार्यान्वयनका क्रममा छुट्टयाएको स्रोतले लक्षित परिणाम हासिल गर्न सकेको छ कि छैन र कार्यान्वयन मानव अधिकार दायित्वअनुसार भएको छ कि छैन भन्ने सुनिश्चित गर्न अनुगमन गरिनुपर्छ। बजेटमा गरिएका प्रतिबद्धतालाई कार्यान्वयन गराउन स्थानीय सरकारबाट जवाफदेहीपूर्ण व्यवहारको अपेक्षा गरिन्छ।

मानव अधिकारमुखी विकास पद्धतिअनुसार स्थानीय सरकारले सार्वजनिक स्वास्थ्य प्रणालीलाई पर्याप्त स्रोत उपलब्ध गराइ सबैको पहुँचमा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्नुपर्छ। विशेष गरी महामारीजस्ता आपतकालीन अवस्थामा स्थानीय सरकार विशेष रूपमा सजग हुनैपर्छ। साथै, बजेटले सबैका लागि निःशुल्क र गुणस्तरीय शिक्षामा पहुँचको विषयलाई प्राथमिकता राख्नैपर्छ, यसलाई आधारभूत अधिकार मानिएको छ । मानव अधिकारका लागि बजेट प्रक्रियामा समेटिनैपर्ने अर्को महत्त्वपूर्ण पक्ष भनेको जलवायु न्याय नै हो। जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन रणनीतिका लागि पर्याप्त स्रोतको सुनिश्चितता गर्नुपर्दछ । समुदायको वातावरणीय प्रभावबाट बच्ने अधिकारको रक्षा गर्न यस्तो सुनिश्चितता अत्यावश्यक हुन्छ। समग्रमा भन्नुपर्दा, स्थानीय सरकारले मानव अधिकार प्रतिबद्धतालाई व्यवहारमा रूपान्तरण गर्ने बजेटले नै सरकारको प्रतिबद्धतालाई ठोस कार्यमा अनुवाद गराउदछ। साथै, मानव अधिकारमुखी बजेटले सरकारको समग्र मानव अधिकारमुखी सोचलाई वित्तीय नीति समावेशी, समान, र मानव गरिमा र न्यायका सिद्धान्तअनुरूप बनाउछ।

### ८.३ स्थानीय तहमा मानव अधिकार संरक्षण र संवर्धनका लागि अनुगमन, मूल्याङ्कन र प्रतिवेदन

मानव अधिकार अवस्थामा सुधारका लागि संविधान तथा कानुन प्रदत्त अधिकारको व्यवहारिक प्रचलनका लागि नियमित अनुगमन, मूल्याङ्कन तथा सिफारिससहितको प्रतिवेदन आवधिक रूपमा सार्वजनिक गर्नुपर्दछ।

स्थानीय तहको मानव अधिकार प्रवर्धन र संरक्षणका लागि आवश्यक नियमित अनुगमन, मूल्याङ्कन र अभिलेख मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाका आधारमा तयार गर्न सकिन्छ। उदाहरणका लागि लैङ्गिक हिंसाको अन्त्य र लैङ्गिक समानताका लागि तोकिएको स्थानीय तहको दायित्व र भइरहेको कार्यक्रमको अवस्थाको मूल्याङ्कनका आधारमा तयार गरिएको प्रतिवेदन महिला अधिकारको प्रवर्धनका लागि प्रभावकारी हुन सक्दछ । पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजनामा स्थानीय तहले नागरिक समाजसँगको सहकार्यमा विकास प्रक्रियाका प्रत्येक चरणमा महिलाको सहभागिताको उल्लेखनीय रूपमा अभिवृद्धि गर्नुपर्ने जिम्मेवारी तय गरिएको छ।

स्थानीय तहले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयसँग मिलेर आर्थिक रूपले विपन्न र सामाजिक दृष्टिले पछाडि परेका व्यक्तिहरुलाई विशेष प्राथमिकता दिइ उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तिकरण र सामाजिक रूपान्तरण गर्ने दायित्व पनि बहन गर्नुपर्दछ । यस सन्दर्भमा आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछाडि परेको उद्यमी महिलाको सङ्ख्याका आधारमा कार्यसम्पादन सूचक तय गरिएको छ। त्यसै गरी स्थानीय तहले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र नागरिक समाजसँगको सहकार्यमा गरिब तथा विपन्न दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, वादी, कमलरी, कमैया, चेपाङलगायत वञ्चितीकरणमा परेका असहाय महिलाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने दायित्व पनि पूरा गर्नुपर्दछ। जसको कार्यसम्पादन सूचकका रूपमा राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट लाभान्वित व्यक्तिको सङ्ख्यालाई समावेश गरिएको छ।

मानव अधिकार राष्ट्रिय कार्ययोजनामा तोकिएअनुसार स्थानीय तहले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र नागरिक समाजको समेत सहयोगमा एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० को प्रभावकारी कार्यान्वयन गरी आर्थिक दृष्टिकोणले कमजोर तथा विपन्न वर्गका एकल असाहय महिलाको हक, हित संरक्षण र संवर्धन गर्ने जिम्मेवारी पूरा गर्नुपर्दछ। यस सन्दर्भमा स्थानीय तहमा रहेका एकल महिला सुरक्षा कोषबाट लाभान्वित महिलाको सङ्ख्यालाई कार्यसम्पादन सूचकका रूपमा लिइएको छ।

स्थानीय तहले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको सहयोगमा प्राविधिक शिक्षामा रहेको लैङ्गिक असमानता कम गर्नका लागि महिलालाई छात्रवृत्ति लगायतका उपाय अवलम्बन गरी प्राविधिक शिक्षामा आकर्षित गर्ने जिम्मेवारी पनि पूरा गर्नुपर्दछ। जसको कार्यसम्पादन सूचकका रूपमा प्राविधिक शिक्षामा महिलाको सहभागितालाई लिइएको छ।

स्थानीय तहले जिल्ला प्रशासन, नेपाल प्रहरी, प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय तथा नागरिक समाजसँगको सहकार्यमा लैङ्गिक हिंसा, शोषण, विभेद, कथित बोक्सीको आरोप, छाउपडीजस्ता कुरीति, कुप्रथा अन्त्यका लागि सचेतना अभिवृद्धि कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्ने जिम्मेवारी पनि बहन गर्नुपर्दछ। जसको कार्यसम्पादन सूचकका रूपमा लैङ्गिक हिंसा, शोषण, विभेद, बोक्सीको आरोप, छाउपडीजस्ता कूरीति, कुप्रथाविरुद्ध सञ्चालन भएका सचेतनामूलक कार्यक्रमको सङ्ख्यालाई लिइएको छ।

स्थानीय तहले नेपाल प्रहरी, प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय र नागरिक समाजको समेत सहयोगमा लैङ्गिक हिंसा, शोषण, विभेद, कुरीति तथा कुप्रथा पीडित र प्रभावितको राहत, उद्धार, पुनर्स्थापना, मनोसामाजिक परामर्श सेवा कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी बहन गर्नुपर्दछ। स्थानीय तहले यी दायित्वको सम्मान, परिपालना र परिपूर्ति कसरी गरिरहेकोछ भन्ने हेर्न राहत, उद्धार, पुनर्स्थापना, मनोसामाजिक परामर्श सेवा प्राप्त गर्ने हिंसा पीडित र प्रभावित महिलाको सङ्ख्याजस्ता कार्यसम्पादन सूचक तय गरिएको छ।

मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्ययोजनाको परिच्छेद ४ अन्तर्गत ४.२.४ मा स्थानीय तहमा मानव अधिकार कार्ययोजना कार्यान्वयनको सुनिश्चितताको लागि प्रत्येक स्थानीय तहमा स्थानीय समन्वय समितिको व्यवस्था गरिएको छ। स्थानीय तहको सम्बन्धित शाखा र कार्ययोजनाको क्रियाकलापसँग सम्बन्धित वडालाई निर्देशन दिने, कार्ययोजनाको कार्यान्वयनको क्रममा संचालन गरिने क्रियाकलापको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने तथा कार्ययोजना कार्यान्वयनको स्थितिको समीक्षा गर्ने कार्य यस समितिको मुख्य जिम्मेवारीभित्र रहेका छन्। उक्त कार्ययोजनामा स्थानीय समन्वय समितिको गठन देहायबमोजिम हुन सक्ने व्यवस्था उल्लेख छः

(क) प्रमुख वा अध्यक्ष, स्थानीय तह—संयोजक
(ख) उप–प्रमुख वा उपाध्यक्ष, स्थानीय तह— सदस्य
(ग) वडा अध्यक्षहरू — सदस्य
(घ) सम्बन्धित विषय हेर्ने अधिकृतहरू — सदस्य
(ङ) अध्यक्ष (यस समितिका संयोजक) ले तोकेको एक जना महिलासहित नागरिक समाजका तीन जना प्रतिनिधि — सदस्य
(च) स्थानीय तहमा रहेको सुरक्षा निकायको कार्यालयको प्रमुख— सदस्य
(छ) प्रमुख प्रशासकीय अधिकृत, स्थानीय तह — सदस्य–सचिव

स्थानीय तहको मानव अधिकार प्रवर्धन र संरक्षणका लागि आवश्यक नियमित अनुगमन, मूल्याङ्कन र अभिलेख मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाका आधारमा तयार गर्न सकिन्छ। उदाहरणका लागि लैङ्गिक हिंसाको अन्त्य र लैङ्गिक समानताका लागि तोकिएको स्थानीय तहको दायित्व र भइरहेको कार्यक्रमको अवस्थाको मूल्याङ्कनका आधारमा तयार गरिएको प्रतिवेदन महिला अधिकारको प्रवर्धनका लागि प्रभावकारी हुन सक्दछ।

### ८.४ मानव अधिकार अनुगमनका सूचक

मानव अधिकारको संरक्षण र संवर्धन दुवैका लागि नियमित अनुगमन र अभिलेखिकरण आवश्यक पर्दछ। मानव अधिकार संरक्षणका लागि उजुरी ग्रहण गर्ने र त्यसउपर अनुसन्धान गर्ने प्रक्रिया सुनिश्चित गरिनुपर्दछ। त्यसै गरी मानव अधिकार संवर्धनका लागि मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना र दिगो विकासका लक्ष्यलाई अनुगमनको सूचकका रूपमा प्रयोग गर्नुपर्दछ। स्थानीय तहले आफ्ना सेवाहरू प्रवाह गर्दा मानव अधिकार अनुगमन सूचक समेतलाई मध्येनजर गर्नु पर्दछ।

### ८.५ मानव अधिकार संरक्षण र संवर्धनमा भएका उपलब्धि र चुनौतीको समीक्षा

राष्ट्रिय मानव अधिकार आयोग लगायत विभिन्न अन्य संवैधानिक विषयगत आयोग र नागरिक समाजको पृष्टपोषणको आधारमा स्थानीय तहले मानव अधिकार अवस्थाको नियमित समीक्षा गर्नुपर्दछ। मौलिक हक र राष्ट्रिय मानव अधिकार कार्ययोजनामा उल्लिखित स्थानीय तह दायित्वसम्बन्धी सूचक तयार गरी समीक्षा गर्नुपर्दछ। स्थानीय तहले वार्षिक रूपमा मानव अधिकार अवस्थाको विश्लेषण गरी प्रतिवेदन सार्वजनीक गर्नुपर्दछ।

# परिच्छेद नौ

# स्थानीय तहमा मानव अधिकार संरक्षण र संवर्धनका लागि समन्वय र सहकार्य

मानव अधिकारको संरक्षण र संवर्धन गर्ने जिम्मेवारी स्थानीय तह एक्लैको मात्र होइन । यसमा समाजमा रहेका सबै पक्षको भूमिका महत्त्वपूर्ण हुन्छ । यसमा सबै पक्षसँगको समन्वय र सहकार्यका लागि स्थानीय तहले पहल गर्नुका साथै विधिसम्मत ढङ्गमा यस विषयमा खुला पनि हुनुपर्दछ ।

## ९.१ सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य

स्थानीय तहले मानव अधिकारको संरक्षण र संवर्धन गर्न सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्नुपर्छ । नेपालको संविधानको धारा ५७ मा राज्यशक्तिको बाँडफाँडसम्बन्धी व्यवस्था गरिएको छ । नेपालको संविधानको अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीअन्तर्गत १५ वटा विविध विषय राखिएको छ । यीमध्ये मानव अधिकारको संरक्षण र संवर्धनसँग बढी जोडिने विषयमा शिक्षा, खेलकूद र पत्रपत्रिका, स्वास्थ्य, कृषि, विद्युत, खानेपानी, सिँचाइजस्ता सेवाहरू, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, खानी तथा खनिज, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा र गरिबी निवारण, व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह तथा तथ्याङ्क, सुकुम्बासी व्यवस्थापनजस्ता कार्यमा स्थानीय तहले सङ्घ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्नुपर्छ ।

## ९.२ राष्ट्रिय मानव अधिकार आयोग र अन्य संवैधानिक आयोगसँग समन्वय, सहकार्य

नेपालको संविधानको भाग २५ मा राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी व्यवस्था गरेको छ । संविधानको धारा २४९ मा मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भनी उल्लेख गरिएको छ । राष्ट्रिय मानव अधिकार आयोगको सात वटा प्रदेशमा प्रदेश कार्यालयहरू छन् । यसको अतिरिक्त खोटाङ, नेपालगञ्ज र जुम्ला गरी तीन जिल्लामा प्रदेश शाखा कार्यालयहरू रहेका छन् । स्थानीय तहले नीति–निर्माण, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा, जनचेतनामूलक कार्यक्रम विपद् न्यूनीकरण तथा व्यवस्थापनजस्ता मानव अधिकारसँग सम्बन्धित कार्यहरू गर्दा राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालय, प्रदेश कार्यालयहरू तथा प्रदेश शाखा कार्यालयहरूसँग परामर्श गर्ने तथा समन्वय र सहकार्य गर्नुपर्छ ।

सबै तहको निर्वाचनमा स्थानीय तहको विभिन्न भूमिका हुने गर्दछ, जस्तैः निर्वाचन केन्द्र निर्धारण र व्यवस्थापन, नेपाल प्रहरीलाई नगर प्रहरीको सहयोग, मतदाताको लागि प्रतिक्षालय वा छहारीको व्यवस्था, खानेपानी उपलब्ध गराउने, स्वयंसेवक परिचालन, आकस्मिक उपचारको प्रबन्ध आदि । राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकारको दृष्टिकोणबाट निर्वाचनको अनुगमन गर्ने पनि अधिकार छ । राष्ट्रिय मानव अधिकार आयोगसँग निर्वाचनको क्रममा आफूले के–कस्तो कार्य गर्नुपर्ने हो भनी मानव अधिकारको दृष्टिकोणवाट परामर्श पनि लिन सक्छ ।

मानव अधिकारको संरक्षण र प्रवर्धन गर्न नेपालमा संस्थागत रूपमा व्यवस्था गरिएका जिम्मेवार संस्थामध्ये स्थानीय तह र राष्ट्रिय मानव अधिकार आयोगलगायतका अन्य संवैधानिक आयोगहरु पर्दछन् । नागरिक समाज र मानव अधिकार रक्षकसँग सहकार्य गर्नुपर्ने दायित्व ती आयोग र स्थानीय तहले निर्वाह गर्नुपर्दछ । यो विषय नेपाल सरकारको पाँचौँ श्रृङ्खलासम्मका मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनमा पनि समाविष्ट छ ।

स्थानीय तहले मानव अधिकारसम्बन्धी कार्य गर्दा नेपालको संविधानको भाग २७ मा उल्लेख भएको अन्य संवैधानिक आयोगहरूसँग निम्नानुसार समन्वय र सहकार्य गर्ने प्रशस्त सम्भावनाहरू छन् ः

<table>
<tr><th>नेपालको संविधानको धारा</th><th>अन्य संवैधानिक आयोगहरू</th><th>सम्बन्धित विषय</th><th>समन्वय र सहकार्य</th></tr>
<tr><td>धारा २५२</td><td>राष्ट्रिय महिला आयोग</td><td>महिलाको हकहितसँग सरोकार राख्ने नीति तथा कार्यक्रम तर्जुमा</td><td rowspan="7">■ महिला र दलित समुदायको अधिकार उल्लङ्घनको विषयमा जाहेरी नलिएको विषयमा समन्वय<br>■ सूचना आदान–प्रदान<br>■ सिफारिस तथा सुझावको कार्यान्वयन<br>■ अध्ययन अनुसन्धानमा सहकार्य<br>■ तालिम, अभिमुखीकरण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन<br>■ अल्पसङ्ख्यक तथा जोखिममा परेका समुदायको अभिलेखीकरण, संरक्षण<br>■ हक अधिकार उपभोगको अवस्थाको अनुगमन<br>■ हकअधिकार उपभोगको लागि आवश्यकताअनुसार प्रेषण (refer) गर्ने<br>■ विषयगत अधिकारहरूको संरक्षण, संवर्धन र परिपूर्ति</td></tr>
<tr><td>धारा २५५</td><td>राष्ट्रिय दलित आयोग</td><td>जातीय विभेद तथा छुवाछुतविरुद्धका कार्य</td></tr>
<tr><td>धारा २५९</td><td>राष्ट्रिय समावेशी आयोग</td><td>खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको विषयमा</td></tr>
<tr><td>धारा २६१</td><td>आदिवासी जनजाति आयोग</td><td>आदिवासी जनजातिको अधिकार सम्बन्धमा अध्ययन, अनुगमन, नीतिगत सुधार</td></tr>
<tr><td>धारा २६२</td><td>मधेशी आयोग</td><td>मधेशी समुदायको अधिकार सम्बन्धमा अध्ययन, अनुगमन, नीतिगत सुधार</td></tr>
<tr><td>धारा २६३</td><td>थारू आयोग</td><td>थारू समुदायको अधिकार सम्बन्धमा अध्ययन, अनुगमन, नीतिगत सुधार</td></tr>
<tr><td>धारा २६४</td><td>मुस्लिम आयोग</td><td>मुस्लिम समुदायको अधिकार सम्बन्धमा अध्ययन, अनुगमन, नीतिगत सुधार</td></tr>
</table>

## ९.३ नागरिक समाज, सङ्घसंस्था र मानव अधिकार रक्षकसँग साझेदारी र सहकार्य

मानव अधिकारको संरक्षण र संवर्धनमा सामाजिक क्षेत्रमा काम गर्ने संस्था वा मानव अधिकार संस्था र मानव अधिकार रक्षकसँगको सहकार्यलाई प्राथमिकतामा राखिएको हुन्छ । मानव अधिकारको सम्मानका लागि सबै तहका सरकार, व्यक्ति, समुदाय र सयन्त्रको समन्वयात्मक प्रयास आवश्यक पर्दछ । त्यसैक्रममा विश्वका अधिकांश देशमा मानव अधिकार संयन्त्रको निर्माण गरिएको छ । ती संस्थाहरुले राज्य, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायबीच अन्तरक्रिया गर्दै मानव अधिकारको संरक्षण र संवर्धनका अवस्थाको निरन्तर अनुगमन गर्नुका साथै सरकारलाई नीतिगत निर्देशन र संयुक्त राष्ट्रसङ्घप्रतिको मानव अधिकारसम्बन्धी राज्यको जवाफदेहिताका लागि घच्घच्याउने गर्दछन् ।

## ९.४ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार संस्थासँग सहकार्य

मानव अधिकारको संरक्षण, प्रवर्धनका लागि राज्य एक्लैको मात्र प्रयास पर्याप्त हुँदैन । स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार संस्था तथा निकायसँगको सहकार्यमा मानव अधिकारका बारेको सचेतना, अनुगमन देखि यसको संरक्षण, प्रवर्धनका विविध गतिविधि प्रभावकारी रूपमा गर्न सकिनेछ ।

संयुक्त राष्ट्रसङ्घीय महासभाद्वारा स्थापित मानव अधिकार परिषद्को विश्वव्यापी आवधिक समीक्षा प्रक्रियाबाट भएका सिफारिसका आधारमा नेपाल सरकारले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनका दायित्व पूरा गर्न प्रतिवेदन प्रस्तुत गर्दै आएको छ । नेपालबाट पनि

सरकारकोतर्फबाट राष्ट्रिय प्रतिवेदनका अतिरिक्त मानव अधिकारसँग सम्बद्ध स्वतन्त्र राष्ट्रिय निकाय एवम् गैरसरकारी सङ्घसंस्था र संयुक्त राष्ट्रसङ्घीय प्रणाली अन्तर्गतका निकायले २०११ पहिलो, २०१५ मा दोस्रो र २०२० मा तेस्रो चक्रको विश्वव्यापी आवधिक पुनरावलोकन प्रतिवेदन (Universal Periodic Review Report) पठाएका थिए। आवधिक पुनरावलोकनबाट प्राप्त भएका सिफारिसले पनि नेपालको मानव अधिकार अवस्थामा सुधारका लागि सघाउ पुऱ्याउदै आएका छन्। नेपालले तेस्रो चक्रमा स्वीकार गरेका सिफारिसमध्ये केही सिफारिस कार्यान्वयन भइसकेको जनाइएको छ। विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना, मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना र क्षेत्रगत कार्ययोजना तय गरिएका छन्। स्थानीय तहले नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यी कार्ययोजनालाई मार्गदर्शनका रूपमा ग्रहण गर्नुपर्ने व्यवस्था गरिएको छ।

मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्ययोजनामा उल्लेख गरिएअनुसार यसमा तय गरिएका क्रियाकलाप सङ्घ र प्रदेशसँगै स्थानीय तहका सरकारी निकाय, नागरिक समाज, विकासका साझेदारसमेतको सहकार्य, समन्वय, सहयोग र सहभागितामा सम्पन्न हुने गरी व्यवस्था गरिएको छ। विश्वव्यापी आवधिक पुनरावलोकनबाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना र मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनको प्रमुख जिम्मेवारी सम्बन्धित सङ्घीय मन्त्रालय, प्रदेश मन्त्रालयसँगै स्थानीय तहको हुने व्यवस्था पनि गरिएको छ। जसअनुसार तीन वटै तहका सम्बन्धित जिम्मेवार निकायबाट क्षेत्रगत, विषयगत, आवश्यकता र प्राथमिकतालाई दृष्टिगत गरी उपलब्ध स्रोत साधनको कुशल विनियोजन एवम् परिचालनबाट संबद्ध क्रियाकलाप कार्यान्वयन गरिने प्रावधान समावेश गरिएको छ।

मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना र विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) सम्बन्धी कार्ययोजना कार्यान्वयनको सुनिश्चिताका लागि गाउँपालिका अध्यक्ष वा नगरपालिकाका प्रमुखको संयोजकत्वमा प्रत्येक स्थानीय तहमा गठन गरिने समितिमा एक जना महिलासहित नागरिक समाजका तीन जना प्रतिनिधि रहने व्यवस्था छ। दुवै कार्ययोजना कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नेतृत्वमा बनेको अनुगमन समितिमा राष्ट्रिय मानव अधिकार अयोग, स्थानीय तहको नगरसभा र गाउँसभा र नागरिक समाजका प्रतिनिधि राखिएका छन्। स्थानीय तहले मानवअधिकारमुखी पद्धतिका लागि विधिसम्मत रूपमा बहुक्षेत्र साझेदारीको पहल गर्न सक्दछन्। उदाहरणका लागि, अन्य देशका स्थानीय निकायसँग भगिनी सम्बन्ध कायम गर्न वा सहयोग आदान प्रदान गरी गरीवी निवारण, महिला सशक्तिकरणलगायतका कतिपय विषयमा क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालन गर्न सक्दछन्। यस्ता विषयमा पनि स्थानीय तहले मानव अधिकार पद्धतिको अवधारणाअनुसार कार्यक्रम तर्जुमा गर्नुपर्दछ। मानवअधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको ढाँचाअनुरूप तोकिएको समयमा प्रतिवेदन बुझाउने कार्यलाई पनि नियमितता दिनुपर्दछ।

संयुक्त राष्ट्रसङ्घीय उच्च आयुक्तको कार्यालयले नेपालको चौँथो चक्रको पुनरावलोकन सन् २०२६ को जनवरी को मानव अधिकार परिषद्को ५१ औं सत्र मा उल्लेख गरिएको छ।[५२] उक्त चक्रको पुनरावलोकनमा नेपाललाई प्राप्त भएका सिफारिसहरुको कार्यान्वयनको लागि स्थानीय तहले सङ्घ र प्रदेश सरकार, राष्ट्रिय मानव अधिकार आयोग अनि स्थानीय तहमा काम गर्ने सङ्घसंस्थासँग कार्य गर्नुपर्छ। यसका साथै स्थानीय तहले आमा समूह, उपभोक्ता समिति लगायत अन्य सरोकारवालाहरूसँग मानव अधिकार प्रवर्धनसम्बन्धी कार्यसमेत गर्न सक्छ। विकासका साझेदार तथा अन्तर्राष्ट्रिय मानव अधिकार संस्थाहरूले स्थानीय तह तथा स्थानीय स्तरमा काम गरिरहेका मानव अधिकार संस्थाहरूसँग समन्वय र सहकार्य गर्नुपर्छ।

### ९.५ सुरक्षा निकायहरूसँग सहकार्य

स्थानीय तहको शान्ति सुव्यवस्था कायम गर्न, विपद् जोखिमसम्बन्धी पूर्वसूचना, उद्धार तथा प्रतिकार्यसम्बन्धी कार्यमा सुरक्षा निकायसँग सहकार्य गर्नुपर्छ।

[५२] https://www.ohchr.org/en/hr-bodies/upr/upr-sessions

# परिच्छेद दस

## मानव अधिकारमुखी पद्धतिका केही प्रयास तथा घटना व्यवस्थापन

मानव अधिकारमुखी विकास पद्धतिको अवलम्बनका सम्बन्धमा विभिन्न स्थानीय तहमा केही राम्रा प्रयास भएका छन् । सङ्क्षेपमा त्यस्ता केही असल अभ्यासको सामान्य विश्लेषण उदाहरणका लागि प्रस्तुत गरिएको छ । साथै मानव अधिकारसँग सम्बन्धित घटनाको व्यवस्थापन गर्ने सन्दर्भमा ध्यान दिइनुपर्ने केही प्रमुख पक्षलाई पनि यस परिच्छेदमा समेटिएको छ ।

## १०.१ मानव अधिकारमुखी विकास पद्धतिका केही सफल उदाहरण

मानव अधिकारमुखी विकास पद्धतिलाई अवलम्बन गर्नका निमित्त विभिन्न निकाय तथा सङ्घसंस्थाको प्रयास विगत वर्षदेखि निरन्तर जारी रहिरहेको छ । यस सन्दर्भमा मानव अधिकारसम्बन्धी आवधिक रूपमा बनेका राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग लगायतका निकाय तथा मानव अधिकारका क्षेत्रमा क्रियाशील सङ्घसंस्थाको प्रयत्न सहानीय रहेको देखिन्छ ।

केही असल अभ्यासलाई केलाउने हो भने, राष्ट्रिय मानव अधिकार आयोग र सोसँग सहकार्य गर्ने मानव अधिकार संस्थाहरुको क्रियाशीलतामा विभिन्न स्थानीय तहमा मानव अधिकार र स्थानीय तहको भूमिकाका सन्दर्भमा छलफल, परामर्शहरु भएको पाइन्छ । यसले स्थानीय तहका पदाधिकारी, कर्मचारीलगायत नागरिक समाजलाई मानव अधिकारमुखी विकास पद्धति कायम गर्नका निमित्त केही हदसम्म सचेत गराएको, जागरुक बनाएको र विद्यमान ऐन, नीति, कार्ययोजनालगायतका विषयमा सूचना, जानकारी उपलब्ध गराइएका उदाहरण पनि रहेका छन् । यस्ता कार्यक्रम सबै जिल्लाका सबै स्थानीय तहमा भने अझै पनि पुग्न सकिरहेको देखिँदैन । सचेतनाका केही लहर भेटिएता पनि मानव अधिकारको विषयलाई स्थानीय तहले आत्मसात् गरी आफ्ना नीति, कार्ययोजना, बजेटमा प्रतिबिम्बित गर्ने कार्यमा भने अझै पनि थुप्रै सुधार गर्नुपर्ने अवस्था रहेको देखिन्छ ।

मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका निमित्त केही प्रयत्न भइरहेका छन् । तर यी धेरैजसो छलफल, जानकारी आदानप्रदानमा मात्रै सीमित रहे कि यसले व्यवहारिक रूपमा परिवर्तन ल्यायो भन्ने विषयमा भने हामी गम्भीर हुन जरुरी छ तथापि हालसम्म केही थोरै नै भए पनि भएका प्रयास र परिणामलाई सकारात्मक रूपमा नै लिनुपर्ने हुन्छ । केही स्थानीय तहले स्थानीय स्तरको मानव अधिकारसम्बन्धी कार्ययोजना बनाएको पनि भेटिन्छ भने कतिपयले मानव अधिकारसम्बन्धी निर्देशिका जारी गरेको पाइन्छ । यसबाट दस्तावेज निर्माण गर्ने कार्यमा अवधारणागत रूपमा केही स्थानीय तहमा क्रियासिलता रहेको देखिन्छ । यसका साथै विभिन्न सङ्घसंस्था तथा मानव अधिकार आयोग समेतको सहकार्यमा विभिन्न स्थानीय तहमा मानव अधिकारको स्थिति र मानव अधिकारमुखी विकास पद्धति अपनाउनुपर्ने सन्दर्भका साथै मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन गर्ने बारेमा विभिन्न चरणमा छलफल, परामर्श भएको पाइन्छ । सचेतनाका रूपमा अथवा दस्तावेज निर्माण गर्ने सम्मका तहमा भएका यस्ता क्रियाकलापलाई मानव अधिकारको कार्यान्वयनको दिशामा एक कदम अगाडि बढेको सकारात्मक रूपमा नै लिनुपर्दछ । जहाँ राष्ट्रिय मानव अधिकार आयोगको ध्यान पुग्न सकिराखेको छैन, त्यस्ता ठाउँमा यी विषय गौण हुन पुगेको, स्थानीय तहको प्राथमिकतामा नै पर्न नसकेको पनि देखिन्छ । कतिपय स्थानीय तहमा भएको मानव अधिकारसम्बन्धी अन्तरक्रियामा स्थानीय तहका पदाधिकारीले मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको बारेमा अनविज्ञता जनाएको पनि उदाहरण छन् । त्यसैले मानव अधिकार विकास पद्धति कसरी अवलम्बन गर्ने र मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन कसरी गर्ने भन्ने बारेमा स्थानीय तहमा अझै पनि सूचना प्रवाह गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ ।

मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्नका निमित्त स्थानीय तहलाई पनि महत्त्वपूर्ण जिम्मेवारी तोकिएको छ । यदि सबै स्थानीय तहले मानव अधिकारमुखी पद्धति अपनाउने हो भने यी कार्ययोजनामा उल्लेख भएका सबै कुरालाई आफ्ना नियमित नीति, कार्यक्रम, बजेटभित्र समावेश गरेर मानव अधिकारको सम्मान, संरक्षण प्रवर्धन र परिपूर्ति गर्न सकिने अवस्था देखिन्छ, तर राष्ट्रिय कार्ययोजनाका बारेमा सबै स्थानीय तह सुसूचित हुन सकिराखेका छैनन् । यस बारेमा उपयुक्त रूपमा जानकारी प्रवाह, छलफल र त्यसलाई आन्तरिकीकरण गर्ने क्रियाकलापलाई प्रभावकारी बनाउन नसकिए पनि केही

असल अभ्यासलाई हेर्ने हो भने केही यस कार्ययोजनाले निर्दिष्ट गरेबमोजिमको मानव अधिकारसम्बन्धी स्थानीय तह समन्वय समिति गठन गरिएका छन् । नगरपालिकाका प्रमुख वा गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा रहने यस समितिमा जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज लगायतको सहभागिता रहने व्यवस्था रहेको छ भने कम्तीमा छ महिनामा एक पटक यस समितिको बैठक बसी मानव अधिकारको अवस्थाका साथै कार्ययोजनाको कार्यान्वयनका सन्दर्भमा समीक्षा गर्दै कार्यान्वयनलाई अगाडि बढाउने कुरामा यस समितिको अहम् भुमिका रहन्छ । यद्यपि कतिपय स्थानीय तहमा यस्ता समिति गठन हुन सकिराखेका छैनन् भने कतिपय तहमा गठन भएका समितिको क्रियाशीलता अर्को ठुलो प्रश्नको रूपमा रहेको छ ।

मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका लागि विभिन्न स्थानीय तहले गरेका नीतिगत प्रयासलाई उदाहरणका लागि हेर्ने हो भने बढैयाताल, बर्दिया तथा डुडुवा गाउँपालिका बाँकेले मानव अधिकार निर्देशिका २०७७ पारित गरेका छन् भने राक्सिराङ गाउँपालिका मकवानपुरले मानव अधिकार कार्ययोजना २०७७, पनौती नगरपालिका काभ्रेले मानव अधिकार परिषद् ऐन २०७७ बनाएको देखिन्छ । सङ्घीय ऐनकै स्वरूपमा मानव अधिकार र सम्बन्धित ऐन स्थानीय तहले बनाउने भन्दा पनि सोको कार्यान्वयनका लागि कार्यविधि, प्रारूप, ढाँचा, मापदण्ड र निर्देशिका बनाइ स्थानीय तहले कार्ययोजना र वार्षिक बजेटमा लगानी गर्नुपर्ने तर्फ भने ध्यान दिइएको कमै देखिन्छ । यसका अतिरिक्त अधिकाशं मानव अधिकारसम्बन्धी निश्चित केन्द्रीकृत दस्तावेज निर्माण नगरेको भए तापनि मानव अधिकारमुखी पद्धतिका विभिन्न आयामलाई आफ्ना नीति कार्यक्रममा केही हदसम्म समेटेको पनि देखिन्छ । मानव अधिकारमुखी विकास पद्धतिका अनुसार कुनै पनि व्यक्ति, समूह, समुदायलाई कुनै पनि आधारमा विभेद नगरी विकासका गतिविधि सञ्चालन गरिने, विभिन्न समुदायलाई विकास योजनामा सहभागी गराउने उनीहरूका आवाजलाई सम्मान गर्ने जस्ता केही प्रयास भएको देखिन्छ । मानव अधिकार दृष्टिकोणबाट महत्त्वपूर्ण कडीका रूपमा रहने जवाफदेहिता र सुशासनका विषयलाई केही हदसम्म समेट्न खोजेको पाइन्छ । यसैगरी समाजमा पछाडि परेका व्यक्ति, समुदायलाई सशक्तीकरण गर्ने, विशेष लक्षित वर्गलाई विकासका गतिविधि र उनीहरूका आधारभूत अधिकार संरक्षणका निम्ति विशेष क्रियाकलाप भइरहेको पाइन्छ । यस्ता गतिविधि मानव अधिकारमुखी पद्धतीलाई अँगालेर व्यवस्थित रूपमा र सबैको पहुँच हुने गरी कार्य हुन सकिरहेको छैन ।

हालसम्म कति स्थानीय तहले मानव अधिकारसम्बन्धी निर्देशिका जारी गरे अथवा मानव अधिकारसम्बन्धी स्थानीय कार्ययोजना निर्माण गरे भन्ने बारेको एकीकृत सूचनालाई व्यवस्थित ढङ्गले सङ्ग्रहित गर्ने र त्यसबाट एकआपसको सिकाइ बाँडफाँड गर्ने परिपाटी पनि बसाल्नुपर्ने आवश्यकता देखिएको छ । दस्तावेज निर्माण हुनु सकारात्मक पक्ष हो, एक कदम अगाडि बढिएको हो तर गन्तव्यमा पुग्नका निमित्त ती दस्तावेजको कार्यान्वयनको अवस्था कस्तो छ, ती दस्तावेजको आन्तरिकीकरणको अवस्था कस्तो छ भन्ने सन्दर्भमा नियमित रूपमा छलफल, अनुगमन हुन जरुरी छ। यसै गरी ती दस्तावेजले औलाएका मानव अधिकारसँग सम्बन्धित थुप्रै विषय खासगरी स्थानीय तहको आफ्नो नीति, कार्यक्रम, योजना अथवा कानुन निर्माण लगायतका विषयमा समावेश हुन सकेका छन् कि छैनन् अथवा कुनै पनि योजना बन्नुभन्दा अगाडि यस्ता दस्तावेजलाई हेर्ने गरिएको छ कि छैन भन्ने जस्ता व्यवहारिक पक्षलाई अझ बढी क्रियाशील बनाउनका निमित्त नियमित रूपमा अनुगमन पद्धति कायम हुन जरुरी छ । यस सन्दर्भमा स्थानीय तहलाई झकझकाइ रहनुपर्ने आवश्यकता छ । स्थानीय तहमा धेरै आवश्यकता छन् र मानिसका थुप्रै तत्कालीन एवम् भौतिक आवश्यकताका अगाडि कतिपय अवस्थामा मानव अधिकारको विषय ओझेलमा परिरहेको पनि हुन सक्दछ । अतः त्यहाँ कार्यरत कर्मचारीदेखि पदाधिकारी समेतलाई मानव अधिकारमुखी पद्धतिका बारेमा अवधारणागत स्पष्टता ल्याउनुका साथसाथै कसरी आफ्ना कार्ययोजनामा समावेश गर्न सकिन्छ भन्ने बारेमा पनि सुसूचित गराउन आवश्यक देखिन्छ ।

समग्रमा स्थानीय तहमा मानव अधिकारमा आधारित दृष्टिकोणको व्यवहारिक कार्यान्वयनका लागि भइरहेका तथा गर्न सकिने केही प्रयासलाई निम्नानुसार बुझ्न सकिन्छः

१. **सामुदायिक सहभागिता र सशक्तिकरण:** निर्णय प्रक्रियामा स्थानीय समुदायको सक्रिय सहभागिता बढाउने, स्थानीय विकासका पहलमा स्थानीय तथा सिमान्तकृत समूहको आवाज सुनिने प्रबन्ध तथा उचित मान्यता दिने।

२. **समावेशी नीति र कार्यक्रम:** महिला, बालबालिका, दलित तथा जातीय अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्ति जस्ता कमजोर र सिमान्तकृत समूहको आवश्यकतालाई सम्बोधन गर्ने नीति र कार्यक्रमको विकास र कार्यान्वयन, शिक्षा, स्वास्थ्य र अन्य आवश्यक सेवामा समावेशिता सुनिश्चित गर्ने।

३. **क्षमता विकास:** स्थानीय अधिकारी र समुदायका लागि मानव अधिकारका सिद्धान्त र तिनीहरुको व्यावहारिक प्रयोगबारे तालिम र क्षमता–विकासका कार्यक्रम, गर्न स्थानीय संस्थाको क्षमता अभिवृद्धि गर्ने।

४. **कानुनी सचेतना:** स्थानीय समुदायबीच कानुनी व्यवस्थाबारे सचेतना, जसको अधिकार उल्लङ्घन भएको छ, उनीहरूका लागि कानुनी सहायता र मानवीय सहयोगको उपलब्धता सुनिश्चित गर्ने।

५. **लैङ्गिक समानता:** स्थानीय स्तरमा लैङ्गिक समानता प्रवर्धन गर्ने उपाय लागू गर्ने, महिलाविरुद्ध हुने हिंसा, लैङ्गिक भेदभाव र उपलब्ध स्रोतमा असमान पहुँचजस्ता समस्याको सम्बोधन गर्ने।

६. **जवाफदेहिता र पारदर्शिता:** मानव अधिकार उल्लङ्घनको उजुरी गर्न र समाधान खोज्न नागरिकको लागि प्रभावकारी संयन्त्र निर्माण गर्ने।

७. **मानव अधिकार प्रभाव मूल्याङ्कन:** स्थानीय नीति र कार्यक्रमले मानव अधिकारमा पारेको प्रभाव पहिचान गर्न नियमित मूल्याङ्कन र सुधार गर्ने।

८. **सांस्कृतिक संवेदनशीलता:** विभिन्न समुदायको सांस्कृतिक विविधतालाई स्वीकार र सम्मान गर्ने।

९. **द्वन्द्व समाधान र शान्ति निर्माण:** स्थानीय तहमा द्वन्द्व समाधान र शान्ति स्थापनाका लागि रणनीति, समुदायबीच मेलमिलाप सम्बन्धी कार्य गर्ने।

१०. **तथ्याङ्क सङ्कलन र अनुगमन:** मानव अधिकारमा आधारित नीतिको कार्यान्वयन अवस्थालाई नियाल्न प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणाली स्थापना, असमानताको अन्त्यका लागि लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा पहिचान गर्नको लागि खण्डीकृत तथ्याङ्क सङ्कलन, विश्लेषण र अद्यावधिक गर्ने।

११. **शिक्षा र सचेतना अभियान:** स्थानीय नागरिकमा मानव अधिकारको बारेमा चेतना जगाउन शैक्षिक अभियान, विद्यालय, सामुदायिक केन्द्र, टोल विकास संस्था र सञ्चार माध्यममार्फत मानव अधिकारको सम्मान गर्ने संस्कृति विकासको सन्देश दिने।

१२. **सहकार्य:** मानव अधिकारको संरक्षण र प्रवर्धनमा क्रियाशील राष्ट्रिय अन्तर्राष्ट्रिय संस्था तथा निकायसँग सहकार्य गर्ने।

**मानव अधिकारमुखी पद्धति अवलम्बनबाट हुने फाइदा:**

- यस पद्धतिको अवलम्बनबाट नागरिकको आत्मसम्मान वृद्धि हुन्छ।
- विकासको क्रममा सबैलाई समान व्यवहार गरिन्छ।
- अति विपन्न, वञ्चितीकरणमा परेका र अशक्तलाई समान अवसरको उपभोग गर्ने अवस्था सिर्जना हुन्छ।
- विकास प्रक्रियालाई न्यायोचित बनाउन सकिन्छ।
- लोकतान्त्रिक प्रक्रियाको अवलम्बन हुन्छ।
- नागरिकलाई आफ्नो कर्तव्यप्रति जिम्मेवार हुन प्रेरित गर्दछ।
- मानव अधिकारका मूल्य–मान्यता र सिद्धान्तलाई हरेक विकास कार्यक्रममा सम्बोधन गर्न सकिन्छ।
- वञ्चितीकरणमा परेका तथा अशक्तको अधिकार प्रचलनको अवस्थामा सुधार आउँछ।
- अन्यायपूर्ण शक्ति सम्बन्धको अन्त्य भई शोषणमुक्त समाज निर्माणमा योगदान पुग्दछ।

## १०.२ मानव अधिकार उल्लङ्घनका घटनाको व्यवस्थापन

मानव अधिकार उल्लङ्घनका घटना समाजमा भइरहेका हुन्छन् । यसको तत्काल सम्बोधन गर्दै घटनाबाट प्रभावित भएका व्यक्तिको उचित व्यवस्थापनका लागि स्थानीय तह, राज्यका सम्बन्धित निकाय र मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्थालगायत अन्य विषयगत रूपमा सेवा प्रदान गर्ने सामाजिक सङ्घसंस्थाको महत्त्वपूर्ण भूमिका रहन्छ । मानव अधिकार उल्लङ्घनका घटनाको व्यवस्थापनका लागि सर्वप्रथम सो घटनाका सन्दर्भमा सत्यतथ्य पत्ता लगाउनु अति आवश्यक हुन्छ । तसर्थ मानव अधिकार उल्लङ्घनका घटनामा सत्यतथ्य पत्ता लगाउनका निमित्त सो कार्यमा संलग्न हुने व्यक्ति मानव अधिकारका सिद्धान्त, विद्यमान कानुनी व्यवस्था, सहयोगी निकायलगायतका बारेमा उचित जानकारी राख्दै पीडित व्यक्तिप्रतिको संवेदनशीलता कायम राख्न सक्ने हुनुपर्दछ । मानव अधिकार उल्लङ्घनका घटनामा सत्यतथ्य बुझ्ने कार्यमा क्रियाशील हुने व्यक्तिको आचरण पनि मानव अधिकार सम्मत हुन जरुरी हुन्छ । मानव अधिकार उल्लङ्घनका घटनामा पुनर्स्थापकीय न्यायीक अभ्यासको व्यवस्थापन तथा मेलमिलाप प्रक्रियालाई पनि उचित ध्यान दिनुपर्दछ । मानव अधिकार उल्लङ्घनका घटनामा सत्यतथ्य सङ्कलन गर्ने क्रममा मुलतः निम्न पक्षमा विशेष ध्यान दिनु जरुरी हुन्छः

**१ सत्यताः**

घटनासँग सम्बन्धित तथ्य, सूचना, जानकारी सही हुनुपर्दछ । यस क्रममा तथ्य, प्रमाणलाई सही ढङ्गमा सङ्कलन गरिनु आवश्यक हुन्छ । घटनामा भएको के हो, घट्ना कसको संलग्नता रहेको छ, पीडित तथा पीडक को हुन्, घट्ना कहाँ, कहिले, कतिखेर भएको हो, कसरी घटना हुन गयो र किन भयो, यसका कारण के हुन् भन्नेबारेमा समेत खोजी गरिनुपर्छ । अतः सत्यतामा आधारित घटनाको पूर्ण विवरणको विश्लेषणबाट समाधानका उपायसमेत निकाल्न सहयोग पुग्न तथ्य सक्ने गरी सङ्कलन गरिनुपर्दछ ।

**२ गोपनियताः**

कुनै पनि घटनाका सम्बन्धमा मूलतः पीडित पक्षको गोपनियतालाई अत्यन्त गम्भीरताका साथ कायम गरिनुपर्दछ । घटनासँग सम्बन्धित थुप्रै तथ्य, जानकारी तथा सूचनालाई सो विषयको गाम्भीर्यताको आधारमा उचित गोपनियता कायम राखिनुपर्दछ ।

**३ निष्पक्षताः**

कुनै पनि घटनाका सम्बन्धमा निष्पक्षता कायम गरिनुपर्दछ । कुनै पनि आधारमा पीडक वा पीडतप्रति पूर्वाग्रह राखिनुहुँदैन । सत्यता पहिल्याउनका निमित्त घटनासँग सम्बन्धित विभिन्न पक्षको अध्ययन गरिनुका साथै विभिन्न पक्षका व्यक्तिको धारणा सङ्कलन, विश्लेषण गरिनुपर्दछ ।

**४ संवेदनशिलताः**

सत्यतथ्य पत्ता लगाउने सन्दर्भमा घटनासँग सम्बन्धित व्यक्तिप्रति व्यवहार गर्दा लैङ्गिक संवेदनशिलता, सांस्कृतिक संवेदनशीलता, पीडितप्रतिको संवेदनशिलता, अपाङ्गताप्रतिको संवेदनशीलता, आर्थिक, जातीय तथा भौगोलिक विविधताप्रतिको संवेदनशिलता कायम राखिनुपर्दछ । यस क्रममा सम्बन्धित सरोकारवालासँगको व्यवहार, अन्तरक्रियामा संयमता र शालिनता अपनाउनु गरिनुपर्दछ ।

**५ सुरक्षाः**

कुनै पनि घटनाको सत्यतथ्य पत्ता लगाउने क्रममा मूलतः पीडित र साक्षीको सुरक्षामा उचित ध्यान दिनुपर्दछ । यस सँगसँगै कतिपय अवस्थामा सत्यतथ्य बुझ्न जाने व्यक्तिको सुरक्षामा पनि उत्तिकै ध्यान दिइनु आवश्यक हुन्छ । तसर्थ विषयको गम्भीरता, परिस्थितिअनुसार आवश्यक सुरक्षाको प्रबन्ध मिलाइनु जरुरी हुन्छ ।



मानव अधिकार उल्लङ्घनका घटनामा सत्य तथ्यको छानबिनपश्चात् सोको उचित प्रतिवेदन तयार गरिनुपर्दछ र सो प्रतिवेदनलाई सम्बन्धित निकायमा थप कारबाहीका निमित्त प्रेषित गरिनुपर्दछ । यस क्रममा सङ्कलित प्रमाणलाई उचित रूपमा संरक्षण गरिनु आवश्यक हुन्छ भने गोपनियता कायमको विषयलाई पनि त्यत्तिकै ध्यान दिनुपर्दछ । यस्ता घटनामा पीडित पक्षको संरक्षणको विषयलाई प्राथमिकता दिई उनीहरू थप पीडित नहुन् भन्ने विषयमा विशेष ध्यान दिनुपर्दछ । पीडितको दैनिक जिविकोपार्जनदेखि उनीहरूमा परेको शारीरिक, मानसिक, सामाजिक आघातलगायतका विषयमा सहजीकरण र सहयोग गरिनुपर्दछ । यसको साथै कतिपय अवस्थामा पीडक पक्षबाट थप दुःख नहोस्, धम्की अथवा अन्य खालका पीडा दिने अवस्था नआवस् भन्ने तर्फ सतर्कता अपनाइनुपर्दछ । आवश्यकताअनुसार कतिपय अवस्थामा पीडित व्यक्तिको उद्धार गरी सुरक्षित स्थलमा पुऱ्याउनुपर्ने पनि हुन सक्दछ ।

यसै गरी पीडित पक्षको न्याय प्राप्तिका निम्ति आवश्यक कारबाही सञ्चालन भइरहेको हुन्छ भने त्यो सँगसँगै पीडित व्यक्तिको सुरक्षा र जीवन सुचारुको निमित्त परिवार, समुदायलगायतको लेखाजोखा गरिनु पनि आवश्यक हुन्छ । सोही आधारमा पीडित पक्षको तत्कालीन आवश्यकताको परिपूर्तिका निमित्त आवश्यकताअनुसार अन्य सहयोगी निकाय तथा सङ्घसंस्थासँगको सम्पर्क र सहयोग उपलब्ध हुने वातावरण सिर्जना गरिनुपर्दछ । यसको साथै पीडितको दिर्घकालीन पुनर्स्थापना समेतलाई ध्यान दिइनुपर्दछ ।

मानव अधिकार उल्लङ्घनका घटनामा कुनै पनि पीडक पक्षले निजको आर्थिक, सामाजिक, राजनैतिक अवस्था अथवा कुनै पनि पदीय जिम्मेवारीलगायतका कारण छुट नपाओस् र पीडित पक्षको न्यायको निमित्त पीडक पक्षलाई उचित कानुनी कारबाही होस् । साथै गलत सूचना तथा नियतले कुनै पनि व्यक्ति आरोपित नहुन् भन्नेमा पनि ध्यान दिइनुपर्छ । मानव अधिकार उल्लङ्घनका घटनामा कतिपय अवस्थामा पीडक पक्ष शक्तिशाली हुने र पीडित पक्ष कमजोर हुन सक्दछन् । अतः मानव अधिकारको सिद्धान्त र प्रचलित कानुनको अधीनमा रहेर कुनै पनि शक्तिको दबाबमा नपरी न्यायका निमित्त सत्यतथ्यका आधारमा कारबाहीलाई अगाडि बढाउने कुरामा सबै पक्ष सचेत रहन जरुरी हुन्छ ।

पीडितको गोपनियतालाई कायम राख्दै मानव अधिकार उल्लङ्घनका यस्ता घटनालाई सार्वजनिक सञ्चारका माध्यमबाट जनमानसमा ल्याउदा कतिपय अवस्थामा सोको कारबाहीप्रतिको निष्पक्षता कायम राख्नका निमित्त दबाब सिर्जना पनि हुन सक्दछ । मानव अधिकार उल्लङ्घनको घटनामा आवश्यक कानुनी कारबाहीसँगसँगै पीडित पक्षको उचित क्षतिपूर्ति र पुनर्स्थापनाको विषयलाई पनि उत्तिकै महत्त्व दिइनुपर्दछ । यस अतिरिक्त सो घटनापश्चात् पीडक पक्षबाट पीडित पक्षसँग सम्बन्धित कुनै पनि व्यक्ति, समुदायमाथि थप अन्य पीडा दिने कार्य नहोस् भन्ने तर्फ पनि सबै पक्षले सतर्कता अपनाउनुपर्दछ ।

**मानव अधिकार उल्लङ्घनका घटना व्यवस्थापन**

- १ सत्यतथ्य सङ्कलन तथा अभिलेखीकरण
- २ गोपनियता र सुरक्षा
- ३ पीडितलाई सहायता
- ४ कानुनी विश्लेषण
- ५ समन्वय र सहकार्य
- ६ रिपोर्टिङ र दस्तावेजीकरण
- ७ वकालत र जनचेतना
- ८ फलो–अप र अनुगमन
- ९ क्षमता अभिवृद्दि
- १० रोकथाममूलक रणनीति

समग्रमा मानव अधिकार उल्लङ्घनका घटना व्यवस्थापनका सम्बन्धमा निम्नकुरालाई ध्यान दिनु प्रभावकारी हुन सक्दछः

**१. सत्यतथ्य सङ्कलन तथा अभिलेखीकरणः**

- मानव अधिकार उल्लङ्घन घटनाको पूर्ण र निष्पक्ष रूपमा सत्यतथ्य सङ्कलन,
- मिति, समय, स्थान र संलग्न व्यक्तिसहित मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित सबै सान्दर्भिक सही जानकारीको उचित अभिलेखीकरण र
- पीडित, साक्षी र अन्य सम्बन्धित पक्षबाट बयानको अभिलेखीकरण,
- कुनै पनि भौतिक प्रमाण सङ्कलन र सुरक्षित भण्डारण।

**२. गोपनियता र सुरक्षाः**

- सङ्कलित जानकारीको गोपनियता र सुरक्षा सुनिश्चित,
- पीडित र साक्षीको पहिचानको गोपनियता र निजको सुरक्षा र
- सत्यतथ्य सङ्कलनकर्ताको सुरक्षा।

**३. पीडितलाई सहायताः**

- पीडितको लेखाजोखा गरी औषधोपचार, मनोसामाजिक परामर्श, अस्थायी संरक्षण, कानुनी सहायतालगायत जीवनयापनका तत्कालीन आवश्यकतासम्बन्धी सहायतासहित पीडितलाई आवश्यक सेवा प्रदान र
- पीडितलाई उनीहरूको अधिकार र उपलब्ध सेवा तथा स्रोतबारे उचित जानकारी र पहुँचको सुनिश्चितता।

**४. कानुनी विश्लेषणः**

- मानव अधिकार उल्लङ्घनको सम्बन्धमा प्रचलित कानुन र अन्तर्राष्ट्रिय मापदण्डको विश्लेषण र
- न्याय र जवाफदेहिता खोज्नका लागि सम्भावित कानुनी बाटो पहिचान र कारबाहीका लागि अग्रसरता।

**५. समन्वय र सहकार्यः**

- घटनाको व्यवस्थापन प्रक्रियालाई सुदृढ पार्न सम्बन्धित सरकारी निकाय, गैर–सरकारी संस्था अन्तर्राष्ट्रिय निकायसँग समन्वय र सहकार्य र
- मानव अधिकार उल्लङ्घनलाई प्रभावकारी रूपमा सम्बोधन गर्नका लागि सूचना आदानप्रदान र समन्वय।

**६. प्रतिवेदन रिपोर्टिङ र दस्तावेजीकरणः**

- सूचना व्यवस्थापन प्रणालीको स्थापना, तथ्य तथ्याङ्क तथा जानकारी व्यवस्थित, सुरक्षित र सजिलै पहुँचयोग्य हुने सुनिश्चितता र यस सन्दर्भमा प्रविधिको उपयोग र
- मानव अधिकार उल्लङ्घनसम्बन्धी विस्तृत प्रतिवेदन (अनुसन्धानबाट प्राप्त निष्कर्ष र सिफारिस गरिएका कार्यसहित) तयार।

**७. वकालत र जनचेतनाः**

- मानव अधिकार, मानव अधिकार उल्लङ्घनका घटना र न्यायबारे सचेतना र
- अपराधीलाई जवाफदेही बनाउन सार्वजनिक समर्थन, पैरवी र दबाब सिर्जना र
- गोपनियता कायमसहित सञ्चार–माध्यमसँगको सहकार्य।

**८. फलो–अप र अनुगमनः**

- घटनाको प्रगति अनुगमन गर्न र सिफारिस कार्यान्वयन भएको सुनिश्चित गर्न विभिन्न संयन्त्रको परिचालन
- पीडितलाई तिनीहरूको निरन्तर आवश्यकता लेखाजोखा र सहयोग प्रदानका साथै थप पीडित नभएको सुनिश्चितताका लागि अनुगमन

**९. क्षमता अभिवृद्धिः**

- सत्यतथ्य पत्तालगाउने, अनुसन्धान विधि, कानुनी प्रक्रिया र पीडितको सहयोगसम्बन्धी तालिमसहित मानव अधिकार उल्लङ्घनका घटना व्यवस्थापनमा संलग्न व्यक्ति र संस्थाको क्षमता अभिवृद्धि।

**१०. रोकथाममूलक रणनीतिः**

- शिक्षा, सचेतना अभियान र नीति वकालत सहित भविष्यमा हुने मानव अधिकार उल्लङ्घनलाई रोक्न आवश्यक रणनीतिको विकास र कार्यान्वयन।

मानव अधिकार घट्ना व्यवस्थापन गर्दा स्थानीय तहले राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य सरकारी निकायहरूमा उक्त घट्नाका सम्बन्धमा सम्बोधन गरी पठाउन सक्नेछ। घट्नाको प्रकृति हेरी राष्ट्रिय मानव अधिकार आयोग, अन्य विषयगत सवैधानिक आयोगहरू, जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, महिला बालबालिका र ज्येष्ठ नागरिक सम्बन्धी निकाय, विषयगत प्रदेश तथा संघीय कार्यालय तथा मन्त्रालयहरूमा समेत पठाउन सक्नेछ।

# परिच्छेद एघार

## स्थानीय तहमा बारम्बार सोधिने केही प्रश्न र उत्तरहरु

कार्यशालामा जनप्रतिनिधिबाट गरिएका प्रश्नहरुको आधारमा समावेश उत्तरहरूः

### ११.१ नागरिकको मानव अधिकारसम्बन्धी माग धेरै हुन्छन्, स्थानीय तहमा स्रोतको कमी छ । यसलाई कसरी व्यवस्थापन गर्ने ?

एकैचोटी सबै समस्याको समाधान नहुन सक्छ। त्यसैले स्रोत विनियोजनका लागि स्थानीय तहले मानव अधिकारसम्बन्धी विषयलाई त्यसले पारेको असर कतिको गम्भीर छ, सो कति धेरै व्यापक छ र तत्कालै सम्बोधन गर्न कति आवश्यक छ भन्ने लगायतका आधारमा प्राथमिकिकरण गर्नुपर्दछ। यस क्रममा सिमान्तकृत तथा जोखिमपूर्ण अवस्थामा रहेका नागरिक, समुदायको हितलाई ध्यान दिइनुपर्छ। यसको साथै शिक्षा, स्वास्थ्य, खाना तथा बास, हिंसा तथा शोषणबाट संरक्षण, न्यायमा पहुँच जस्ता विषयमा प्रभावकारी परिणाम ल्याउने गरी स्रोत विनियोजन गरिनुपर्छ । यस सन्दर्भमा समुदायलाई निर्णय प्रक्रियामा सहभागी गराइ अपनत्व ग्रहण गर्ने वातावरण बनाइनुपर्दछ । स्थानीय तहको आवधिक योजनामा महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, लगायतका विशेष क्षेत्रलाई प्राथमिकतामा राखी सबैलाई उपलब्ध रहेका अवसरमा सहभागी हुन सक्ने वातावरण सिर्जना गरिनुपर्छ । समान र न्यायोचित पहुँच, विकास र क्षमता वृद्धिमा प्राथमिकीकरण, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता र हितलाई विशेष ध्यान दिई वार्षिक कार्यक्रम बनाइनुपर्छ । उपलब्ध स्रोत साधनलाई आवश्यकताका आधारमा व्यवस्थापन गर्न सम्बन्धित पदाधिकारीलाई उत्प्रेरित गरिनुपर्छ।

### ११.२ मानव अधिकारको जोखिम क्षेत्र र समूह कसरी पहिचान गर्ने ?

मानव अधिकार सबैको अधिकार हो र घटना विशेषका आधारमा जो कसैलाई पनि मानव अधिकार हननको जोखिम रहन सक्दछ । द्वन्द्व तथा हिंसा प्रभावित, विपद् प्रभावित, राजनैतिक अस्थिरता, धर्म एवम् समुदाय समुदायबीच विवाद भएका आदि विषयहरु मानव अधिकारको दृष्टिबाट जोखिममा हुन सक्दछन् । आर्थिक, शैक्षिक, सामाजिक रूपमा पछाडि परेका समूह, जस्तैः जुनसुकै जाति समुदायको भए पनि विपन्न समूह, आदिवासी, दलित, अपाङ्ता भएका व्यक्ति, आप्रवासी, महिला, बालबालिका, ज्येष्ठ नागरिक, जातीय तथा अन्य भेदभावमा परेका, दुर्गम क्षेत्रका, शहरी गरिब, ग्रामीण गरिब, अल्पसङ्ख्यक समूह अन्यका तुलनामा बढी जोखिममा हुन सक्दछन् । आधारभूत सेवामा पहुँच, स्थानीय शासन व्यवस्था तथा न्यायमा पहुँच, आफ्नो विचार व्यक्त गर्न सक्ने सक्षमतालगायतको स्तरका आधारमा पनि जोखिम समूह पहिचान गर्न सकिन्छ। निरन्तर समस्याग्रस्त रहेका केही क्षेत्र, समूह पनि हुन सक्दछन् भने कतिपय घटना विशेषका कारण जोखिममा परेका हुन सक्दछन् । अतः आवश्यकतानुसार सम्बद्ध सबै सरोकारवालासँगको परामर्श वा स्थानीय तहको अवस्था सर्वेक्षण र विश्लेषण गरी जोखिम क्षेत्र तथा नागरिकको पहिचान गरी सो विषयसँग सम्बन्धित राष्ट्रिय मापदण्डलाई आधार मानी संरक्षणका आवश्यक सेवा प्रवाह गर्ने।

### ११.३ स्थानीय तहमा मानव अधिकार र विकासमा नागरिकको सहभागिता सहज तरिकाले कसरी गर्ने ?

योजना तर्जुमादेखि सो को कार्यान्वयन, उपलव्धी र प्रभाव मूल्याङ्कनको अवस्थासम्म कम्तिमा टोल स्तरको सहभागिता सुनिश्चित गर्ने, मानव अधिकारका क्षेत्रमा कार्यरत विषयगत रूपमा दक्षता हासिल गरेका गैरसरकारी संस्था र मानव अधिकार रक्षकको सूची तयार पार्ने र तिनका विवरण अद्यावधिक गर्ने, सम्बन्धित सूचीमा रहेका र सरोकार राख्ने एवम् सोबाट प्रत्यक्ष प्रभावित हुने समुदायका नागरिकको प्रतिनिधित्व हुने गरी विधि प्रक्रिया बनाइ सहभागी गराउने। यसका साथै उनीहरूको क्षमता विकासका लागि समेत ध्यान दिने।

### ११.४ मानव अधिकारका र विकासका विषयमा थोरै बजेट हुँदा पनि कसरी कार्य गर्ने ?

सम्बद्ध सबै सरोकारवालासँगको परामर्श वा स्थानीय तहको अवस्था सर्वेक्षण र विश्लेषणका आधारमा जोखिममा रहेका व्यक्ति समुदाय र क्षेत्रको पहिचान, जस्तै—अति गरिब, महिला, बालबालिका, दलित, अपाङ्गता, विपद् जोखिम क्षेत्रलगायत सम्बन्धित राष्ट्रिय मापदण्डलाई आधार मानी प्राथमिकताका आधारमा प्रत्येक वर्ष सम्बोधन गर्दै जानुपर्छ । सबै समस्याको समाधान एकै पटक गर्न सकिदैन । स्रोतको अभाव जहाँ पनि हुन्छ । अतः उपलब्ध स्रोतको उचित सदुपयोग र परिचालन गर्दै बजेट व्यवस्थापनमा ध्यान दिइनुपर्छ । मानव अधिकारसम्बन्धी कतिपय गतिविधि उपलब्ध मानव स्रोतको परिचालन र

समन्वयमा हुन सक्दछ । सीमित स्रोतमा प्रभावकारी कार्य गर्नका निमित्त उक्त गतिविधिले समाजमा परिरहेको गम्भीर असरलाई कत्तिको सम्बोधन गर्दछ, कति धेरै क्षेत्र, समुदाय लाभान्वित हुन्छन्, सो तत्कालै गर्नुपर्ने आवश्यकता हो होइन भन्ने लगायतका आधारमा प्राथमिकीकरण गर्नुपर्दछ ।

## ११.५ मौलिक हक कार्यान्वयनका लागि स्थानीय तहले कार्यविधि कसरी बनाउने ?

हाल स्थानीय तहमा कानुन बनाउने लहर चलेको छ र अधिकांशतः सङ्घीय कानुनमा केही काँटछाँट गरी जारी गर्ने गरिएको देखिन्छ । अतः मौलिक हकको कार्यान्वयन गर्न बनेका सङ्घीय कानुनअनुसार स्थानीय तहले बहन गर्नुपर्ने दायित्व पूरा गर्नका लागि कार्यविधि निर्माण गर्न सकिन्छ । यसका लागि मूलतः सचेतना शिक्षा, संरक्षण संयन्त्र, उजुरी तथा गुनासो सुन्ने र उपचार तथा पुनर्स्थापनाका विषय मौलिक हक कार्यान्वयानका लागि हुनुपर्दछ । यसभित्र नागरिकलाई कसरी सुविधा पुग्दछ, कसैले पनि दुरुपयोग गर्न नसक्ने सुनिश्चितताका लागि के गर्ने एवम् कानुनी प्रक्रिया र मान्यता कसरी प्राप्त हुन सक्छ भन्नबारेमा ध्यान दिइनुका साथै स्थानीय परिवेश र आवश्यकतालाई पनि समेटिनुपर्दछ ।

## ११.६ घरघरमा मानव अधिकार र मौलिक हक प्रति सम्मान र नागरिकको कर्तव्यका बारेमा कम लागतमा कसरी कार्यक्रम गर्ने-गराउने ?

घरघरमा मानव अधिकारका लागि सबै तहमा सचेतना पुग्न आवश्यक छ । मानव अधिकार, मौलिक हक र नागरिकको कर्तव्यका बारेमा सचेतनाका लागि सर्वप्रथम स्थानीय स्तरमा सबैले बुझ्न सक्ने गरी स्थानीय भाषामा सचेतना सामग्री निर्माण गरिनुपर्छ । यसलाई उपलब्ध सञ्चारका विभिन्न माध्यम (रेडियो, टीभी, पत्रपत्रिका, सूचनापाटी, इन्टरनेटको माध्यमबाट सामाजिक सञ्जाल लगायत) बाट प्रवाह गर्न सकिन्छ । स्थानीय तहबाट सम्पन्न गरिने हरेक कार्यक्रममा यससम्बन्धी जानकारी दिने, कुनै पनि मेला, भेला, सामाजिक पर्व, प्रवचन आदिमा छोटो जानकारी दिने प्रचलन कायम गर्न सकिन्छ । माथि प्रश्न नं. ११.४ मा उत्तर दिइएको तरिका अपनाई सचेतना शिक्षा, संरक्षण संयन्त्र, उजुरी तथा गुनासो सुन्ने र उपचार तथा पुर्नस्थापनाका विषयमा स्थानीय तहले आफैं र स्थानीय स्तरमा क्रियाशील सङ्घसंस्था, टोल विकास संस्था, आमा समूह, बालक्लब, युवा क्लब, किशोरकिशोरी समूह, उपभोक्ता समिति आदिका साथै समुदायमा मान्यता प्राप्त बडघर, चिराकी, मुखिया, धार्मिक अगुवा, समाजसेवी, मानव अधिकार रक्षकलगायतसँगको सहकार्य, समन्वयमा विविध क्रियाकलाप सम्पन्न गर्न सकिन्छ । अतः मानव अधिकार सबैको सरोकारको विषय हो भन्ने स्थापित गर्दै सबैले जिम्मेवारी र उत्तरदायित्व बहन गर्न अभिप्रेरित गर्नुपर्छ ।

## ११.७ मानव अधिकारसम्बन्धी सङ्घसंस्थाले गरेको कार्यमा दोहोरोपन कसरी घटाउने ?

स्थानीय तहमा सूचना व्यवस्थापन र समन्वयलाई प्रभावकारी बनाउनुपर्दछ । सङ्घसंस्थाका वार्षिक योजना तथा कार्यक्रम स्थानीय तहमा अनिवार्य पेस गर्नुपर्ने र स्थानीय तहसँगको समन्वय र एकद्वार विधिबाट सञ्चालन गर्नुपर्ने कुरालाई प्रभावकारी बनाइनुपर्दछ । स्थानीय तहले सङ्घसंस्थालाई स्थानीय तहको प्राथमिकीकरणका विषयमा समाहित हुन र सोबमोजिमको कार्यक्रम गर्न योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनका सबै चरणमा सहजीकरण, समन्वय र सहकार्य गर्ने अभ्यास गरिनुपर्दछ । सङ्घसंस्थाबीच कम्तिमा पनि अर्ध वार्षिक समीक्षा तथा समन्वय बैठक बस्ने अभ्यास थालिनुपर्छ । स्थानीय तहमा जति धेरै सूचना व्यवस्थापन हुन्छ, त्यति नै दाहोरोपन घटाउन सकिन्छ ।

## ११.८ मानव अधिकार रक्षक र संस्थालाई स्थानीय तहको कार्यक्रममा कसरी सहभागी गराउने ?

स्थानीय तहभित्र रहेका मानव अधिकार रक्षक र संस्थाको सूची विषयगत आधार एवम् विज्ञता, दक्षताका आधारमा समेत नक्साङ्कन र आवधिक गर्नुपर्दछ । स्थानीय तहका कार्यक्रममा सम्बन्धित विषयमा दक्षता भएका व्यक्तिलाई आमन्त्रण गर्न सकिने छ । विभिन्न स्थानमा विषयगत सञ्जाल, पेसागत संस्था र सक्रिय रहेका संस्थाबाट प्रतिनिधित्व गराउन सकिन्छ ।

### ११.९ स्थानीय तहले मौलिक हकका विषयका सेवा र कार्य समयमा नै कसरी गर्ने ?

स्थानीय तह सेवा प्रवाहको अग्रपंक्तिमा रहने भएकाले मौलिक हकको कार्यान्वयनका लागि बनेका कानुनले तोकेको दायित्वबारेमा स्थानीय तहका सम्बन्धित निकाय, शाखा सेवाको पहिचान र सम्बोधनका विषयमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्दछ । यस सम्बन्धमा आवश्यक पर्ने कार्यविधि तथा मापदण्ड बनाइ वार्षिक कार्ययोजना बनाउँदा उक्त दायित्व र स्थानीय तहको अवस्था विश्लेषणका आधारमा प्राथमिकतासहित कार्यक्रम बनाइनुपर्दछ । यस सम्बन्धमा सङ्घसंस्थालगायतका सरोकारवालासँग सहकार्य गर्न पनि सकिन्छ ।

### ११.१० विनाभेदभाव सेवा कसरी प्रदान गर्ने ?

नीति, योजना निर्माण देखि कार्यान्वयनसम्म संलग्न हुने सबै पदाधिकारी, कर्मचारी, सेवा प्रदायक मानव अधिकार र मौलिक हक कार्यान्वयनका लागि जवाफदेही हुने । सम्बन्धित मौलिक हकको राज्यको दायित्व के–के हो विषयगत शाखाले वार्षिक तथा अन्य कार्ययोजना बनाउदा रुजु गर्ने । मानव अधिकारका विविध पक्षका बारेमा अभिमुखीकरण प्रदान गर्ने सेवा प्रवाह गर्दा कुनै पनि पूर्वाग्रह नराखी आवश्यकताका आधारमा गर्ने । यसक्रममा तटस्थता र निश्पक्षतालाई ध्यानमा राखी पारदर्शिता कायम गरिनुपर्दछ । अवस्था विश्लेषणको आधारमा आवश्यकता निर्धारण गरी सेवा प्रवाह गर्ने अभ्यास थालनी गर्नुपर्दछ ।

### ११.११ समावेशी बजेट कसरी तर्जुमा गर्ने ?

स्थानीय तहको अवस्था विश्लेषणका आधारमा महिला तथा अन्य लक्षित समूहलाई प्राथमिकीकरण र आवश्यकताका आधारमा समेटिनुपर्दछ । बजेट तर्जुमा गर्दा लक्षित समूहको सहभागिता हुनुका साथै उनीहरूको क्षमता अभिवृद्धि हुने, प्रत्यक्ष लाभ पुग्ने, विशेष आवश्यकताको सम्बोधन हुने, रोजगारी र आयआर्जन अभिवृद्धि हुने, जोखिम न्यूनीकरण हुने, सेवामा पहुँच अभिवृद्धि हुने लगायतका योजना, कार्यक्रम समेटिनुपर्दछ ।

### ११.१२ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित समुदायलगायतका लक्षित वर्गका लागि लगानी कसरी गर्ने ?

लक्षित समूहको सङ्ख्या, अवस्था र उनीहरू रहे बसेको क्षेत्रलगायतका विवरण स्थानीय तहमा दुरुस्त र व्यवस्थित हुनुपर्दछ । उक्त विवरणलगायत उनीहरूले भोगेका समस्याको विश्लेषण गरी आवश्यकता, गम्भीरता र जरुरीपनाका आधारमा प्राथमिकीकरण गरी लगानी गर्नुपर्दछ । यसक्रममा लक्षित समूहको सहभागिता महत्त्वपूर्ण हुन्छ । योजना छनौटको क्रममा सहभागितामूलक ढङ्गले योजना छनौट प्रक्रिया अबलम्वन गरी उपयुक्त योजना छनौटमा सहजीकरण गरिनुपर्छ ।

### ११.१३ स्थानीय तहको नीति र कार्यविधि कसरी मानव अधिकारमैत्री भएको सुनिश्चित गर्ने ?

स्थानीय कार्यविधि कानुन बनाउदा सरोकारवाला र लक्षित समूहलाई सहभागी गराउने, कुनै पनि आधारमा भेदभाव नभएको सुनिश्चित गर्ने, जवाफदेहिता र पारदर्शिता कायम गर्ने, नागरिकका निमित्त सरल र पहुँचयोग्य भएको, नागरिकलाई सचेत र सशक्तिकरण गर्न सक्ने, समावेशी दृष्टिकोण भएको, कसैले दुरुपयोग गर्न सक्ने छिद्र नभएको, समुदायको अवस्था र आवश्यकतालाई सम्बोधन गर्ने लगायतका कुरालाई समेटिएको हुनुपर्दछ । राष्ट्रिय मानव अधिकार आयोगलाई कार्यविधि र नीति पारित हुनुअगाडि प्रस्तावित मस्यौदामा सुझाव माग्न सकिनेछ ।

### ११.१४ स्थानीय तहमा नागरिक सङ्घसंस्था र मानव अधिकार रक्षकसँग कसरी सहकार्य गर्ने ?

विषयगत र विज्ञताका आधारमा नागरिक सङ्घसंस्था, मानव अधिकार रक्षक र तिनका कार्यक्षेत्रको सूची राख्ने । स्थानीय तहको योजना तर्जुमा, नीति–निर्माण, बजेट तथा कार्यक्रम निर्माणलगायतका विषयगत विज्ञताका आधारमा सहभागी गराउने तथा सम्बन्धित सङ्घसंस्थाका कार्यक्रम समेतलाई विचार गर्ने । कुनै घटना विशेषमा सत्य तथ्य पत्ता लगाउने देखि संरक्षण, पुनर्स्थापनमा सङ्घसंस्था र मानव अधिकार रक्षकको सहयोग लिन सकिन्छ । दक्षतानुसार स्रोत व्यक्तिका रूपमा परिचालन गर्न सकिन्छ । सचेतना, अनुगमनजस्ता कार्यमा प्रभावकारी सहकार्य हुन्छ ।

### ११.१५ स्थानीय तहमा सुशासन कायम कसरी गर्ने ?

स्थानीय तहमा सुशासनका लागि सबैबाट कानुनको पालना, आवश्यक नीतिगत एवम् संरचनागत व्यवस्था र क्रियाशीलता, पारदर्शिता, जवाफदेहिता, नागरिकको सहभागिता, प्रभावकारी सेवा प्रवाह, आवश्यकताका आधारमा भेदभावविहिन ढङ्गले योजना निर्माण, भ्रष्टाचार नियन्त्रण, प्रभावकारी अनुगमन, नागरिक सचेतना, समन्वय, सार्वजनिक सुनुवाइ, गुनासो सुनुवाइ तथा सूचना प्रवाह लगायतका कार्य व्यवहारतः कार्यान्वयन भएको हुनुपर्दछ । तोकिएको दायित्व तथा जिम्मेवारी पुरा नगर्ने, ढीलासुस्ती गर्ने जोकोहीलाई कारबाही गर्ने अभ्यास गरिनुपर्दछ । अतः दण्डात्मक, उपचारात्मक र प्रवर्धनात्मक विधि अवलम्बन गरिनुपर्छ । सेवाको गुणस्तरीयतामा ध्यान दिइनुपर्छ । मर्यादित र तर्कसङ्गत आलोचना गर्ने, सुन्ने र सुधारका लागि खुला हुनुपर्दछ ।

### ११.१६ स्थानीय तहमा सामाजिक सुरक्षाका कार्यक्रम बनाउदा के–के कुरामा ध्यान दिने ?

प्रचलित कानुनको पालना गर्दै आवश्यकतामा ध्यान दिइनुपर्दछ । सामाजिक सुरक्षा भन्नाले नगद वितरणमात्रै होइन भन्ने कुरा मनन गर्दै अवस्था विश्लेषणका आधारमा लक्षित समूहको जीवनमा प्रभाव पार्ने र दिगो हुने अर्थिक तथा सामाजिक विकासका अन्य कार्यक्रम तय गरिनुपर्छ ।

### ११. १७ प्राथमिकता क्षेत्रमा नपरेका तर नागरिकलाई तत्काल संरक्षण र सहयोग गर्नुपर्ने कार्य कसरी गर्ने ?

विषयको गम्भीरतानुसार नागरिकको संरक्षणलाई सदैव उच्च ध्यान दिइनुपर्दछ । कतिपय अवस्थामा आकस्मिक रूपमा नागरिकको संरक्षणको विषय उठ्ने गर्दछ । अतः निर्धारित योजना, कार्यक्रम परिमार्जन गरेर भए पनि गम्भीरताका आधारमा यस्ता विषयलाई सम्बोधन गरिनुपर्दछ । कार्यविधि बनाइ आकस्मिक कोष/राहत कोषलगायतको परिचालन पनि गर्न सकिन्छ ।

### ११. १८ स्थानीय तहले गर्ने मानव अधिकारसम्बन्धी कार्यलाई “स्थानीय शासन कार्यसम्पादन प्रणाली (Local Government Performance Assessment System - LGPAS)” सँग कसरी जोड्न सकिन्छ ?

विगतमा स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन (LISA), स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कन प्रणली (FRA), स्थानीय आर्थिक विकास मूल्याङ्कन प्रणली (LED) गरी तीन वटै प्रणालीमार्फत मूल्याङ्कन गरिँदै आएकोमा २०८२ साल श्रावण महिनामा स्थानीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तीन वटा मूल्याङ्कन प्रणलीलाई एकीकरण तथा परिमार्जन गरी “स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२” तर्जुमा गरी आफ्नो वेबसाइटमा राख्नुको साथै सबै स्थानीय तहलाई जानकारीसमेत गराइसकेको छ ।

“स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ ले सुशासन तथा संस्थागत विकास, सामाजिक विकास, आर्थिक विकास, पूर्वाधार विकास, तथा वन, वातावरण तथा विपद् व्यवस्थापन गरी पाँच वटा विषयक्षेत्रलाई स्थानीय तहको मूल्याङ्कनको विषयक्षेत्र भनी उल्लेख गरेको छ । यी पाँच वटै विषयक्षेत्र मानव अधिकारसँग प्रत्यक्ष जोडिएको विषयहरू हुन् । स्थानीय तहले गर्ने सेवाप्रवाह र विकासका कार्यले मानव अधिकारको संवर्धन र प्रवर्धन गर्ने भएकोले ती कार्यहरू मानव अधिकारभन्दा अलग छैनन् । अतः स्थानीय तहले मानव अधिकारमुखी पद्धति अपनाएको छ र सम्बन्धित पदाधिकारी, कर्मचारी यस विषयमा प्रशिक्षित छन् भने सोको प्रतिविम्ब स्वःमूल्याङ्कनमा देखिन्छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधिमा नै यस विषयलाई स्पष्ट उल्लेख गर्नका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा निरन्तर पैरवी पनि गरिरहनुपर्दछ ।

### ११.१९ मानव अधिकारको संरक्षण तथा संवर्धन गर्न सके वा नसकेको सम्बन्धमा मूल्याङ्कन कसरी गर्ने? यसका लागि कुन कुन निकायलाई सहभागी गराउने?

मूल्याङ्कन सूचक तयार गरी कार्यान्वन गर्ने, राष्ट्रिय मानव अधिकार आयोग र स्वतन्त्र विज्ञमार्फत मूल्याङ्कन गर्ने–गराउने ।

# अनुसूची खण्ड

## अनुसूची एक

**मानव अधिकारमुखी अवधारणा कार्यान्वयनको स्थानीय तहको सूचक**

| क्र.सं. | समग्र मानव अधिकारको अवस्थासम्बन्धी सूचक | सूचक मानक |
|---|---|---|
| १ | मानव अधिकारको अभ्यास/उपभोगको अवस्था एकीनका लागि मौलिक हक, मानव अधिकारको राष्ट्रिय कार्ययोजना, स्थानीय तहको दायित्व, कानुन कार्यान्वयन, दिगो विकास आदि बारेमा सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित कर्मचारीहरूका लागि मानव अधिकारसम्बन्धी प्रशिक्षण | ■ सम्बन्धित सबै कर्मचारीले दुई दिवसीय तालिम<br>■ एक दिवसीय पुनर्ताजगी तालिमको लागि वार्षिक बजेट विनियोजन |
| २ | समग्र मानव अधिकारको अवस्थाबारे खण्डिकृत तथ्याङ्क तयार, विश्लेषण र अद्यावधिक | ■ मानव अधिकारको स्थानीय अवस्था प्रतिवेदन प्रकाशन<br>■ वार्षिक अद्यावधिक प्रतिवेदनको विद्युतीय प्रकाशन |
| ३ | मानव अधिकारको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका लागि आवश्यक कार्यविधि र लगानीको व्यवस्थासहित कार्यान्वयन गर्ने आधार निर्माण | ■ वार्षिक बजेटमा कार्ययोजना निर्माण गरी कार्यान्वयन |
| ४ | अवस्था विश्लेषणअनुसार अति विपन्न भएका व्यक्ति, तथा विशेष संरक्षण आवश्यक पर्ने सबै नागरिकलाई तत्काल सेवा र संरक्षणसम्बन्धी कार्यक्रम | ■ अति विपन्न, अपाङ्गता भएका, विशेष संरक्षण आवश्यक भएकाको सङ्ख्या तथा अद्यावधिक विवरण र त्यस्ता नागरिकलाई दिएको सेवा |
| ५ | उजुरी, निवेदन, गुनासो सुनुवाइ र पृष्ठपोषण आदि | ■ सोधपुछ कक्ष, सूचना पाटी, सुझावपेटिका आदिको व्यवस्था |
| ६ | स्वतन्त्र विज्ञ वा अनुसन्धानकर्तामार्फत स्थानीय तहमा संविधान, मौलिक हकको कार्यान्वयन र सम्बन्धित अन्य कानुनको कार्यान्वयन तथा सो अनुसारको सेवा उपभोगबारे नागरिकको गुनासो र सुझाव ग्रहण एवम् कार्यान्वयनको अवस्था विश्लेषण र वार्षिक कार्यक्रममा औँल्याइएका सुझावहरूको सम्बोधन | ■ संविधान, मौलिक हकको कार्यान्वयनका लागि निर्मित र अन्य सम्बन्धित कानुनको सचेतना गराइएको वडाको सङ्ख्या<br>■ वार्षिक र अर्धवार्षिक रूपमा गरिएको सार्वजनिक सुनुवाइ |
| ७ | सबै कार्यक्रम तथा योजना निर्माण गर्दा नागरिकको अर्थपूर्ण सहभागिता र पारदर्शी रूपमा कार्यक्रमको जानकारी (जसको लागि संयन्त्र स्थापना गर्न सकिन्छ ।) | ■ वार्षिक र अर्धवार्षिक रूपमा नागरिकसँग गरिएको छलफल |
| ८ | बजेटको तयारीका लागि परामर्श प्रक्रियामा नागरिकको अर्थपूर्ण सहभागिता | ■ बजेटपूर्व नागरिकसँग गरिएको छलफल |
| ९ | स्थानीय तहको सेवा प्रवाहका बारेमा सरल र स्थानीय भाषामा प्रकाशन/प्रसारण | ■ प्रकाशित/प्रशारित सामाग्री (पत्रपत्रिका, रेडियो, टीभी, सामाजिक सञ्जाल आदि) |

| क्र.सं. | समग्र मानव अधिकारको अवस्थासम्बन्धी सूचक | सूचक मानक |
|---|---|---|
| १० | स्थानीय नागरिकसमक्ष राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन तथा प्रतिबद्धताका बारेमा अभिमुखीकरण गर्ने गराउने । | ■ अभिमुखीकरण संख्या |
| ११ | भौतिक पूर्वाधार (मर्मतसम्भार, पुनः निर्माण र नवनिर्माण) मानव अधिकारमैत्री (लैङ्गिकमैत्री, अपाङ्गमैत्री आदि) निर्माण | मानव अधिकारमैत्री भौतिक पूर्वाधार निर्माणको संख्या |
| १२ | सङ्घ, प्रदेश र स्थानीय सरकारबीच सहकार्य, समन्वय र सहअस्तित्व | **सहकार्यः**<br>■ संयुक्त योजना/परियोजना निर्माणको (छलफल, बजेटको हिस्सा आदि), संयुक्त बैठक, छलफल, अनुगमन र मूल्याङ्कन प्रतिवेदन<br>**समन्वयः**<br>■ समन्वय समिति/कार्यदलद्वारा भएका कार्यहरू (छलफल/बैठकको नियमितता, सङ्ख्या, निर्णय कार्यान्वय)<br>■ छलफल/बैठक, प्रतिवेदनको आपसमा जानकारी, सूचना प्रवाहको माध्यम, नियमितता र पारदर्शिता<br>■ संविधान, ऐन, नियम प्रदत अधिकार बाँडफाँडको परिपालना<br>**सहअस्तित्वः**<br>■ आपसमा अधिकारक्षेत्रको सम्मान |
| १३ | समग्र सर्वेक्षण | नागरिक सन्तुष्टि र सेवा प्रवाहमा गुणात्मक सुधार भए/नभए सम्बन्धमा सेवाग्राहीको अभिमत |

## अनुसूची दुई

**स्थानीय तहमा मानव अधिकारमुखी अवधारणा कार्यान्वयन सम्बन्धी स्वःमूल्याङ्कन नमूना रुजु–सूची**

१. मानव अधिकारमुखी अवधारणा कार्यान्वयनको लागि स्थानीय तहको आधारभूत सङ्क्षिप्त रुजु–सूची

| क्र.सं. | विषय | अवस्था | | अवस्था स्वःमूल्याङ्कनः ० देखि ४ नं उल्लेख गर्ने | सुधारका लागि स्थानीय तहले चाल्ने कदम के–के हुन सक्छन् । |
|---|---|---|---|---|---|
| | | छ | छैन | (०–छैन, १–छलफल हुँदैछ, २–केही मात्र भएको छ, ३–आंशिक छ, ४–पूर्ण छ) | |
| १ | स्थानीय सार्वजनिक सेवाका पदाधिकारी तथा कर्मचारीका लागि मौलिक हक, मानव अधिकारको राष्ट्रिय कार्ययोजना तथा स्थानीय तहको दायित्वबारेमा मानव अधिकार प्रशिक्षण भएको | | | | |
| २ | समग्र मानव अधिकारको स्थानीय अवस्थाबारे खण्डिकृत तथ्याङ्क सङ्कलन गरी अवस्था विश्लेषण तथा तथ्याङ्क अद्यावधिक गरिएको | | | | |
| ३ | अवस्था विश्लेषण अनुसार अति विपन्न, अपाङ्गता भएका, असहाय तथा विशेष संरक्षण आवश्यक पर्ने सबै नागरिकलाई तत्काल सेवा प्रदान र संरक्षण गर्ने कार्यक्रम गरिएको | | | | |
| ४ | मानव अधिकारको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका लागि कार्यविधि बनाइ कार्यक्रम सञ्चालन भएको | | | | |
| ५ | स्थानीय तहमा संविधान, मौलिक हकसम्बन्धी लगायतका प्रचलित कानुनको कार्यान्वयन तथा सेवा उपभोगबारे नागरिकको गुनासो र सुझाव सुन्ने व्यवस्था र सोको सम्बोधन तथा यस्ता गुनासो, सुझावको कार्यान्वयन अवस्थाबारे स्वतन्त्र विज्ञ वा अनुसन्धानकर्ता मार्फत विश्लेषण गर्ने गराउने गरिएको | | | | |
| ६ | कार्यक्रम तथा योजना निर्माण गर्दा निर्णयमा प्रभाव पार्न सक्ने सीमान्तकृत तथा जोखिममा रहेका हैसियतमा नागरिकको अर्थपूर्ण सहभागिता र पारदर्शी रूपमा कार्यक्रमको जानकारी दिने गरिएको | | | | |
| ७ | आवश्यक सूचना जानकारी सरल भाषामा तथा स्थानीय भाषामा प्रसारित प्रकाशित गर्ने गरिएको | | | | |
| ८ | बजेटको तयारीका लागि परामर्श प्रक्रियामा नागरिकको अर्थपूर्ण सहभागिता गर्ने गरिएको | | | | |
| ९ | लक्षित समुदायलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन तथा प्रतिबद्धताका बारेमा सचेतना, नागरिकको हक र राज्यको दायित्व, उपलब्ध सेवा तथा प्रबन्धका बारेमा नियमित अभिमुखीकरण गर्ने–गराउने गरिएको | | | | |
| १० | राष्ट्रिय मानव अधिकार आयेगसँग मानव अधिकारसँग सम्वन्धित विषयमा समन्वय सहकार्य पर्ने गरिएको । | | | | |

२. बाल अधिकार कार्यान्वयनको लागि स्थानीय तहको आधारभूत सङ्क्षिप्त रुजु–सूची

| क्र.सं. | विषय | अवस्था | | अवस्था स्वःमूल्याङ्कनः ० देखि ४ नं उल्लेख गर्ने | सुधारका लागि स्थानीय तहले चाल्ने कदम के–के हुन सक्छन् |
|---|---|---|---|---|---|
| | | छ | छैन | (०–छैन, १–छलफल हुँदैछ, २–केही मात्र भएको छ, ३–आंशिक छ, ४–पूर्ण छ) | |
| १ | स्थानीय बाल अधिकार संरक्षण, संवर्धन सम्बन्धी नीतिगत व्यवस्था, कार्यविधि | | | | |
| २ | स्थानीय बाल अधिकार समितिको गठन तथा क्रियाशीलता | | | | |
| ३ | स्थानीय बाल कल्याण अधिकारीको नियुक्ति | | | | |
| ४ | बाल संरक्षण कोषको स्थापना र सञ्चालन | | | | |
| ५ | बालमनोविज्ञ, सामाजिक कार्यकर्ताको सूचीकरण र परिचालन | | | | |
| ६ | **जीवनको अधिकार**<br>■ स्वास्थ्य संस्था वा तालिम प्राप्त स्वास्थ्यकर्मीको सहयोगबाट बच्चा जन्माउने अभ्यास<br>■ बालबालिकाले आधारभूत आवास, कपडा, स्वास्थ्य सेवा, शिक्षाको अधिकार पाएको | | | | |
| ७ | **बाल संरक्षण**<br>■ बालश्रम, जोखिमयुक्त काम, हिंसा, श्रम, शोषण, बाल विवाह, बाल बेचबिखनमा नपरेको सुनिश्चितता<br>■ सशस्त्र द्वन्द्व, युद्धमा बालकालिकाको प्रयोग नभएको | | | | |
| ८ | **बाल सहभागिता**<br>■ खेलकुद, सांस्कृतिक तथा सामाजिक विकासमा सहभागिता गर्ने अवसर<br>■ बाल क्लब, बाल मञ्च गठन भएको र सबै बालबालिका त्यसमा सहभागी भएको<br>■ बाल योजना निर्माण, निर्णय प्रक्रिया, बजेट निर्माणमा बालसहभागिता | | | | |
| ९ | **बाल विकासमा पहुँच**<br>■ बालमैत्री शिक्षा, बालमैत्री शौचालय, खेलमैदान पूर्वाधार (अपाङ्गता भएका बालबालिकाको हकमा समेत) आदि भएको नभएको | | | | |
| १० | विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान तथा सेवा प्रवाह | | | | |

| क्र.सं. | विषय | छ | छैन | अवस्था स्वःमूल्याङ्कनः ० देखि ४ नं उल्लेख गर्ने (०–छैन, १–छलफल हुँदैछ, २–केही मात्र भएको छ, ३–आंशिक छ, ४–पूर्ण छ) | सुधारका लागि स्थानीय तहले चाल्ने कदम के–के हुन सक्छन् । |
|---|---|---|---|---|---|
| ११ | समग्र बालबालिकाको स्थितिबारे तथ्याङ्क सङ्कलन, विश्लेषण र सो कार्ययोजना निर्माणमा उपयोग, बालबालिकाको स्थिति सम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशन | | | | |
| १२ | योजना निर्माणको क्रममा बालभेला लगायत बालबालिकाको विचार, भावनाको सुनुवाइ र मान्यता | | | | |
| १३ | सबै बालबालिकाको शिक्षामा पहुँच, भर्ना अभियान, निःशुल्क तथा अनिवार्य शिक्षा | | | | |
| १४ | गुणस्तरीय शिक्षा, बालमैत्री विद्यालय वातावरणको सुनिश्चितता | | | | |
| १५ | सबै बालबालिकालाई खोप, आधारभूत स्वास्थ्य निःशुल्क सेवा, मानसिक स्वास्थ्य सेवाको उपलब्धता | | | | |
| १६ | प्रत्येक वडामा बालउद्यान, खेलकुद, सिर्जनात्मक गतिविधि, बालक्लब गतिविधिमा सहयोग | | | | |
| १७ | बालबालिकामाथि कुनै पनि ढङ्गले हुने हिंसा, दुर्व्यवहार, हानि, श्रमशोषण तथा यौनशोषण लगायत सबै प्रकारका शोषण, भेदभाव, ओसारपसार, बालविवाहलाई अन्त्य गर्ने सम्बन्धमा रोकथाममूलक कार्यक्रम तथा त्यस्ता घटनामा तत्काल हस्तक्षेप, उद्धार, संरक्षण | | | | |
| १८ | बालमैत्री स्थानीय शासनको व्यवहारिक कार्यान्वयन | | | | |
| १९ | विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवम् सामाजिक संस्थामा संस्थागत तहमा बालसंरक्षण मापदण्ड निर्माण तथा लागु | | | | |
| २० | विपद्को पूर्वतयारीदेखि राहत, उद्धार, संरक्षण, पुनर्स्थापना लगायतका कार्यमा बाल केन्द्रित कार्यक्रम | | | | |

३. महिला अधिकारका लागि स्थानीय तहको स्वःमूल्याङ्कन गर्ने आधारभूत रुजु–सूची

| क्र.सं. | विषय | अवस्था | | अवस्था स्वःमूल्याङ्कनः ० देखि ४ नं उल्लेख गर्ने | सुधारका लागि स्थानीय तहले चाल्ने कदम के–के हुन सक्छन् । |
|---|---|---|---|---|---|
| | | छ | छैन | (०–छैन, १–छलफल हुँदैछ, २–केही मात्र भएको छ, ३–आंशिक छ, ४–पूर्ण छ) | |
| १. | महिलाविरुद्धको भेदभाव, असमानता, हिंसा, हानिकारक परम्परागत अभ्यास, ओसारपसार तथा बेचबिखनविरुद्ध, मर्यादित महिनावारी लगायतका बारेमा पदाधिकारी, कर्मचारी, शिक्षक, अभिभावक, समुदाय, बालबालिकाबीच अवधारणात्मक स्पष्टता एवम् तिनबाट हुने हानिबारे सचेतना कार्यक्रम नियमित रूपमा हुने गरेको र व्यवहारमा सुधार आएको | | | | |
| २. | लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति–निर्माण | | | | |
| ३. | लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति–निर्माण भएको भए स्थानीय तहबाट बन्ने अन्य नीति, रणनीति, कानुन, कार्यविधि, कार्यक्रम, बजेट बिनियोजनलगायतका समयमा सो नीतिलाई आधार मान्ने तथा कार्यान्वयन गर्न सघाउ पुर्‍याउने गरिएको | | | | |
| ४. | गाउँ/नगर पालिकाका अध्यक्ष/प्रमुखको संयोजकत्वमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्देशक समिति निर्माण भई क्रियाशील रहेको | | | | |
| ५. | घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६को दफा १२ (क) अनुसार संरक्षण अधिकृत तोकिएको | | | | |
| ६. | घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६को दफा ९ अनुसार घरेलु हिंसाबाट पीडितको तत्काल उपचार गर्दा लागेको खर्च पीडकले तिर्न नसके स्थानीय तहले तत्काल उपलब्ध गराउनुपर्ने व्यवस्था कार्यान्वयनमा रहेको | | | | |
| ७. | घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६को दफा ११ तथा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा १३ अनुसारको पीडितलाई तत्काल सुरक्षा तथा सेवा प्रदान गर्न सेवा केन्द्र/पुनर्स्थापना केन्द्रको व्यवस्था भएको | | | | |
| ८. | घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६को दफा १२ तथा मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ दफा १४ अनुसारका सेवा कोष/पुनर्स्थापना कोष स्थापना भई कार्यान्वयनमा आएको | | | | |

| क्र.सं. | विषय | अवस्था | | अवस्था स्वःमूल्याङ्कनः ० देखि ४ नं उल्लेख गर्ने | सुधारका लागि स्थानीय तहले चाल्ने कदम के–के हुन सक्छन् । |
|---|---|---|---|---|---|
| | | छ | छैन | (०–छैन, १–छलफल हुँदैछ, २–केही मात्र भएको छ, ३–आंशिक छ, ४–पूर्ण छ) | |
| ९. | श्रम ऐन २०७४को दफा ७ अनुसार समान कामका लागि समान पारिश्रमिक कार्यान्वयनमा रहेको | | | | |
| १०. | विद्यालय, कार्यालय, सार्वजनिक स्थलमा महिलाको लागि छुट्टै शौचालयको व्यवस्था भएको | | | | |
| ११. | सरकारी कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको | | | | |
| १२. | किशोरीमैत्री स्वास्थ्य केन्द्र रहेको | | | | |
| १३ | महिला हिंसा अन्त्य, महिला शक्तिकरण तथा महिला उद्यमशीलतालगायतका बारेमा उचित लगानी भएको | | | | |
| १४ | योजना तर्जुमा तथा कार्यान्वयन लगायतका कुनै पनि भेला, छलफल, बैठकमा महिलाको अर्थपूर्ण/निर्णयमा प्रभाव पार्ने सहभागिता हुने गरेको (स्थानीय सरकार सञ्चालन ऐन दफा २४.५) | | | | |
| १५. | वडाभित्रका आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिलाको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी वडा समितिबाट काम भएको (स्थानीय सरकार सञ्चालन ऐन दफा १२ ग) | | | | |
| १६. | स्थानीय योजना बनाउदा महिलाई प्रत्यक्ष लाभ पुग्ने विषयलाई प्राथमिकता दिइएको (स्थानीय सरकार सञ्चालन ऐन दफा २४.३) | | | | |

४. वातावरणीय मानव अधिकारको लागि स्थानीय तहको स्वःमूल्याङ्कन गर्ने आधारभूत रुजु–सूची

| क्र.सं. | विषय | अवस्था | | अवस्था स्वःमूल्याङ्कनः ० देखि ४ नं उल्लेख गर्ने (०–छैन, १–छलफल हुँदैछ, २–केही मात्र भएको छ, ३–आंशिक छ, ४–पूर्ण छ) | सुधारका लागि स्थानीय तहले चाल्ने कदम के–के हुन सक्छन् । |
|---|---|---|---|---|---|
| | | छ | छैन | | |
| १ | वातावरणीय सुरक्षाका लागि वातावरणसँग सम्बन्धित कानुन/नीति तथा मापदण्ड पारित र समयानुकूल पुनरावलोकन गरी कार्यान्वयन | | | | |
| २ | स्वस्थ वातावरण र वातावरणीय न्यायका बारेमा विद्यालय तहको स्थानीय पाठ्यक्रममा समावेश | | | | |
| ३ | स्थानीय तहमा वातावरणसँग सम्बन्धित मानव अधिकार रक्षकको पहिचान र अभिमुखीकरण | | | | |
| ४ | स्थानीय तहमा भौतिक विकास र निर्माणका नाममा प्राकृतिक स्रोत तथा समग्र वातावरणको क्षयीकरण र विनाश न्यूनीकरणका लागि आयोजनामा वातावरणीय प्रभाव मूल्याङ्कनको स्थानीय मापदण्डको निर्माण | | | | |
| ५ | स्थानीय तहको वातावरणीय जोखिमको लेखाजोखा, अनुगमन तथा वातावरणीय प्रभाव परेको समुदायको खण्डीकृत तथ्याङ्क | | | | |
| ६ | स्थानीय तहभित्रको उद्योग तथा व्यवसायिक प्रतिष्ठानलाई वातावरण संरक्षण, मानव अधिकारको सम्मान र संरक्षण गर्ने सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय व्यवसाय र मानव अधिकारसम्बन्धी मार्गनिर्देशक सिद्धान्त र राष्ट्रिय मापदण्डको अभ्यास / कार्यान्वयन | | | | |
| ७ | स्थानीय स्तरमा मानव अधिकार को विषय हेर्न छुट्टै कक्षको स्थापना वातावरणीय मानव अधिकार हेर्ने कार्य दिशा सहितको प्रबन्ध | | | | |
| ८ | वायु प्रदूषण, वातावरणीय स्वास्थ्य जोखिम, नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक, शहरभित्र पैदलयात्रीको सुरक्षा, साइकल र सार्वजनिक यातायातको प्रवर्धन, सवारी साधनको नियमित चेकजाँच, उद्योग तथा कलकारखानाको प्रभावकारी अनुगमन | | | | |

५. अपाङ्गता भएका व्यक्तिको अधिकारका लागि स्थानीय तहका स्वःमूल्याङ्कन गर्ने आधारभूत रुजु–सूची

| क्र.सं. | विषय | अवस्था | | अवस्था स्वःमूल्याङ्कनः ० देखि ४ नं उल्लेख गर्ने | सुधारका लागि स्थानीय तहले चाल्ने कदम के–के हुन सक्छन् । |
|---|---|---|---|---|---|
| | | छ | छैन | (०–छैन, १–छलफल हुँदैछ, २–केही मात्र भएको छ, ३–आंशिक छ, ४–पूर्ण छ) | |
| १. | अपाङ्गता भएका सबै व्यक्तिले परिचयपत्र पाएको र सो अनुसार सामाजिक सुरक्षा भत्ता र सुविधा पाएको (अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ४, स्थानीय शासन सञ्चालन ऐन, २०७४ दफा ११ (त) | | | | |
| २. | अपाङ्गता भएका व्यक्तिको अभिलेख तयार गरी प्रत्येक वर्ष अद्यावधिक गर्ने गरिएको (अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धीं ऐन दफा ६, स्थानीय सरकार सञ्चालक ऐन, दफा ११ त) | | | | |
| ३. | अपाङ्गता भएका व्यक्तिलाई सरकारी अनुदान प्राप्त शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा उच्चशिक्षा उपलब्ध गराएको, अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्थामा भर्ना हुँदा कुनै प्रकारको शुल्क लिने नगरेको (अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धीं ऐन दफा २१) | | | | |
| ४. | आवश्यकताबमोजिम ब्रेल वा वैकल्पिक लिपि, साङ्केतिक भाषा, सूचना प्रविधिको साधन र दौँतरीबाट सिक्ने जस्ता एकभन्दा बढी माध्यमबाट शिक्षा दिने व्यवस्था भएको (अपाङ्गता भएका व्यक्तिव्यक्तिको अधिकारसम्बन्धीं ऐन दफा २१) | | | | |
| ५. | अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति तथा आर्थिक सहयोग उपलब्ध गराइएको (अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धीं ऐन दफा २२) | | | | |
| ६. | अपाङ्गता भएका व्यक्तिलाई व्यावसायिक तालिम तथा स्वरोजगारको लागि वातावरण सिर्जना गरिएको गराइएको (अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धीं ऐन दफा २४) | | | | |
| ७. | अपाङ्गता भएका व्यक्तिको शारीरिक क्षमता, तालिम, योग्यता र अनुभवका आधारमा उपयुक्त हुने काम उपलब्ध भएसम्म नियुक्तिमा प्राथमिकता दिएको (अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धीं ऐन दफा २५) | | | | |
| ८. | अपाङ्गता भएका व्यक्तिको सांस्कृतिक अधिकारको सम्मान गर्न तथा निजलाई मनोरञ्जनसम्बन्धी क्रियाकलापमा अन्य व्यक्ति सरह सहभागी हुने अवसरको सिर्जना गरिएको (अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धीं ऐन दफा ३३) | | | | |
| ९. | अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह आवश्यकताअनुसार विशेष व्यवस्था गरी खेलकुदसम्बन्धी क्रियाकलापमा सहभागी गराउने व्यवस्था गरिएको (अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धीं ऐन दफा ३४) | | | | |

| क्र.सं. | विषय | अवस्था | | अवस्था स्वःमूल्याङ्कनः ० देखि ४ नं उल्लेख गर्ने | सुधारका लागि स्थानीय तहले चाल्ने कदम के–के हुन सक्छन् । |
|---|---|---|---|---|---|
| | | छ | छैन | (०–छैन, १–छलफल हुँदैछ, २–केही मात्र भएको छ, ३–आंशिक छ, ४–पूर्ण छ) | |
| १०. | अपाङ्गता भएका व्यक्तिलाई कृषि र स्वरोजगारमूलक व्यवसाय वा उद्यमशीलताका लागि अनुदान वा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था भएको (अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन दफा ३७) | | | | |
| ११. | अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक साधन, उपकरण वा औजार, अपाङ्गमैत्री सवारी साधन तथा अपाङ्गता भएका व्यक्तिको शिक्षा, तालिम वा स्वरोजगारका लागि प्रयोग हुने मालसामान, यन्त्र, पाटपूर्जा तथा कच्चा पदार्थमा स्थानीय कर वा अन्य दस्तुर सम्पूर्ण वा आंशिक रूपमा छुट दिने व्यवस्था भएको (अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन दफा ३७) | | | | |
| १२. | अपाङ्गता भएका व्यक्तिको हक हित संरक्षणसम्बन्धी विषयमा समन्वय गर्न गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा समन्वय समिति गठन भई क्रियाशील भएको (अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन दफा ४२) | | | | |
| १३. | अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षण गर्ने काम समेतका लागि एकजना कर्मचारीलाई संरक्षण अधिकृत तोकिएको (अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन दफा ५८) | | | | |
| १४. | सार्वजनिक प्रयोगका स्थल र भवन अपाङ्गतामैत्री तथा भौतिक रूपमा पहुँचयोग्य भएको (स्थानीय शासन सञ्चालन ऐन, २०७४ दफा ८) | | | | |
| १५. | अपाङ्गतामैत्री सार्वजनिक सवारी सुविधा भएको (स्थानीय शासन सञ्चालन ऐन, २०७४ दफा ८, ११त) | | | | |
| १६. | सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र सञ्चालन, व्यवस्थापन भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११त) | | | | |
| १७. | समस्यामा परेका अपाङ्गता भएका व्यक्तिको व्यवस्थापन सम्बन्धी कार्य भएको (स्थानीय सरकार सञ्चालन ऐन दफा ११त) | | | | |
| १८. | वडाभित्रका आर्थिक तथा सामाजिक रूपमा पछि परेका अपाङ्गता भएका व्यक्तिको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी वडा समितिबाट काम भएको (स्थानीय सरकार सञ्चालन ऐन दफा १२ग) | | | | |
| १९. | स्थानीय योजना तर्जुमा तथा कार्यान्वयन गर्दा अपाङ्गता भएका व्यक्तिको सहभागिता हुने गरेको (स्थानीय सरकार सञ्चालन ऐन दफा २४) | | | | |

६. ज्येष्ठ नागरिकको अधिकारका लागि स्थानीय तहको स्वःमूल्याङ्कन गर्ने आधारभूत रुजु–सूची

| क्र.सं. | विषय | अवस्था | | अवस्था स्वःमूल्याङ्कनः ० देखि ४ नं उल्लेख गर्ने | सुधारका लागि स्थानीय तहले चाल्ने कदम के–के हुन सक्छन् । |
|---|---|---|---|---|---|
| | | छ | छैन | (०–छैन, १–छलफल हुँदैछ, २–केही मात्र भएको छ, ३–आंशिक छ, ४–पूर्ण छ) | |
| १. | सबै ज्येष्ठ नागरिकलाई सम्मान गरिनुका साथै स्थानीय तहमा रहेका विशेष योग्यता वा अनुभव हासिल गरेका ज्येष्ठ नागरिकबाट सेवा लिने गरिएको (ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ दफा ३ र ७) | | | | |
| २. | ज्येष्ठ नागरिकको जीवनयापनमा समस्या देखिएमा नि जका सन्तान वा हकवालाबाट मासिक रूपमा तोकिएको रकम खातामा जम्मा गर्न लगाउने गरिएको तथा न्यूनतम आम्दानी नभएका व्यक्तिको हकमा ज्येष्ठ नागरिकको न्यूनतम आधारभूत आवश्यकता पूरा गर्ने दायित्व स्थानीय तहले बहन गर्ने गरेको (ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ दफा ८ क) | | | | |
| ३. | ज्येष्ठ नागरिकसम्बन्धी निवेदन एवम् उजुरीको सुनुवाइ सरल एवम् द्रुत प्रक्रियाबाट सम्पादन गर्न आवश्यक कार्यविधि बनाइ लागु गरिएको (ऐ दफा) | | | | |
| ४. | ज्येष्ठ नागरिकको विस्तृत विवरण अद्यावधिक गरिएको (ऐ दफा तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा ११त) | | | | |
| ५. | सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग उपलब्ध हुने गरेको (ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ दफा ९) | | | | |
| ६. | सार्वजनिक सवारी साधनमा दुई सीट आरक्षण र कम्तिमा ५० प्रतिशत छुट हुने गरेको (ऐ दफा ९) | | | | |
| ७. | ज्येष्ठ नागरिकसँग सम्बन्धित कामलाई प्राथमिकता दिई सम्पादन गर्ने गरिएको (ऐ दफा ११) | | | | |
| ८. | स्थानीय ज्येष्ठ नागरिक समिति गठन भई क्रियाशील भएको (ऐ दफा १५) | | | | |
| ९. | स्थानीय ज्येष्ठ नागरिक हेरचाह केन्द्र वा दिवा सेवा केन्द, ज्येष्ठ नागरिक क्लब, भेटघाट स्थल, आश्रय केन्द्र, ज्येष्ठ नागरिक केन्द्र स्थापना, व्यवस्थापन र सञ्चालन भएको (ऐ दफा २० तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ त) | | | | |

| क्र.सं. | विषय | अवस्था | | अवस्था स्वःमूल्याङ्कनः ० देखि ४ नं उल्लेख गर्ने (०–छैन, १–छलफल हुँदैछ, २–केही मात्र भएको छ, ३–आंशिक छ, ४–पूर्ण छ) | सुधारका लागि स्थानीय तहले चाल्ने कदम के–के हुन सक्छन्। |
|---|---|---|---|---|---|
| | | छ | छैन | | |
| १०. | स्थानीय तहका सबै योग्य ज्येष्ठ नागरिकले तोकिएको भत्ता, सामाजिक सुरक्षा वा सुविधा प्राप्त गरेको (ज्येष्ठ नागरिकसम्बन्धी ऐन दफा २४ तथा स्थानीय सरकार सञ्चालन ऐन दफा ११त) | | | | |
| ११. | स्थानीय तहका सबै ज्येष्ठ नागरिकलाई परिचयपत्र उपलब्ध गराइएको (ज्येष्ठ नागरिकसम्बन्धी ऐन दफा २५ तथा स्थानीय सरकार सञ्चालन ऐन दफा ११ त) | | | | |
| १२. | समस्यामा परेका ज्येष्ठ नागरिकको व्यवस्थापनसम्बन्धी कार्य भएको (स्थानीय सरकार सञ्चालन ऐन दफा ११त) | | | | |
| १३. | वडाभित्रका आर्थिक तथा सामाजिक रूपमा पछि परेका ज्येष्ठ नागरिकको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी वडा समितिबाट काम भएको (स्थानीय सरकार सञ्चालन ऐन दफा १२ग) | | | | |
| १४. | स्थानीय योजना तर्जुमा तथा कार्यान्वयन गर्दा ज्येष्ठ नागरिकको सहभागिता हुने गरेको (स्थानीय सरकार सञ्चालन ऐन दफा २४) | | | | |
| १५. | ज्येष्ठ नागरिक मनोरञ्जनस्थल भएको नभएको (स्थानीय सरकार सञ्चालन ऐन दफा ८ग) | | | | |
| १६. | ज्येष्ठ नागरिकको सम्मानका साथै ज्ञान, सीप तथा अनुभव पुस्ता हस्तान्तरणसम्बन्धी सचेतना लगायतका कार्यक्रम हुने गरेको (ज्येष्ठ नागरिक ऐन दफा ८ क) | | | | |

७. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको लागि स्थानीय तहको स्वमूल्याङ्कन गर्ने आधारभूत जाँच–सूची

| क्र.सं. | विषय | अवस्था | | अवस्था स्वःमूल्याङ्कनः ० देखि ४ नं उल्लेख गर्ने | सुधारका लागि स्थानीय तहले चाल्ने कदम के के हुन सक्छन् । |
|---|---|---|---|---|---|
| | | छ | छैन | (०–छैन, १–छलफल हुँदैछ, २–केही मात्रै भएको छ, ३–आंशिक छ, ४–पूर्ण छ) | |
| १ | कानुनी तथा नीतिगत व्यवस्था, कार्ययोजना | | | | |
| २ | कानुनी तथा नीतिगत संरचना | | | | |
| ३ | कानुनी तथा नीतिगत व्यवस्था, कार्ययोजनाको कार्यान्वयन | | | | |
| ४ | पहिचान र कानुनी मान्यता : नागरिकता, राहदानी, विवाह दर्ता आदि | | | | |
| ५ | यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकमैत्री सेवा, पहुँच, सहभागिता र सुनिश्चिता (स्वास्थ्य, शिक्षा, रोजगार आदि) | | | | |
| ६ | नेतृत्व विकास : सशक्तिकरणसम्बन्धी कार्यक्रम | | | | |
| ७ | विद्यालय तहमा यौनिक तथा लैङ्गिक शिक्षा | | | | |
| ८ | उजुरी र गुनासो प्रणालीमा पहुँच र गोपनियता | | | | |
| ९ | सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम | | | | |
| १० | आपतकालीन अवस्थामा राहत तथा पुनःस्थापनासम्बन्धी कार्यक्रम | | | | |
| ११ | यौनिक तथा लैङ्गिक हिसाविरुद्धको भेदभाव, दुव्यवहार र सुरक्षा | | | | |

यस्तै प्रकारले अन्य विषयगत क्षेत्रको पनि स्थानीय अवस्था एवम् आवश्यकतानुरूप सङ्क्षिप्त रुजु–सूची निर्माण गर्न सकिने छ ।

## सन्दर्भ–समाग्री


- इन्सेक (२०७५), स्थानीय तह र मानव अधिकार। काठमाडौँः इन्सेक।
- क्रुफ्ट आर, लियो एसएम र रेन्जो एम (२०१५), द फिलोसफिकल फाउण्डेसन अफ ह्युमन राइट्सः एन ओभरभ्यु"।
- चन्द्रलेखा श्रीराम, ओल्गा मार्टिन(ओर्टेगा र जोहना हरमन, वार, कन्फ्लिक्ट एण्ड ह्युमन राइट्स, अक्सफोर्ड रिसर्च इन्साइक्लोपेडिया"।
- नेपालको संविधान २०७२।
- नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय (२०७९) मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/०७८ – २०८१/०८२) तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (२०७८ – २०८२)। सिंहदरवारः प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय।
- न्यूरेम्बर्ग चार्टर एण्ड ट्रिबुनल https://www.un.org/en/genocideprevention/documents/atrocity-crimes/Doc.2_Charter%20of%20IMT%201945.pdf
- फिलोसफिकल फाउण्डेसन्स अफ ह्युमन राइट्स, अक्सफोर्ड युनिभरसिटि प्रेस। मौलिक हक सम्बन्धी ऐनहरू (२०७६), काठमाण्डौं, पैरवी प्रकाशन,
- मौलिक हकसम्बन्धी ऐनका नियमहरूस् मौजुदा कानूनहरु श्र नियमहरु – नेपाल कानून आयोग (lawcommission.gov.np)
- युएनडीपी (२००६)। इण्डिकेटर्स फर हयुमन राइट्स वेस्ड एप्रोचेज टु डेभलपमेन्ट इन युएनडीपी प्रोग्रामिड। न्युयोर्कः युएनडीपी।
- युएनडीपी (२०११) गाइड फर लोकल प्लानिड फ्रम अ ह्युमन राइट्स वेस्ड एप्रोच। अर्जेन्टिनाः युएनडीपी।
- युनाइटेड सिटीज एण्ड लोकल गर्वमेन्ट्स (२०१६)। ग्लोवल चार्टरः एजेण्डा फर ह्युमन राइट्स फर द सिटी। वार्सिलोनाः युनाइटेड सिटीज एण्ड लोकल गर्वमेन्ट्स।
- युरोपियन युनियन फर फण्डामेण्टल राइट्स (२०१६) फण्डामेण्टल राइट्स वेस्ड पुलिस ट्रेनिड। भियनाः युरोपियन युनियन फर फण्डामेण्टल राइट्स। स्थानीय सरकार सञ्चालन ऐन २०७४
- राष्ट्रिय न्यायिक प्रतिष्ठान (२०७१), न्याय प्रशासनमा मानव अधिकार स्रोत सामाग्री भाग १ र भाग २। राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल।
- राष्ट्रिय मानव अधिकार आयोग (२०७०), सुरक्षाकर्मीहरूका लागि मानव अधिकार स्रोत पुस्तिका। ललितपुरः राष्ट्रिय मानव अधिकार आयोग।
- राष्ट्रिय मानव अधिकार आयोग (२०७५), मुलुक, प्रदेश र जिल्लाका मानव अधिकार प्राथमिकताका पाँच प्रमुख विषयको अध्ययन प्रतिवेदन, ललितपुरः राष्ट्रिय मानव अधिकार आयोग।
- राष्ट्रिय मानव अधिकार आयोग (२०७७), ज्येष्ठ नागरिकको मानव अधिकार अवस्था प्रतिवेदन। ललितपुरः राष्ट्रिय मानव अधिकार आयोग।
- राष्ट्रिय मानव अधिकार आयोग (२०७५), विकासका लागि मानव अधिकारमुखी पद्धति। ललितपुर : राष्ट्रिय मानव अधिकार आयोग।
- राष्ट्रिय मानव अधिकार आयोग (२०७५), विवाद समाधानमा स्थानीय तह। ललितपुर : राष्ट्रिय मानव अधिकार आयोग।
- रिलिजन एण्ड द ह्युमन राइट्स स्ट्याण्डर्स, ह्युमन राइट्स सेन्टर एटेनियो पापिस्का https://oxfordre.com/internationalstudies/display/10.1093/acrefore/9780190846626.001.0001/acrefore-9780190846626-e-494?d=%2F10.1093%2Facrefore%2F9780190846626.001.0001%2Facrefore-9780190846626-e-494&p=emailA2ixNCUFuT3yg
- सिवाकोटी कैलाशकुमार (२०८१), मानव अधिकार र मानवीय कानुनको आयाम, भाग १ र २, पैरवी बुक हाउस।
- हिस्ट्रि अफ द आइएलओ, https://www.ilo.org/about-ilo/history-ilo

https://unipd-centrodirittiumani.it/en/topics/religion-and-the-international-human-rights-standards-1

## पुस्तक तयारीको क्रममा विभिन्न ठाउँमा सरोकारवालाहरूसँग भएका छलफल कार्यक्रममा लिइएका तस्वीरहरू


मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्यपोजना
PREMIUM







Review of HR Resource Book from
Gender and Intersectionality Perspective


Opening Soon...
Gautam Hotel Bardibas Pvt. Ltd.
At your service since 2002
Mithila Municipality-09,
Lalgadh (Dhanusha)
4 km. ahead (East)
Man is great by heart
not by caste













# आयोगका कार्यालयहरू




**केन्द्रीय कार्यालय – १**

**प्रदेश कार्यालय – ७**

**प्रदेश शाखा कार्यालय – ३**